CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रज्ञाप्रवाह

प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल

वाल्मीकि क्याम्पस एकाई समिति

काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रज्ञाप्रवाह

वर्ष २ अंक २ २०६८

एकाइ समितिका पदाधिकारीहरु

डा. लालमणि पाण्डेय	*अध्यक्ष*
लालमणि काफ्ले	*उपाध्यक्ष*
गणेशप्रसाद घिमिरे	*सचिव*
केशवप्रसाद कोइराला	*कोषाध्यक्ष*
भवानीप्रसाद खतिवडा	*सदस्य*
नारायणप्रसाद बराल	*सदस्य*
रामचन्द्र सुवेदी	*सदस्य*
विमला शर्मा	*सदस्य*
राजनारायण ठाकुर	*सदस्य*
नारायणप्रसाद नेपाल	*सदस्य*

प्रधान सम्पादक

डा. लालमणि पाण्डेय

सम्पादक मण्डल

गणेशप्रसाद घिमिरे

डा. भेषराज अर्याल

भीमप्रसाद कण्डेल

वासुदेव खनाल

विमला शर्मा

केशवप्रसाद कोइराला

प्रजातन्त्रवादी प्राध्यापक संघ, नेपाल

वाल्मीकि क्याम्पस एकाई समिति

काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

१. लम्वनविमर्शः/नारायणराज दाहाल ५

२. भू परिधि विमर्श/उपप्रा शिवराज सुवेदी ७

३. "अश्वत्थामा" नाट्यकाव्यमा ध्वनित मानवतावाद/ध्रुवप्रसाद भट्टराई ११

४. नेपालमा सहकारी परम्परा र वर्तमान/उपप्रा. शम्भुराज गौतम १६

५. पाणिनीय व्याकरणमा निपातनको प्रयोग/उपप्रा. नारायणप्रसाद पौडेल १९

६. विकलको एउटा बूढो भ्वाइलेन आशावरीको धूनमा :
एक टिपोट/सहप्राध्यापक नवराज कट्टेल २५

७. **Transit Of Venus /*Jayanta Acharya*** **31**

८. समासशक्तिस्वरूपम्/उपप्रा.रामचन्द्रकण्डेलः ३४

९. अलङ्कारशास्त्र र परम्परा/सह.प्रा. श्रीराम सापकोटा ३७

१०. जीवनका चार लक्ष्य/माधवप्रसाद लामिछाने ४२

११. **On Fixed Point Results/Dinesh Panthi** **48**

१२. श्राद्ध र धार्मिक पक्ष/मधुसूदन भट्टराई ५४

१३. लीलालेखन एक दृष्टि/गणेशप्रसाद घिमिरे ५७

१४. अपत्यविमर्श/खुमाकान्त रेग्मी ६१

१५. विश्वनाथसम्मत काव्यदोष/नन्दन भट्टराई ७२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पादकीय

प्रज्ञाप्रवाह को दोस्रो पुष्पले ढोका उघारेको छ । ढोका उघार्दा भित्रको विविधतामा यो रमेको पनि छ । दोस्रो पुष्पलाई पनि विद्वान्‌वर्गको यथोचित माया उपलब्ध हुनेछ । यसको सजावट, रखाइ, साजसज्जामा विविधता प्रयोग गर्ने हाम्रो अभिलाषा थियो, तर समयको वेगले हामीलाई यो स्वरूपमा पुऱ्याएको छ । यसको दोस्रो पुष्पलाई प्राज्ञहरुका माझमा पुऱ्याउँदा हामी अति हर्षित छौं ।

मानव सभ्यता एकाएक वैज्ञानिक युगको चरम उपलब्धतामा रमेको छ, युवापुस्ता आधुनिकताको रमझममा बगेको छ । मानव सभ्यताले आफ्नो अस्तित्वलाई विकास र सामाजिक उत्थानमा क्रियाशील तुल्याएको छ, तर प्राज्ञ सदा देश, राष्ट्र र मानव विकासको उत्थानमा सदा प्रयत्नरत प्राणीका रुपमा उभिएको एउटा सभ्य, सचेत, जागरुक, हितचिन्तक वर्ग हो । ज्ञानको उज्यालो प्रकाशले सभ्य नागरिकको जन्म हुन्छ र उसले सामाजिक सभ्यताका सडनहरुलाई गलाएर सुसंस्कृत समाज निर्माण गर्छ भन्नेमा प्राज्ञवर्ग अझ पनि विश्वासको सानो आसामा बाँचेको वर्ग हो भन्ने हाम्रो ठम्याइ हो । यसरी समाजका विविधता, चेतनाका साझा संस्कारमा कलमको टुप्पोलाई घिसारेर समाजका यावत कुरामा अर्जुनदृष्टि राख्ने वर्गको यो सत्प्रयासले माया, ममता र स्नेहको कुटुरो पाएकोमा हामी एक्कासी हौसिएका छौं । हाम्रो लक्ष्य र साझा बहसले प्राज्ञ र **प्रज्ञाप्रवाह**को भविष्यलाई उन्नत बनाउने कुरामा पूर्ण विश्वसित हुँदै यसको उन्नयनमा साझा पहिचान र मूर्तता विद्यमान रहने नै छ भन्ने आशाको सानो त्यान्द्रोमा हामी अल्झिएका छौं ।

यस अङ्‌कलाई आफ्ना अमूल्य लेख रचनाहरु उपलब्ध गराउने प्राज्ञहरुमा हामी आभार प्रकट गर्दछौं । यसको उत्थानमा यहाँहरुले सुम्पेको मायालाई जीवन्त राख्ने वाचा समेत गर्दछौं ।

अन्तमा हाम्रो यो प्रयासले पुनः तेस्रो पुष्पलाई समेत प्राज्ञहरुका बीचमा उभ्याउने अभिलाषा राखेका कारण केही समयको अन्तराललाई यसले पर्खेर बसेको छ । केही समयको अन्तरालमा यसको तेस्रो कुटुरो फुकाउने वाचा सहित ओझेलमा पर्न चाहन्छौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लम्बनविमर्शः

- *नारायणराज दाहाल*
सह-प्राध्यापक
वाल्मीकि विद्यापीठ

यथा शिखा मयूराणां नागानां मणयो यथा ।
तद्वद् वेदाङ्ग शास्त्रणां ज्यौतिषं मूर्ध्नि वर्तते ।

किन्नाम मूर्ध्नि स्थितं ज्योतिषमिति प्रश्ने ज्योतींषि प्रतिपाद्यन्ते यस्मिन् अथवा प्रकाश्यन्ते ग्रहनक्षत्रादीनि अनेन इति । ज्योतिषशास्त्रन्तु प्रत्यक्षम् यत्र चन्द्रार्कौ सक्षिणौ वर्तेते । चन्द्रार्कौ यदा कदा ग्रहणकवलितौ भवतः । अत्र सूर्यग्रहणसाधनकाले अत्यावश्यकसाधनभूतलम्वनविषयः प्रस्तूयते । किंनाम लम्वनमिति प्रसङ्गे भास्करकथनं यथा:-

दर्शान्तकालेऽपि समौ रवीन्दू द्रष्टा न तौ येन विभिन्न कक्षौ ।
क्वर्धोच्छ्रितः पश्यति नैकसूत्रे तल्लम्वने तेन नतिं च वच्मि ।१।

सि.शि. सूर्यग्रहणाधिकार

गर्भीयग्रहात् पृष्ठीयग्रहं यावत् लम्वितः तावत् लम्वनमुच्यते । तत्र दृग्वृते यद् लम्वनं तद् दृग्लम्वनमुच्यते । क्रान्तिवृत्ते यत् तद् स्पष्टलम्वनमुच्यते तथा रविगोले यत्र क्रान्तिवृत्ते तद् गते गोलकेन्द्रात् यत् सूत्रं भवेत् गर्भसूत्रं कथ्यते तदेव सूत्रं चन्द्रगोले यत्र लग्नं तत्र गर्भीयरविः । तथा च पृष्ठस्थानात् रविगोलीयं रविगतं सूत्रं पृष्ठसूत्रं कथ्यते । तत् यत्र चन्द्रगोले लग्नं तत्र पृष्ठीयरविः । अत्र गर्भसूत्रं पृष्ठसूत्रं भूव्यासार्धः इति । त्रिभुजस्य दृग्मण्डलभूतलगतत्वात् चन्द्रगोले यत्र पृष्ठीयरविः पृष्ठीयसूत्रादिभन्न चन्द्रगोले प्रदेशे सिद्धः । तदुपरिगतं दृङ्मण्डलं गर्भीयरविगतं भवति एव । अतस्तद् दृङ्मण्डले पृष्ठीयग्रहात् गर्भीयग्रहावधि दृग्लम्वनमुच्यते । दृङ्वृत्तीयं लम्वनं दृग्लम्वनम् इति ।

तत्र पृष्ठीयरविः उपरिगतं कदम्वप्रोतवृत्त क्रान्तिवृत्तयोः साम्यत् गर्भीयग्रहावधि क्रान्तिवृत्ते स्पष्टलम्वनमुच्यते ।

पृष्ठीयरवि उपरिगतकदम्वप्रोतवृत्ते पृष्ठीयग्रहात् क्रान्तिवृत्तावधि नतिरुच्यते ।

तत्रचन्द्रगोले गर्भसूत्रात् पृष्ठसूत्रस्य खस्वस्तिकासन्नस्थितत्वात् पृष्ठीयरविः खस्वस्तिका सन्नस्थः । परन्तु गर्भीयपृष्ठीयसूत्रद्वयम् रविगोलीयरविकेन्द्रे योगं कृत्वा उपरिभागे खगोलावधि वर्द्धितं तत्खमध्यासन्नस्थो गर्भीयरविरेव भवति । तत्र चन्द्रगोले परकपाले रविगतेः अधिकगतिमानचन्द्रः स्वगत्या प्रथमं गर्भीयरविणा योगं कृत्वा पश्चात् पृष्ठसूत्रस्थपृष्ठीयरविणाऽभिरमते । अत प्रथमं तत्र गर्भीयदर्शान्तः पश्चात् पृष्ठीयदर्शान्तः भवति । पूर्वकपाले तु चन्द्रः प्रथमं पृष्ठसूत्रस्थपृष्ठीयरविणा मिलित्वा पश्चात् गर्भीयरविणा मिलति । अतः पूर्वकपाले प्रथमं पृष्ठीयदर्शान्तः पश्चात् गर्भीयदर्शान्तः सम्भवति ।

गर्भीयपृष्ठीयदर्शान्तकालयोः अन्तरं लम्वनकालः ।

खस्वस्तिके लम्वनस्याभावः भवति । यतः गर्भ पृष्ठसूत्रयोः एकत्वात् तदन्तरा भावः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रान्तिवृत्तक्षितिजवृत्तसंपातः प्राग् भागगतप्रथमलग्नमुच्यते । तस्मात् नवत्यंशेन यद् वृत्तं क्रियते तद् दृक्क्षेपवृत्तमुच्यते तत् यत्र खस्वस्तिकासन्नभागे क्रान्तिवृत्ते लगति तत्र वित्रिभलग्नम् । तत्र दृक्क्षेपवृत्तं यदा रविर्याति तदा दृग्वृत्तकदम्बप्रोतवृत्तयोः ऐक्यवत् क्रान्तिवृत्तेऽन्तराभावात् तत्र पृष्ठलम्वनाभावः । तत्र दृग्लम्वन तुल्यैव नतिः सिद्धः । ततो यथा यथा क्षितिजाभिमुखं रविर्याति तथा तथा दृग्लम्वनस्य पृष्ठलम्वनस्य च उत्तरोत्तराधिकत्वं भवति ।

गर्भपृष्ठसूत्राभ्यां यद् दृग्लम्वनम् उच्यते तस्य उदयास्तक्षितिजे यन्मानं ततोऽधिकं गर्भक्षितिजे, ततोऽधिकं पृष्ठक्षितिजे, ततोऽधिकं दृक्क्षितिजे दृग्लम्वनं भवति । ततः उर्ध्वं क्रमशोऽप्रचीयमानं भवति वित्रिभलग्नस्थलं शून्यं भवति ।

"दर्शान्तलग्नं प्रथमं विधाय नलम्वनं वित्रिभलग्नतुल्ये ।२।

सि.शि.सूर्य ग्रहणाधिकारः

त्रिस्कन्ध ज्योतिषमर्मज्ञ पण्डित सीतारमशर्मणा स्वरचित "गोलपरिभाषा" नामक लघु ग्रन्थे सरलतया उक्त विषयम् प्रस्तुतम् यथा-

दृष्टिस्थानवशात् खेटो भगोले दृश्यते पृथक् ।
गर्भदृष्ट्या स गर्भीयः पृष्ठीयः पृष्ठदृग्वशात् ॥७४॥
कुगर्भीय कुपृष्ठीय खेटयो रन्तरं हि यत् ।
दृङ्मण्डल गतत्वात्तद् दृग्लम्वन मिहोच्यते ॥७५॥
तद् ग्रहद्वय संलग्न कदम्वप्रोतवृत्तयोः ।
क्रान्तिवृत्तेऽन्तरं यत् स्यात् तत्स्फुटं लम्वनं स्मृतम् ॥७६॥- गोलपरिभाषा

<u>सन्दर्भग्रन्थाः</u>

१. सं. कपिलदेव शास्त्री- सूर्य सिद्धान्तः- चौखम्वा सुरभारति, प्र.तृ. २०३५ वि.वाराणसी ।
२. भास्कराचार्य- सिद्धान्त शिरोमणि- चौखम्वा संस्कृत सं. प्र.चतु. २००८ ई., वाराणसी ।
३. सीताराम शास्त्री- गोलपरिभाषा माष्टर खेलाडी लाल एण्ड सन्स- तृतीय सं., १९४८ ई.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भू परिधि विमर्श

उपप्रा शिवराज सुवेदी
(शिवदास)

पृथिवीको परिधिमान आजभोलि सामान्य ज्ञान भित्रै पर्छ तर यति विशाल धरतीको परिधि मापन गर्न आधुनिक प्रविधि विना प्राचीन ज्योतिर्गणकहरूलाई सजिलो थिएन। पृथिवीको परिधि पनि स्पष्ट र मध्यम गरी दुई प्रकारका छन्। मध्यम भूपरिधि भन्नाले पृथीवीको विषुवदीय परिधि बुझिन्छ भने स्पष्ट भूपरिधि भन्नाले त्यो विषुवदीय परिधिको समानान्तर अक्षांश वारवर ध्रुवाभिमुख मध्यम भूपरिधि भन्दा सानो परिधि लाई बुझिन्छ। विषुवद् देखि ध्रवसम्म ९० अंशा हुन्छ। त्यसमा विषुवद् देखि स्वस्थान सम्म अक्षंशा र स्वस्थान देखि ध्रुवसम्म लंवांशा हुन्छन्। अक्षांश र लंवांशको जोड ९०° हुन्छ। तसर्थ स्पष्ट भूपरिधि भन्नाले पृथिवीको ध्रुवस्थानवाट लंवांश त्रिज्याले वनाइएको वृत्त हो। जति धेरै लंवाश भयो त्यति धेरै स्पष्ट भूपरिधि हुन्छ।जव लंवाश त्रिज्या वरावर हुन्छ तव स्पष्ट भूपरिधि नै मध्यम भूपरिधि हुन्छ। ध्रुवमा लंवांशा पनि शूण्य , स्पष्ट भूपरिधि पनि शूण्य हुन्छ। प्रस्तुत लेखमा भूपरिधि गणनाको प्राचीन र आधुनिक पद्धतिवीच तूलना गरिन्छ।

प्राचीनहरूले पृथिवीको परिधि गणना गर्न खास गरी निम्न उल्लिखित उपाय अवलंवन गरेको पाइन्छ। ध्रुवोन्नति अन्तर पद्धति- " पुरान्तरं चेदिदमुत्तरं स्यात् तदक्षविश्लेषलवैस्तदा किम्। चक्रांशकैरित्यनुपातयुक्त्या युक्तं निरुक्तं परिधेः प्रमाणम् ॥" अर्थात् पूर्वादि दिशाबोध गरिसके पछि कुनै दुई याम्योत्तर शहरहरूको दूरी मापन गर्ने। त्यस पछि दुवै शहरवाट ध्रुवताराको उन्नति मापन गर्ने। किनभने ध्रुवतारा क्षितिजवाट अक्षांशा वरावर उन्नत हुन्छ। यसरी ती दुई शहरको अक्षांशा जानी सकेपछि अक्षंशान्तर निकाल्ने। र अनुपात गर्ने यदि अक्षंशान्तरले ती दुई शहर बीचको दुरी पाउँछ भने ३६०° ले कति पाउँछ ?

$$\text{मध्यम भूपरिधि} = \frac{\text{दुई शहरबीचको दूरी}}{\text{अक्षांशान्तर}} \times ३६०^\circ$$

भास्कराचार्यले यसरी गणना गरी सिद्धान्त शिरोमणिमा लेख्छन् - प्रोक्तो योजनसंख्यका कुपरिधिः सप्तांगनन्दाव्दयः २९६७ योजन(१० माइल = १ योजन)। मुनीश्वरले आफ्नो सिद्धान्तशेखरमा- योजनै खखखवाणसंम्मितैः भूमिगोलपरिधिः प्रकीर्तितः भनी जुन भूपरिधि मान दिए त्यो पनि अत्यन्त स्थूल छ। गौरवको कुरा के भने प्राचीन गणकहरूले अवलंवन गरेको पद्धति सही थियो, प्रयोग मात्र भिन्न हो। व्यवहारमा दुई शहरवीचका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दूरीको सूक्ष्म मापन नभएकोले नै यो स्थूलत्व देखिएको कुरा स्पष्ठ छ। भूपरिधिको सूक्ष्ममान २५०० योजन मान्छन् वेंकटेश केतकरले -पुरान्तरं सूक्ष्मतरं सुयन्त्रैः विद्वद्वरैः अर्धुनिकैः प्रमाय। शूण्याभ्रतत्वोन्मितयोजनानि विनिश्चितं भूपरिधेः प्रमाणम् ॥ आधुनिक गण्कहरूले पृथिवीको परिधि भूमिति पद्धतिले स्पष्टतया ल्याउँछन् जो केतकरको परिधि सित लगभग १ योजन मात्र फरक पर्छ।

क्षेत्रमा लउ वरावर समुद्रतटीय उचाइवाट कुनै ग्रह स्प विन्दुमा उदाएको देखिन्छ। ल भूपृष्ठवाट हेर्दा त्यही ग्रह क विन्दुमा आउँदा मात्र देखिन्छ। यदि हामीलाई उल को मान, तथा लउक कोणको मान थाह भए, स्पके पृथिवीको अर्धव्यास थाह पाउन सकिन्छ।



त्रिभुज लउक मा कोणनुपात गर्दा -

कल = लउ × ज्या ? लउक / कोज्या?लउक

केलक त्रिभुजमा

लके = कल × कोज्या? लकेक / ज्या ? लकेक

लके × २ =भूव्यास।

३९७८·९ × २ = ७९५७·८ माइल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यासे भनन्दाग्नि हते इत्यादिना भूपरिधि =२५०१० माइल। २५०१० र १० = २५०१ =सूक्ष्म भूपरिधि। यस प्रकार मध्यम भूपरिधि ल्याए पछि स्पष्ट भूपरिधि गणना गर्न भास्कराचार्यले सूत्र वनाउँछन् -लम्वज्यागुणितो भवेत् कुपरिधिभिः स्पष्टत्रिभज्याहृतो ॥ अर्थात्

$$\text{स्पष्ट भूपरिधि} = \frac{\text{मध्यम भूपरिधि} \times \text{लम्वज्या}}{\text{त्रि}}$$

उपपत्तिः

पृथिवकिो ध्रुवस्थानवाट लम्वज्या तुल्य त्रिज्याले वनाएको वृत्त नै स्पष्ट भूपरिधि भएकाले लम्वज्याको अनुपातमा स्पष्टभूपरिधि हुन्छ। ध्रुवस्थानमा वस्ने व्यक्तिकालागि लम्वज्या = ०

स्पष्टभूपरिधि =०। विषुवत् स्थानमा वस्नेका लागि लम्वज्या = त्रिज्या, स्पष्टभूपरिधि = मध्यम भूपरिधि। जव जव लम्वज्या वढ्छ तव तव स्पष्टभूपरिधि पनि वढ्छ। तसर्थ अनुपात गर्न सकिन्छ कि -त्रिज्या तुल्य लम्वज्याले मध्यम भूपरिधितुल्य स्पष्ट भूपरिधि पाउँछ भने इष्ट लम्वज्याले कति ? फल स्पष्ट भूपरिधि। जस्तो काठमाण्डूको स्पष्ट भूपरिधि =

काठमाण्डूको अक्षांश =२७°४२८ , लंवांश ९०°-२७°४२८= ६२° १८ ८

$$\frac{\text{२५०१० माइल} \times \text{ज्या६२° १८ ८}}{\text{त्रि}} = \text{२२१४३·७ माइल ।}$$

यस प्रकार स्पष्ट भूपरिधि निकाली देशान्तर संकार गरिन्छ। रेखादेश र स्वदेशको अन्तर सम्वन्धी संस्कार नै देशान्तर संस्कार हो , स्पष्टभूपरिधि त्यसैका लागि अपरिहार्य छ। पृथिवीले ६६°ध्रुवतिर झुकी पूर्वाभिमुख अक्षभ्रमण गर्दा स्वदेश पनि स्पष्ट भूपरिधिको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
वृत्तमा अक्ष भ्रमण गरिरहन्छ। रेखादेश र स्वदेशको अन्तर पनि स्पष्ट भूपरिधिमै मापन गरिन्छ। जस्तो काठमाण्डुमा रेखादेश र स्वदेशको अन्तर =८५°१९८ पूर्व निकाल्दा अनुपात- २२१४३·७ माइल स्पष्ट भूपरिधिले ३६०° पाउँछ भने रेखादेश देखि काठमाण्डु सम्मको दूरीले कति पाउँछ ? फल ८५°१९८ हुन्छ।प्राचीनहरूले रेखादेश र स्वदेशको अन्तर ग्रहण स्पर्शकालको अन्तरानुपात द्वारा थाह पाएका हुन्। गणितागत ग्रहण स्पर्शकाल र स्थानीय स्पर्शकालको अन्तर नै रेखादेश र स्वदेशो समयान्तर हो यो कुरा बुझेर अनुपात गरे- यदि २४ घण्टाले ३६०° पाउँछ भने ग्रहण स्पर्शकालानन्तरले कति ? फल काठमाण्डुको हकमा ८५°१९८ भयो। तर यो पूर्वी रेखान्तर हो कि पश्चिमी भन्दा यदि गणितागत स्पर्शकाल भन्दा स्थानीय स्पर्शकाल पछि भए स्वदेश रेखादेश भन्दा पूर्व हुन्छ किनभने चन्द्रमा आफ्नो कक्षामा पूर्वाभिमुख गतिले आउँदा पहिले ग्रीनविचमै स्पर्श त्यस पछि काठमाण्डुमा। यदि गणितागत स्पर्शकाल भन्दा पहिलेनै स्थानीय स्पर्श भएमा स्वदेश रेखादेश भन्दा पश्चिम छ भन्ने बुझिन्छ। यसप्रकार रेखादेश र स्वदेशको अन्तर काठमाढडुको हकमा ५ घण्टा ४५ मिनेट थाह पाए पछि रेखादेश र स्वदेशको दूरी स्पष्टभूपरिधि थाह छ भने सजिलै निकाल्न सकिन्छ। अस्तु।

सन्दर्भ ग्रन्थ सूचि

१ केतकी ग्रहगणितम् , वेंकटेश केतकर, १८५०
२ सूर्य सिद्धान्त , चौखम्वा संस्कृत संस्थान, तृतीय संस्करण २०३५
३ गोलाध्याय, भास्कराचार्य, केदारदत्तटीकोपेत: १९८८ वाराणासी
४ सिद्धान्तशेखर, मुनीश्वरकृत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"अश्वत्थामा" नाट्यकाव्यमा ध्वनित मानवतावाद

ध्रुवप्रसाद भट्टराई

सहप्राध्यापक

वाल्मीकि विद्यापीठ, नेसंवि.

१. विषयप्रवेश

राष्ट्रकवि माधवप्रसाद घिमिरे (१९७६) ले साढे सात दशकभन्दा लामो काव्ययात्रा पूरा गरिसकेका छन् । यो काव्ययात्रा पूर्वार्ध (१९९२-२०२२) र उत्तरार्ध (२०२३- हालसम्म) गरी दुई कालखण्डमा बाँडिएको छ र पूर्वार्धमा तीन चरण र उत्तरार्धमा चार चरण गरी समग्रत: सात चरणको उपविभाजन पनि भएको छ । यीमध्ये उत्तरार्धको पाँचौं र समग्रमा सातौं चरण २०५३ मा प्रारम्भ भई गतिशील रहेको छ । यही सातौं चरणको प्रारम्भ गर्ने कृति अश्वत्थामा' (२०५३) नाट्यकाव्य हो । अश्वत्थामा' को प्रकाशनदेखि अहिले (२०६८) सम्मको अवधि राष्ट्रकवि घिमिरेको काव्यसाधनाको पछिल्लो चरणको रूपमा रहिआएको छ । यस चरणमा उनको दार्शनिक चिन्तनप्रधान प्रौढ भाव र विचारको सतत प्रवाह भएको छ । यस चरणलाई आर्ष दार्शनिक चिन्तनसिञ्चित प्रौढ भावना कुसुमित काल भनेर पनि चिनाउने गरेको पाइन्छ । यस चरणको प्रारम्भ गर्ने मात्र नभई प्रतिनिधि कृति बनेको अश्वत्थामा' नाट्यकाव्य राष्ट्रकवि घिमिरेमा सन्निहित मानवतावादी विचारको सशक्त ध्वनि हो । यस लेखमा प्रस्तुत कृतिमा व्यक्त मानवतावादी ध्वनिलाई कृतिका प्रमुख व्यक्ति र तिनका प्रतिनिधि अभिव्यक्तिका माध्यमबाट पर्गेल्न खोजिएको छ ।

२. नाट्यकाव्यका रूपमा अश्वत्थामा

नाट्य र काव्यको समन्वित रूप नाट्यकाव्य हो । भाव काव्यात्मक र प्रस्तुतीकरण नाट्यात्मक भएको साहित्यिक विधा नाट्यकाव्य हो । अश्वत्थामा' ले यही विशेषता आत्मसात् गरेको छ । नाट्यकाव्यकार घिमिरेले आफ्नो प्रौढ जीवनको परिपक्व भाव, विचार र दर्शनलाई नाटकीय ढाँचामा प्रस्तुत गरी यस काव्यको संरचना निर्माण गरेका छन् । साहित्यका जुनसुकै विधा र विषयमा साधना गरे पनि सिद्धि प्राप्त गर्न सफल नाट्यकाव्यकार घिमिरे यस काव्यमा पनि आफ्नो काव्यगौरव कायम गर्न समर्थ देखिन्छन् । महाभारतमा उल्लिखित एउटा प्रमुख चरित्र अश्वत्थामालाई नायकीय भूमिकामा उभ्याएर मानवतावादी विचार र व्यवहार विस्तार गर्ने कविको अभीष्ट यस काव्यमा व्यक्त भएको छ । अत: यो कृति भावनाले काव्य, प्रस्तुतिले नाटक र दर्शनले मानवतावादी बन्न पुगेको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. मानवतावाद र अश्वत्थामा

मानवतावादलाई चिन्ने -चिनाउने क्रममा अनेक तर्क गरिन्छन् । सारांशमा मानवले मानवको समस्या, संवेदना र आवश्यकता वुझी परस्पर हित हुने काम गर्नु र गर्न प्रेरित गर्नु मानवतावाद हो । नि:स्वार्थ सेवा, समर्पण र दूरगामी हितको प्रवर्धन पनि मानवतावाद नै हो । अश्वत्थामा नाट्यकाव्य आफ्नै शैली, स्वर र स्वरूपमा यही भाव एवम् विचारको वहन गर्ने कृति हो । यहाँ उल्लिखित मानवीय र मानवेतर चरित्रका माध्यमवाट नाट्यकाव्यकारले युद्धको परिणाम देखाउँदै भावी संसार युद्धविहीन हुनुपर्ने उदार र सर्वकल्याणकारी मानवतावादी चिन्तन प्रकट गरेका छन् । यसलाई विभिन्न पात्र र तिनका प्रस्तुतिका माध्यमवाट देखाउन सकिन्छ ।

३.१ अश्वत्थामा

नाट्यकाव्यको नायक चरित्रमा देखाइएको अश्वत्थामा युद्धको अपराधवाट पश्चात्ताप गर्दै आफूले मानवतावादी मार्गको त्याग गर्दा भोग्नु परेको पीडा व्यक्त गर्छ । युद्धको अपराधवाट दु:ख हुने पीडाबोध गरी उसले मानवतावादी व्यवहारको अपेक्षा गरेको छ र यसो भनेको छ :

म युद्ध अपराधी हुँ युद्ध भोगेर दु:खित ।

तिमी विशुद्ध आत्मा हे , युद्ध देखेर दु:खित । ७-६:११,१२

आफूले गरेको जघन्य अपराधवाट मानवतावादको हिंसा भएको ठान्ने अश्वत्थामाको यो उक्ति युद्धमा तम्सिनेहरूका लागि सावधानीसूचक सन्देश पनि हो :

हिंडेथें हमला गर्न आमाको गर्भमा पनि

हानी व्रह्मास्त्र संहार्न व्रह्माको सिर्जना पनि । ३-६, ९,१०

मानवतावादको विपरीत गएको अश्वत्थामाले अपराधको पश्चात्ताप गर्दै रगतमा हात चोपल्नेहरू पानी पनि खान नसक्ने र नपाउने अवस्थामा पुग्न सक्छन् भन्दै तड्पिएको यथार्थ यसरी व्यक्त गरेको छ र मानवतावादको परोक्ष आ□ान समेत प्रस्तुत गरेको छ :

चोपेँ रगतमा हात, धूँ हात धुन सक्तिन

अञ्जुलिमा उवाएर प्यूँ पानी प्यून सक्तिन । ४-३, ७,८

महाभारतको युद्धमा अश्वत्थामाले धेरै वीरको हत्या गऱ्यो । तिनले मृत्युको क्षणमा पानी पनि खान पाएनन् । त्यही दारुण कर्मको प्रतिफल पछि आफूले भोग्नुपरेको अनुभव अश्वत्थामालाई भएको छ । आफूले अमानवीय कर्म गरेकाले त्यसको परिणाम भोग्नुपरेको तर्क गर्दै ऊ मृत्युको समयमा भीषण कष्ट नभोग्ने हो भने मानवतावादी वन्नुपर्छ भन्ने भाव यसरी व्यक्त गर्दछ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले वाण पिलाएर ढले वीर मनेर जो ।

वोले प्राणान्त वेलामा पानी पानी भनेर जो ।

थिएन ओठमा वोली थियो केवल कम्पन

म वोल्छु तिनकै वोली पानी पानी भनीकन । ४-३ : ११-१४

मानवतावादीहरू तातो मरुभूमिमा शीतल गङ्गाजस्तै वनेर हत्याराहरूमा पनि करुणा देखाउन समर्थ हुन्छन् भन्ने मान्यतामा अश्वत्थामा विश्वस्त छ । यही विश्वासले ऊ नारीहरूले देखाएको असीम दयाप्रति द्रवित हुन्छ र यसो भन्छ:

कसरी करुणा गर्छौं हत्याराहरूमा पनि

वग्छौ शीतल गङ्गा हे □ प्रतप्त मरुमा पनि । ४-५: ११,१२

अश्वत्थामा आफ्नो अपराध सहज रूपमा स्वीकार गर्छ र आफूले गरेको मानवतावादविरोधी कार्यका लागि पश्चात्ताप पनि जनाउँछ । नारीको सिन्दूर र सौभाग्य हरण गरेकाले उसले आफूलाई अक्षम्य अपराधी सिद्ध गरेको छ । आफू यस्तो डरलाग्दो अपराधी भए पनि नारीहरूले दया गरेर सिन्दूर पुछेर आफ्नो घाउ निको पारिदिएको घटनाप्रति ऊ भावुक हुन्छ । नारीहरूमा विद्यमान यो अद्वितीय मानवतावादी विचार र व्यवहारको प्रस्तुति अश्वत्थामाले यसरी गरेको छ :

मैले धरतीमाताको छाती रगतले मुछें

दिदी बैनी र नारीको सिन्दूर शिरको पुछें

अक्षम्य अपराधीमा अझ उल्टै दया गरी

आफैं पुछेर सिन्दूर घाउ नभर सुन्दरी । ४-४: ७-१०

३.२ पँधेनीहरू

'अश्वत्थामा' नाट्यकाव्यमा अश्वत्थामा मानवतावादको आवश्यकता देखाउने पात्र हो भने पँधेर्नीहरू मानवतावादका प्रयोक्ता प्रतिनिधि पात्र हुन् । अपराधीलाई पनि प्रेम र हार्दिकताको उपचार आवश्यक छ जसवाट विवेकको उदय सम्भव हुन्छ भन्ने वस्तुसत्य उनीहरूको भनाइमा झल्किन्छ :

अपराधी रहिरन्न अनन्तसम्म क्वै पनि ४-४:१४

पँधेर्नीहरू अर्काको घाउ देखेर पीडित हुन्छन् र हतारहतार सिउँदो पुछेर सिन्दूर लगाइदिन्छन् । यसवाट उनीहरूको मानवतावादी चेत स्पष्ट हुन्छ :

घाउ घाउ अहो □ घाउ हतार गर हे सखी ।

पुछेर सिउँदो मेरो सिन्दूर भर हे सखी । ४-४: १-२

पँधेर्नीहरू अत्यन्त उदारमना छन् । युद्धमा लड्ने, मर्ने र मार्ने सवै पुरुषलाई उनीहरू समभावले हेर्छन् । कसैलाई दया देखाउने र कसैप्रति निष्ठुरी वन्ने स्वभाव उनीहरूमा अलिकति पनि छैन । नेपालको सुदूर हिमालय प्रदेशमा वसे पनि उनीहरूमा विश्वमानवतावादी सञ्चेतना व्याप्त छ भन्ने सत्यको प्रकाशन यस पङ्क्तिबाट भएको छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
रणसङ्ग्राममा लड्न जान्छन् तरुण जो जति

हुन् नारी जातिकै नाता दाजु, देवर वा पति ।

को मऱ्यो , कसले माऱ्यो हाम्रा लागि वरावरी

वनौं दयालु को माथि, वनौं को माथि निष्ठुरी । ४-६: ७-१०

नारीका विविध भूमिका छन् । घरपरिवारको माया, अरूप्रति स्नेह र सम्मान, प्राणीमा करुणाप्रदर्शन र ईश्वरमा श्रद्धाभाव नारीका कार्यभार, भूमिका र विशेषता हुन् । यस अवस्थामा उनीहरू मानवतावादका सजीव मूर्ति वन्न पुग्छन् । एक पँधेर्नीको यस भनाइले नारीको स्वाभाविक मानवतावादी चरित्रको प्रकाशन गर्दछ :

मलाई घरको माया मलाई परको पनि ।

करुणा पनि प्राणीको श्रद्धा ईश्वरमा पनि । ४-१:७,८

३.३ अन्य चरित्र

नाट्यकाव्यकार घिमिरेले अन्य चरित्रहरूबाट पनि मानवतावादी विचार प्रकट गराएका छन् । त्यस्ता केही चरित्र र उनीहरूको मानवतावादी चिन्तनलाई यसरी देखाउन सकिन्छ ।

३.३.१ सैनिक

संसारमा एउटा व्यक्ति मरे पनि मर्त्यजाति नमर्ने विश्वास राख्दै सैनिकले मानवतावादकै पुष्टि गरेको छ :

मर्त्यजाति त मर्दैन यौटा व्यक्ति मरे पनि । ५-४: १४

३.३.२ ग्रामवासी

यस चरित्रका माध्यमवाट आमाको आफ्नो शिशुप्रति हुने स्नेह र सावधानीलाई देखाउन खोजिएको छ । मातृवात्सल्यको अथाह गहिराइलाई सङ्केत गर्दै ग्रामवासीले नारीमा हुने मानवतावादी व्यवहारलाई यस रूपमा प्रकट गरेको पाइन्छ :

आमा मस्त निदाए नि आत्मामा विउँभै वनी

शिशु झस्क्यो कि झस्किन्छिन् उसकै अङ्ग झैं वनी २-२: १३,१४

३.३.३ कवि

अविवेकी भएर मानिसको हत्या गर्नेहरू पनि मानवतावादी विचारबाट प्रभावित भइसकेपछि आफ्नो गल्ती अनुभव गर्दछन् र पश्चात्तापको भुमरीमा भौंतारिन्छन् । मानवतावादी विचारवाट निर्दिष्ट हुन सक्दा यस्तो कारुणिक अवस्था नै आउन सक्ने थिएन भन्ने ध्वनि यी पङ्क्तिवाट व्यञ्जित हुन्छ :

आँखा चिम्लेर मान्छेको हत्या गर्नेहरू पनि

आँखा खोलेर झस्कन्छन् -यो मैले के गरें भनी । ७-४: ७,८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. निष्कर्ष

नाट्यकाव्यकार घिमिरेले जीवनमा देखे-भोगेका युद्धका पीडा र परिणामको काव्यात्मक एवम् नाट्यात्मक अभिव्यक्तिका रूपमा 'अश्वत्थामा' को सिर्जना भएको छ । युद्धको विभीषिका भयानक हुन्छ भने युद्ध सञ्चालकहरू पनि अशान्त हुँदै पश्चात्तापको ज्वालामा दन्किन पुग्छन् । यस्तो अवस्था आउन नदिन मानवतावादी विचार र व्यवहार आवश्यक हुन्छन् । मानवतावाद नै युद्ध टार्ने वैचारिक सञ्जीवनी हो र यो युद्धोन्मुख सबै देश, क्षेत्र र सम्प्रदायका लागि अनिवार्य छ भन्ने सन्देश नाट्यकाव्यले दिएको छ । प्रस्तुत नाट्यकाव्यलाई अन्य कोणहरूबाट पनि विवेचना गर्न सकिन्छ तापनि मानवतावादको प्रतिपादनका आधारमा यो कृति साहित्यिक निधि बन्न पुगेको छ जसको निष्कर्ष अश्वत्थामाको यस उक्तिमा प्रतिविम्बित भएको छ :

युद्धको पूर्व पीडामै तिमी मानवता रच
मृत्युको एक झस्कामै तिमी अमरता रच । ७-५: १३,१४

सन्दर्भग्रन्थसूची

घिमिरे, माधव, अश्वत्थामा,काठमाडौं: नेपाल राजकीय प्रज्ञा -प्रष्ठिान, २०५३ ।

पोखरेल, भानुभक्त, कवि घिमिरेको रचनायोग, ललितपुर: साझा प्रकाशन, २०५९ ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल, नेपाली कविता र काव्य, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, (?) ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालमा सहकारी परम्परा र वर्तमान

उपप्रा. शम्भुराज गौतम

वाल्मीकि विद्यापीठ, काठमाडौं

परम्परागत सहकारी

स्वभावैले मानिस एउटा सामाजिक र अन्तरनिर्भर प्राणी हो। मानिसले इतिहासदेखि वर्तमानसम्म जे- जति प्रगति गर्न सकेको छ, त्यो सबै सामुहिक प्रयत्न र प्रयासको प्रतिफल हो। प्राकृतिक साधनहरूको दोहनका लागि होस् अथवा प्रकृतिसँगको सङ्घर्षका क्षणहरूमा होस्, मानिसले सामुहिक वलवाट नै प्रकृतिलाई अनुकुलतामा बदल्ने प्रयास गरेको छ र धेरै हदसम्म सफलता पनि प्राप्त गर्न सकेको छ। सुगम जीवनयापनको मानवीय प्रयास स्वरूप नै सभ्यताले विकासका विभिन्न चरणहरू पार गर्दै आजको अवस्थासम्म आइपुगेको हो। मानव सभ्यताको सुरुवाती चरणबाट नै उत्पादन र वितरणका समस्याहरू समाधान गर्न मानिसहरूवीचमा स्वस्फुर्त सहकारी गतिविधिहरू हुँदै आएको पाइन्छ।

नेपालको सन्दर्भमा सहकारीताको अध्ययन गर्दा परम्परागत रूपमा आ-आफ्नो समुदायबीच विभिन्न किसिमका सहकारी संस्थाहरूको विकास र विस्तार भएको पाइन्छ। नेपालमा परम्परागत रूपमा चलनमा रहेका केही मुख्य सहकारी प्रणालीहरूलाई यसरी उल्लेख गर्न सकिन्छ।

१. पर्मा (Parma) :– कृषि उत्पादनको क्षेत्रमा शताब्दीऔंदेखि प्रचलनमा रहेको सहकारिताको एउटा उदाहरणको रूपमा पर्मा प्रथालाई लिन सकिन्छ। वाली लगाउने, स्याहार सम्भार गर्ने र वाली भित्राउने कार्यहरूमा यस्तो 'पर्मा' लगाउने चलन पाइन्छ। एक व्यक्ति वा परिवारले गाउँ, समुदायको अर्को व्यक्ति वा परिवारको कृषि उत्पादन कार्यमा सहयोग गरे वापत अर्को पक्षबाट पनि त्यस्तै प्रकारको सहयोग आफूले प्राप्त गर्नु नै 'पर्मा' हो। यसलाई 'ज्याला' नलिईकनै एक अर्काको खेतवारीमा आवश्यक कार्यहरू मिलेर सम्पन्न गर्नु भनेर पनि बुझ्न सकिन्छ। कृषिको वजारीकरण नभएको र ग्रामीण भेगमा नगद प्रवाहको अभाव रहेको अवस्थामा पर्मा प्रथाको कृषि उत्पादनको क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको पाइन्छ। हाल कृषिको सीमित वजारीकरण हुँदै गएको र ग्रामीण इलाकामा नगद प्रवाह पनि बढ्दै गएको परिप्रेक्षमा 'पर्मा'को चलन हराउँदै गएको भएता पनि कतिपय ग्रामीण क्षेत्रहरूमा यस्तो चलन अझै पनि विद्यमान रहेको पाइन्छ।

२. गुठी :– मानिसहरूलाई आइपर्ने अत्यावश्यक आर्थिक आवश्यकताहरू पूर्ति गर्नका लागि परम्परागत रूपमा नेपाली समाजमा प्रचलित अर्को महत्वपूर्ण सहकारी संस्था 'गुठी' हो। जन्म, विवाह, मृत्यु जस्ता संस्कारहरूमा आवश्यक खर्च र सहयोग जुटाउने मात्र होइन यस्ता गुठीहरूले आफ्नो समुदायभित्रका मानिसहरूको 'लगानी' को आवश्यकता समेत पूरा गरेको पाइन्छ। नेवारी समुदायमा यो 'मंका गुठी'को रूपमा लोकप्रिय रहेको पाइन्छ। वास्तावमा आधुनिक वित्तीय सहकारी संस्थाको पूर्व रूप नै गुठी हो भन्दा अत्युक्ति नहोला। बैंक एवं अन्य वित्तीय संस्थाहरू स्थापनासँगै यस्ता 'गुठी' हरूको भूमिकामा कमी हुदै गएको भएता पनि अझै पनि विभिन्न समुदायहरूका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
वीचमा आफ्नो सामुदायिक आवश्यकताहरू पूरा गर्न कुनै न कुनै रूपमा यस्तो गुठी प्रथाको प्रचलन हालसम्म पनि देख्न सकिन्छ ।

धर्म-भकारी :– नेपालमा ग्रामीण परम्परामा चलेको अर्को महत्वपूर्ण सहकारीको नमुनाको रूपमा धर्म भकारीलाई लिन सकिन्छ । खाद्यान्न अभावको समयमा समुदायको आवश्यकता पूर्ति गर्नका लागि खाद्यान्न भित्र्याउने समयमा सबैबाट खाद्यान्न जम्मा गरी सामुहिक प्रयोजनका लागि राख्ने प्रचलन नै 'धर्म-भकारी' हो । प्राकृतिक प्रकोप एवं अन्य कारणवाट उत्पन्न हुने खाद्या समस्या समाधान गर्ने यो एउटा उत्तम र आवश्यक प्रचलन हालका दिनहरूमा खाद्यान्नको वजारीकरण, वसाइँ सराइ जस्ता कारणहरूले लुप्तप्राय भैसकेको छ ।

ढिकुरी (ढुकुटी) :– समुदायको 'नगद' आवश्यकता पूर्ति गर्ने अर्को उत्तिकै प्रभावकारी साधनको रूपमा ढिकुरी वा ढुकुटीको चलन नेपाली समाजमा ऐतिहासिक कालदेखि रहेको पाइन्छ । ढिकुरी अन्तर्गत नगद जम्मा गर्ने र आवश्यक परेका व्यक्तिले नगद प्राप्त गर्ने प्रचलन पाइन्छ । यसरी चलाउने ढिकुरीमा व्याज लिनेदिने वा व्याज रहित दुवै थरी चलन रहेको देखिन्छ । आवश्यक परेको वेला विना कुनै झन्झटिलो प्रकिया आफ्नै गाउँ टोल वा वजारमा नगद प्राप्त गरी आफ्नो आवश्यकतालाई संवोधन गर्न सकिने यो एउटा महत्वपूर्ण साधन रहेको पाइन्छ ।

यही परम्परागत ढिकुरी कै सिको गरी वर्तमानमा व्यापारी एवं अन्य वर्गमा प्रचलित 'ढिकुटी खेल्ने' चलनले कतिपय आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउने भएता पनि कानुनी दायराभन्दा वाहिर रही गरिने यस्ता कियाकलापले अत्याधिक मुनाफा र ठगीको विकृत दिशा समात्न पुगेको छ ।

सहकारीताको आधुनिक प्रयोग

नेपालमा आधुनिक सहकारीताको धारणा सन् २००७ सालको राजनैतिक परिवर्तन पछि मात्र प्रारम्भ भएको हो । सात सालको राजनैतिक परिवर्तन पछिको सरकारले सर्वप्रथम ग्रामीण क्षेत्रमा विशेषगरी कृषि ऋणको आवश्यक पूर्ति गर्नका लागि २००९ सालमा छुट्टै विभागको गठन गरी सरकारी सकियतामा नियमित वजेटवाट कोषको व्यवस्था गरी सहकारीको अभियानलाई अगाडि बढाउन खोजेको देखिन्छ ।

तत्कालीन परिस्थितिमा पर्याप्त पुँजी, दक्ष जनशक्ति, व्यवस्थापकीय समस्यासँग जुझ्दै अघि वढेको सहकारी अभियामा पुँजी लगानीको आवश्यकता पूरा गर्न सन् १९६३ मा सहकारी बैंकको स्थापना गरेको पाइन्छ जुन पछि गएर कृषि विकास बैंकमा परिणत भयो । तत्कालीन समयमा गाउँस्तरमा प्रारम्भिक सहकारी समाज र जिल्ला स्तरमा सेकेण्डरी सहकारी समाज कार्यरत रहेको पाइन्छ जसलाई पछि गाउँ, जिल्ला र केन्द्र गरी तीन तहमा परिणत गरियो । सहकारी अभियान सफल भएका अन्य मुलुकहरू जापान र जर्मनीमा भन्दा भिन्दै सरकारद्वारा नियोजित रूपमा विकास गर्न खोजिएका सहकारी संस्थाहरूले नेपालमा राम्रोसँग कार्य गर्न सकेनन् किनभने सहकारी अभियान आफ्नो परम्परागत स्वरूपले नै स्वायत्त र स्वयंसेवी वातावरणमा मात्र फस्टाउन सक्ने तथ्यलाई तत्कालीन समयमा स्वीकार गरेको पाइंदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन् १९७६/७७ मा सुरु भएको साझा विकास कार्यक्रमको कार्यान्वयन पश्चात नेपालमा सबै गाउँ पञ्चायत (हाल गाउँ विकास समिति) हरूमा सहकारी समाजको स्थापना गर्ने महत्वाकाङ्क्षी योजना अघि सारियो । त्यसै वेला सुरु गरिएको अनिवार्य वचत कार्यक्रम अन्तर्गत गाउँ-गाउँबाट जम्मा भएको रकमलाई सहकारी (साझा) को शेयरमा रूपान्तरण गरी सबै वचतकर्तालाई अनिवार्य रूपमा सदस्य बनाइँदा लगभग २००० को संख्यामा सहकारी संस्थाहरू बने पनि केवल सङ्ख्या र अनिवार्य सेयर पुँजीले मात्र सहकारी आन्दोलनलाई अघि बढाउन सकेन । फलत: आधाभन्दा वढी सहकारी छिट्टै बन्द हुन पुगे । सन् १९९० मा आएर हेर्दा प्रारम्भिक सहकारीहरूको संख्या ८४० देखिन्छ भने जिल्ला सहकारीहरू ३३ वटा रहेको पाइन्छ र कुल सहकारी सदस्यहरूको सङ्ख्या १४४८९५९ पुगेको देखिन्छ । क्रियाशील सहकारीमध्ये प्रादेशिक हिसावले हेर्दा तराई, पहाड र हिमालमा क्रमश: ४८%, ४२% र १०% रहेको देखिन्छ ।

सन् १९९१/९२ को तथ्याङ्कलाई हेर्दा उक्त वर्ष ऋण लगानी ८३.६ मिलियन र असुली १२१.३ मिलियन भएको देखिन्छ ।

ग्रामीण क्षेत्रको विकासमा सहकारी संस्थाहरूको अति महत्वपूर्ण भूमिका हुने कुरा अन्य देशको अनुभवबाट पनि सिक्न सकिन्छ तर नेपालमा स्वस्फूर्त र स्वायत्त रूपमा जनस्तरबाट हुनुपर्ने सहकारीको विकास सरकारी स्तरबाट निर्देशित रूपमा लागु गर्न खोजिएकोले सफल हुन सकेन । सन् १९९२ को नयाँ सहकारी ऐन जारी भएपछि मात्र नेपालमा सहकारीलाई एउटा स्व-प्रेरित स्वायत्त र प्रजातान्त्रिक विधिबाट विकास गर्न खोजेको पाइन्छ ।

सहकारीलाई स्वायत्त र जनस्तरबाट जन्मेको स्वतस्फूर्त अभियानको रूपमा लिइएपछि हाल नेपालमा पनि हजारौं सहकारी संस्थाहरू क्रियाशील छन् । यसमध्ये कृषि उत्पादन, दुग्ध उत्पादन, नगदे वाली उत्पादन, फलफूल खेती र पशुपालनसँग सम्वन्धित सयौं सफल सहकारीको अनुभव जनताले वटुल्न पाएका छन् । हाल सहकारी संस्थाहरू उत्पादनको क्षेत्रमा मात्रै नभएर बजारको पहिचान, सामुहिक मोलमोलाई, वित्तीय श्रोतको व्यवस्था जस्ता क्षेत्रहरूमा पनि उत्तिकै सक्रिय छन् । तर कतिपय क्षेत्रमा सामुहिकताको आडमा व्यक्तिगत लाभ लिने उद्देश्यले खोलिएका सहकारीहरू असफल र वदनाम- समेत हुँदै गएको पाइन्छ ।

समग्रमा नेपालमा हाल सहकारीको विकास आशालाग्दो रूपमा भैरहेको भएता पनि समग्र जनताको आर्थिक सुरक्षा र हित संवर्द्धनको परिप्रेक्षमा हाल यस क्षेत्रमा भएका कार्यहरूलाई निकै न्यून मान्नुपर्ने हुन्छ । सहकारीको स्थापनालाई मात्र जोड दिने होइन कि यसमा देखा पर्ने व्यवस्थापकीय कमी कमजोरी हटाउँदै एउटा पारदर्शी संस्थाको रूपमा ग्रामीण जनताको भरपर्दो मित्र बनाउँदै सहकारीलाई विकास गर्नु वर्तमानको चुनौति हो ।

<u>सन्दर्भसूची</u>

१. An Introduction to cooperatives.

२. Investigation report of NCDB

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाणिनीय व्याकरणमा निपातनको प्रयोग

उपप्रा. नारायणप्रसाद पौडेल

वाल्मीकि विद्यापीठ, काठमाण्डौ ।

१. निपातनको परिचय

नि उपसर्गपूर्वक स्वार्थ -ण्यन्त पत्‌धातुदेखि 'ल्युट् च[१] सूत्रद्वारा ल्युट्प्रत्ययय भएर निष्पन्न निपातन शब्द अमरकोषमा झुक्नु वा तलतिर लैजानु अर्थमा प्रयोग गरिएको छ ।[२] तर पणिनीय व्याकरणमा निपातन शब्द यसभन्दा फरक अर्थमा पनि प्रयोग गरिएको छ । पणिनिका सूत्रहरूमा जुन पदहरुको प्रयोग गरिएको छ, ती पद पणिनीय लक्षणद्वारा सिद्ध हुँदैनन् भने निपातन सिद्ध मानिन्छन् । जस्तै **'अतिशायने तमबिष्ठनौ'**[३] सूत्रमा पाणिनिले **अतिशायने** पदको प्रयोग गरेका छन् , तर पाणिनि कै लक्षणद्वारा अतिशायन शब्द सिद्ध नहुनाले प्रस्तुत सूत्रको महाभाष्यको प्रदीप टीकामा निपातनद्वारा दीर्घ हुन्छ भनिएको छ ।[४] त्यस्तै परोक्षे लिट् सूत्रको परोक्ष शब्द निपातित मानेर साधु मानिएको छ ।[५] आचार्य - व्यवहारसिद्ध शब्दलाई निपातन मानेर भाष्यादिमा - **इदं निपात्यते, अहं निपातयामि** इत्यादि प्रयोग पाइन्छन् ।[६] काशिकावृत्तिमा निपातनको स्वरूप यसरी प्रस्तुत गरिएको छ - **'यदिह लक्षणेन अनुपपन्नं तत् सर्वं निपातनात् सिद्धम्'** ।[७] सूत्र आदिको कार्यबाट जो सिद्ध हुँदैन र जो आचार्य व्यवहारबाट सिध्द हुन्छ त्यो निपातन हो ।अन्यथा प्राप्तस्यान्यथोच्चारणं निपातनम् । यसरी पाणिनीय व्याकरणमा धेरै सौत्र शब्द निपातित भएपनि वार्तिक, गणपाठ आदिका शब्द वार्तिक वा गणपाठ आदिमा पढिएका कारण पनि निपातित मानिएका छन् ।

२. निपातनका भेद - प्रक्रिया अनुसार निपातनरीति तीन प्रकारको हुन्छ ।अप्राप्तिप्रापण, प्राप्तिवारण र अधिकार्थविवक्षा । कुनै ठाउँमा नपाएका प्रत्यय आदिको प्राप्ति हुन्छ भने कुनै प्राप्त भएका प्रत्यय आदिको निवारण वा निषेध गरिन्छ ।तथा कतिपय स्थलमा धेरै अर्थको विवक्षा रहन्छ । निपातनद्वारा खासगरी यी तीन कुरा व्यक्त हुन्छ । भनिएको पनि छ –

अप्राप्तेः प्रापणं चापि प्राप्तेर्वारणमेव वा ।

अधिकार्थविवक्षा च त्रयमेतन्निपातनात् ॥ [८]

कतिपय स्थलमा निपातन विकल्पका निम्ति पनि हुन्छ । काशिकावृत्तिमा भनिएको छ - **विकल्पार्थं निपातनम्** ।[९]

कैयटले निपातित शब्द प्रकृति र प्रत्यय दुवै होइन भनेका छन् – **अथ प्रकृतित्वमेषां कस्मान्न विज्ञायते ? पञ्चम्याः प्रत्ययस्य चानुपादानाद् अनिष्पन्नस्य च प्रकृतित्वाभावात् । प्रत्ययत्वं तर्हि कस्मदेषां न भवति ? लोके केवलानां प्रयोगदर्शनात्** ।[१०] यसबाट के स्पष्ट हुन्छ भने निपातित शब्द प्रकृति - प्रत्ययात्मक अवश्य नै छन् । यस्ता शब्दहरूमा प्रकृतिको अंश कति र प्रत्ययको अंश कति हो भन्ने विषयमा सन्देह अवश्य हुन्छ । पतञ्जलि विंशति आदि निपातित शब्दका बोरमा भन्दछन्- **इमे विंशत्यादयः सप्रकृतिकाः**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
सप्रत्ययकाश्च निपात्यन्ते, तत्र न ज्ञायते का प्रकृतिः कः प्रत्ययः कः प्रत्ययार्थ इति । [११]
हामीले विधिसूत्र र निपातनसूत्रमा स्पष्ट रूपमा अन्तर के देख्न सक्छौं भने विधिसूत्रमा प्रकृत्यादिको पनि पृथक् उल्लेख रहन्छ भने निपातन सूत्रमा समुदायको उल्लेख रहन्छ । यस कारण कैयट विधिसूत्र र निपातन सूत्रको भेद यसरी प्रस्तुत गर्दछन् -

विधिनिपातनयोश्चायं भेदो यत्रावयवा निर्दिश्यन्ते समुदायो ऽनुमीयते स विधिः, यत्र तु समुदायः श्रूयते ऽवयवाश्चानुमीयन्ते तन्निपातनम् । [१२]

३. निपातन सूत्रका भेद - निपातन सूत्र अनेक प्रकारका हुन्छन् । कुनै कुनै सूत्रमा निपातित शब्दहरूसँग तिनीहरुको अर्थ पनि वर्णन गरिएको हुन्छ । जस्तै – **क्षुब्ध-स्वान्त- ध्वान्त**.. इत्यादि सूत्रमा । [१३]

शृतं पाके सूत्रको व्याख्यामा काशिकावृत्तिकार अर्थनिर्देश निपातनविषय प्रदर्शनका लागि हो भन्दछन् ।[१४] **दाधर्ति- दर्धर्ति**.. इत्यादि सूत्रमा विषय प्रदर्शनको कुनै प्रयोजन नभएकाले केवल पदहरुको मात्र निपातन गरिएको छ ।[१५] **'ऐकागारिकट् चौरे'** सूत्रमा टकार अनुवन्ध सहित निपातन गरिएको छ । [१६] कतिपय निपातित शब्द वेदमा मात्र प्रयोग गरिन्छन् । यसको एउटा उदाहरण **'बहुप्रजाश्छन्दसि'** सूत्र हो । [१७] प्रायः निम्न विषयहरुको निपातन प्रसिद्ध छ ।

१ प्रत्ययनिपातन - यसको एउटा उदाहरण –**"मस्करमस्करिणौ वेणुपरिव्राजकयोः"** सूत्र हो ।

यहाँ निपातनका वलले ताच्छील्य अर्थमा णिनि प्रत्ययका स्थानमा इनि प्रत्यय भई मस्करिन् शब्द वनेको छ ।

२ आदेशनिपातन - यो खासगरी, **पाय्यसान्नाय्यनिकाय्यधाय्यामानहविर्निवाससामिधेनीषु** आदि सूत्रका उदाहरणमा देखिन्छ । [१८] यहाँ पाय्य आदिमा निपातनका वलले आयादेश भएको कुरा स्पष्ट प्रतीत हुन्छ ।

३ आगमनिपातन - यसको उदाहरण **"फलेग्रहिरात्मम्भरिश्च'** [१९] यस सूत्रको आत्मम्भरिः पद हो ।

यहाँ निपातनद्वारा मुमागम भएको छ ।

४ द्विर्वचननिपातन - ऋत्विग्-दधृक् ... [२०] इत्यादि सूत्रमा दधृक् शब्द यसको उदाहरण हो । निपातन नहुने हो भने यहाँ द्वित्व हुने थिएन ।
५ प्रकृतिविपरिणामनिपातन – यसको उदाहरण **'अपचितश्च** सूत्र हो । [२१] यस सूत्रको भाष्यमा भनिएकोछ – **किं निपात्यते ? चायेश्चिभावश्च** । यसरी कहीं प्रकृतिको विपरिणाम, ह्रस्वको दीर्घ , लोप, प्रसक्तकार्याभाव आदि पनि निपातन द्वारा हुन्छन् । जस्तै - पाणिनिको **ऋत्विग्दधृक्** सूत्रमा कुञ्चाम् पद छ , यसका विषयमा नागेशले **क्रुञ्चामिति निपातनान्नलोपाभावः** ' भनेका छन् । इच्छा सूत्रको भाष्यमा पनि पतञ्जलिले **'किं निपात्यते इषेः शे यगभावः** भनेका छन् । [२२] यसरी प्रतिषेध अर्थमा पनि निपातन व्यवहृत भएको देखिन्छ । **'णेरध्ययने वृत्तम्** सूत्रको वार्तिकमा पनि - **निपातनं णिलोपेड्गुणप्रतिषेधार्थम्** भनिएको छ । [२३] निपातनका कार्य – माथि दिइएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
उदाहरणबाट निपातनद्वारा विभिन्न कार्य हुने स्पष्ट हुन्छ। **अनेकप्रयोजनसम्पत्तिर्निपातनाद् भवति**। [२४] यहाँ स्नात्वाकालक: उदाहरण प्रस्तुत गर्दै भाष्यकार भन्दछन् - **अवश्यमत्र समासार्थं ल्यबभावार्थं च निपातनं कर्तव्यम् , तेनैव यत्नेन स्वरो न भविष्यति**। यहाँ तीन कार्य एउटै निपातनद्वारा देखाइएको छ। कतिपय निपातित शब्दको अर्थ पनि निर्धारण गरिएको पाइन्छ। यसको प्रसिद्ध उदाहरण **अवद्यपण्यवर्या-** सूत्रको अवद्य पद हो। [२५] सिद्धान्तकौमुदीमा भट्टोजिदीक्षित प्रस्तुत सूत्रको व्याख्यामा - **वदेर्नञ्युपपदे वदः सुपीति यत्क्यपोः प्राप्तयोर्यदेव सो ऽपि गर्हायामेवेत्युभयार्थं निपातनम्'** भन्दछन् । [२६] राजसूयसूर्य सूत्रको निपातित राजसूय शब्दको एक भन्दा वढी निर्वचन गरिएको छ। [२७] राजसूय शब्दका वारेमा तत्त्ववोधिनीकार ज्ञानेन्द्रसस्वतीले भनेका छन् – **निपातनं च रूढ्यर्थमिति । तेनाद्यपक्षे अश्वमेधादौ, द्वितीयपक्षे ज्योतिष्टोमादौ च नातिप्रसङ्गः** । [२८]

४. निपातनबाट लाघव एवं अर्थवैशिष्ट्य प्रकृति-प्रत्ययादि निर्देशक विविधसूत्र वनाउन गौरव मानेर पाणिनिले धेरै निपातन सूत्र वनाएका छन्। प्रकृति प्रत्ययानुसार निपातित शब्दको अर्थ घटित हुँदैन भने निपातका वलले त्यस अर्थको अभ्युपगम गरिन्छ। निपातन नगरेर प्रकृत्यादि उल्लेखद्वारा शब्दको निष्पत्ति गर्दा '**सद्यः परुत्परार्यादि** .. शब्दको सिद्धिका लागि सूत्र प्रणयनमा कति गौरव हुन्थ्यो यो कुरा स्पष्ट नै छ। यस्ता ठाउँमा निपातनरीतिले सूत्रीय शब्दव्यवहारमा लाघव हुन्छ।

निपातनद्वारा शब्दनिष्पत्ति प्रक्रियामा लाघव हुनुका साथै शास्त्रीय कार्य प्रवृत्ति समेत व्यवस्थित हुन्छ। निपातन स्थलमा प्रायः विधिसूत्रबाट शब्द निष्पत्ति हुन सके तापनि अर्थादिशमा लाघवका निम्ति पाणिनिले निपातन रीतिको अवलम्बन गरेका छन्। 'जस्तै **आकालिकडाद्यन्तवचने'** सूत्र निपातनको उदाहरण हो। [२९] यहाँ शब्दनिष्पत्ति कार्य विधिसूत्रद्वारा गर्दा पनि दोष छैन। वार्तिककार भन्दछन् - **आकालान्निपातानानर्थक्यं ठञ्प्रकरणात्** । **शृतं पाके** सूत्रमा निपातनद्वारा शब्दको अर्थका विषयमा कसरी नियमन हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ। पाक वाच्य रहँदा शृत शब्द निपातित हुन्छ, यो सूत्रको अर्थ हो। **"उग्रंपश्येरम्मदपाणिन्धमाश्च'** सूत्रमा पनि निपात जनित अर्थ वैशिष्ट्यको उदाहरण पाइन्छ।यस प्रसंगमा नारायण भट्टको प्रकिया सर्वस्वमा निम्न श्लोक रहको छ -

उग्रंपश्यः क्रूरदृष्टिरुग्रं पापं विदन्नपि ।
इरया वारिणा माद्यन् वैद्युताग्निरिरम्मदः ॥
सर्पास्पृश्यादिरोधार्थं ध्मायन्ते यत्र पाणयः।
सो ऽ ध्वा पाणिन्धमो ऽत्राधिकरणार्थो निपातनात् ॥ [३०]

कतिपय स्थलमा अर्थसामान्यमा अर्थविशेषको प्रतिपत्ति निपातनद्वारा हुन्छ। यसका अनेका उदाहरण छन्। जस्तै **'आश्चर्यमनित्ये'** सूत्रमा आश्चर्य पद निपातित हो। [३१] यहाँ अनित्य भन्नाले के घटादिमा आश्चर्य पद निपातित हो ? भन्ने आशङ्काको उत्तरमा कैयटले निपातनद्वारा अनित्यविशेष विस्मयहेतु ग्रहण गरिन्छ भनेका छन्। [३२] निपातनसिद्ध शब्द रूढ एवं संज्ञावाची दुवै छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैयट भन्दछन् - **निपातनादेव संज्ञालाभात्**। [३३] विधिसूत्रवाट संज्ञार्थ प्रकट नभएर निपातन सूत्रको रचना सार्थक सिद्ध हुन्छ।

निपातनद्वारा नियम ज्ञापित हुन्छ, यस विषयमा कार्मस्ताच्छील्ये सूत्र प्रसिद्ध उदाहरण हो। [३४] महाभाष्यकार पतञ्जलि भन्दछन् - **एवं तर्हि सिद्धे सति यन्निपातनं करोति तज्ज्ञापयत्याचार्यस्ताच्छीलिके णे ऽण्कृतानि भवन्तीति**। [३५] कतिपय स्थलमा निपातन अनिष्ट निवृत्तिका लागि पनि हुन्छ। **'अनुपसर्गात् फुल्ल'**- इत्यादि सूत्रमा महाभाष्य टीकाकार कैयट भन्दछन् - **यद्यपि फुल्लादयः पचाद्यचीगुपधलक्षणे के च सिध्यन्ति तथापि 'निष्ठा च द्व्यजनात्' (६।४।५२) इत्यादि कार्यसिद्धये क्षीबिताद्यनिष्टरूपनिवृत्तये च निपातनम्**। [३६]

५. निपातन र स्वर - निपातन र स्वरको सम्वन्ध पनि विचरणीय छ। जसरी निपातनद्वारा अरू शास्त्रीय कार्य बाधित हुन्छन् त्यसरी निपातन स्वर अरू स्वरको वाधक हुन्छ। यो सम्पूर्ण व्याख्याकारको मत हो। यस विषयमा पतञ्जलि भन्दछन् - **यथैव निपातनस्वरः प्रकृतिस्वरस्य बाधक एवं समासस्वरस्यापि**। [३७] सवै व्याख्याकारले **'निपातनस्य सर्वापवादत्वम्'** बारम्बार भनेका छन्। वास्तवमा सम्पूर्ण निपातन स्थलहरूमा निपातन बलद्वारा स्वरव्यवस्था हुन्छ। अर्थात् निपातनद्वारा स्वर निर्देश पनि सरल एवं सुदृढ हुन्छ। यस कारण ओरावश्यके सूत्रको वार्तिककारको आक्षेप - **द्योत्य इति चेत् स्वरसमासानुपपत्तिः** यसको सामाधानमा भाष्यकारको भनाइ - **नैष दोषो मयूरव्यंसकादित्वात् समासः विष्पष्टादिवत् स्वरश्च'** रहेको छ। [३८] यसको व्याख्यामा कैयट भन्दछन् **एवमवश्यलाव्यमित्यादावपि मयूरव्यंसकादिषु निपातनादुत्तरप्रकृतिस्वरो भविष्यतीत्यर्थः**। [३९] नागेशको पनि यस्तै आशय रहेका छ। यसरी सम्पूर्ण व्याख्याकारहरूको मतमा निपातित शब्दको इष्ट-स्वरसिद्धि निपातनद्वारा हुन्छ।

निष्कर्ष - यसरी उपर्युक्त उदाहरणवाट जहाँ जहाँ निपातन गरिन्छ त्यहाँ केही न केही हेतु अवश्य छ। कहीँ प्रक्रिया लाघवका लागि, कहीँ अर्थवैशिष्ट्य प्रतिपादनका लागि, कहीँ अनुक्तार्थज्ञापनका लागि, कहीँ स्वरादि सिद्धिका लागि पाणिनिले प्रकृति-प्रत्यय - परित्याग पूर्वक निपातन सूत्रहरुको रचना गरेका छन्। यस लेखमा सम्पूर्ण निपातन सूत्रको सार्थक्य देखाउन नसकिए पनि यी उदाहरणहरूवाट पणिनिले कुनै न कुनै इष्टार्थ सिद्धिका लागि निपातन सूत्रको रचना गरेका हुन्। अतः पाणिनीय व्याकरणमा निपातनको सार्थकता स्पष्ट हुन्छ।

पादटिप्पणी

१.अष्टाध्यायी ,३ । ३ । ११५ ।

२.अवनायस्तु निपातनम् । अमरकोष , ३ । २ ।२७ ।

३.अष्टाध्यायी , ५ । ३ । ५५ ।

४.निपातनाद् दीर्घत्वम् । व्याकरणमहाभाष्य ५ ।३ ।५ को प्रदीप-व्याख्या ।

५.परोक्षे लिट् इति निपातनात् परस्यौकारादेशः ।

वैयाकरणसिद्धान्तकौमुदीको अव्ययीभावसमास पृ.३७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
६. व्याकरणभाष्य,३ । १ । १२१ श्लोक वा. ।
७.काशिकावृत्ति , ३ । १ । १२३ ।
८.पाणिनीय व्याकरण का अनुशीलन, पृ. १०३मा उद्धृत ।
९. काशिकावृत्ति , ७२ ।२७ ।
१०.व्याकरणमहाभाष्यको प्रदीप-व्याख्या ५ । १ ।५९ ।
११.व्याकरणमहाभाष्य , ५ । १ । ५९ ।
१२ पूर्ववत् प्रदीपटीका ५ । १ ।५९ ।
१३ .अष्टाध्यायी ७ । २ । १८ ।
१४. पाकग्रहणं निपातनविषयविषयप्रदशनार्थम् ।
काशिकावृत्ति ६ । १ ।२७ ।
१५.अष्टाध्यायी ७ । ४ ।६५ ।
१६. पूर्ववत् ५ । १ । ११३ ।
१७. पूर्ववत् ५ ।४ । १२३ ।
१८.पूर्ववत् ६ । १ । १५४ ।
१९.पूर्ववत् ३ । १। १२९ ।
२०.पूर्ववत् ३ ।२ ।२६ ।
२१. पूर्ववत् ३ ।२ ।५९ ।
२२.पूर्ववत् ७ ।२ ।३० ।
२३. व्याकरणमहाभाष्य ३ ।३ । १०१ ।
२४. अष्टाध्यायी, ७ । २ । २६को कात्यायन वार्तिक ।
२५.व्याकरणमहाभाष्यको प्रदीप-व्याख्या ६ ।२ ।२ ।
२६. अष्टाध्यायी ३ । १ । १०१ ।
२७.वैयाकरणसिद्धान्तकौमुदी पृ. ५३६ ।
२८. राज्ञा सोतव्यो ऽभिषवद्वारा निष्पादयितव्यः।
यद्वा लतात्मकःसोमो राजा स सूयते
खण्ड्यतेऽत्रेत्यधिकरणे क्यप् ,निपातनाद् दीर्घः ।
वैयाकरणसिद्धान्तकौमुदी पृ. ५३९ ।
२९.वैयाकरणसिद्धान्तकौमुदीको भाग ४, तत्त्ववोधिनीटीका पृ. १९ ।
३०.अष्टाध्यायी ५ । १ । ११४ ।
३१.पाणिनीय व्याकरण का अनुशीलन, पृ.१११मा उद्धृत ।
३२. अष्टाध्यायी ६ । १ । १४६ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३. निपातनाच्चानित्यविशेषो विस्मयहेतुर्गृह्यते ।
व्याकरणमहाभाष्य ६। १ । १४६।को प्रदीप-व्याख्या ।
३४. व्याकरणमहाभाष्य- प्रदीपव्याख्या ८ ।२ । १२ ।
३५. अष्टाध्यायी ६ ।४ । १७२ ।
३६. पूर्ववत् सूत्रको व्याकरणहाभाष्य,
३७ .व्याकरणमहाभाष्य ८ । २ । ५५ को प्रदीपव्याख्या ।
३८. व्याकरणमहाभाष्य ६ । १ । १२३ ।
३९ व्याकरणमहाभाष्य ३ । १ । १२५को प्रदीप -टीका ।

सन्दर्भगन्थसूची

जयादित्य,वामन, **काशिकावृत्ति**, **न्यास** टीका (टीकाकार जिनेन्द्रबुद्धि) तथा **पदमञ्जरी** व्याख्या(व्याख्याकार हरदत्तमिश्र) सहित भाग १- ६, सम्पा. -द्वारिकाप्रसाद शास्त्री एवं कालिकाप्रसाद शुक्ल, वाराणसी : तारा पब्लिकेशन्स ई. सं. १९६७ ।

दीक्षित, भट्टोजि, **वैयाकरणसिद्धान्तकौमुदी,** (जेबी गुटका) सम्पा. श्रीगोपाल शास्त्री (नेने) वाराणसी : चौखम्बा अमरभारती प्रकाशन ई. सं. १९९७ ।

दीक्षित, भट्टोजि, **वैयाकरणसिद्धान्तकौमुदी,** (चतुर्थभाग) **बालमनोरमा-तत्त्वबोधिनी -शेखर-सुबोधिनी** व्याख्या सहित, सम्पा.गिरिधर शर्मा आदि, दिल्ली : मोतीलाल बनारसीदास, ई.सं.१९७ ९ ।

दीक्षित,भट्टोजि, **वैयाकरणसिद्धान्तकौमुदी,** द्वितीयभाग, **बालमनोरमा** संस्कृतव्याख्या (व्याख्याकार वासुदेव दीक्षित) एवं दीपिका हिन्दी व्याख्या (व्याख्याकार गोपालदत्त पाण्डेय) सहित, वाराणसी : चौखम्वा सुरभारती प्रकाशन ई.सं. १९८८ ।

पतञ्जलि , **व्याकरणमहाभाष्य, प्रदीप** टीका (टीकाकार कैयट) एवं **उद्योत** टीका (टीकाकार नागेश भट्ट) सम्पा. बालशास्त्री १-६ भाग,
वाराणसी : वाणीविलास प्रकाशन वि.सं २०४१ ।

पाणिनि, **अष्टाध्यायी,** परिष्कार, गोपाल शास्त्री सम्पा.गोपालदत्त पाण्डेय, वाराणसी : चौखम्वा सुरभारती प्रकाशन ई. सं. १९९२ ।

भट्टाचार्य, रामशङ्कर, **पाणिनीय व्याकरणका अनुशीलन,** वाराणसी : चौखम्वा विद्याभवन, ई. सं. १९६६ ।

भर्तृहरि, **वाक्यपदीय, अम्बाकर्त्री** व्याख्या सहित (व्याख्याकार पण्डित रघुनाथशर्मा 'पद्मश्री') वाराणसी : सम्पूर्णानन्द - संस्कृत - विश्वविद्यालय, विं सं २०४५ ।

सिंह,अमर, **अमरकोष, रामाश्रमी** संस्कृत व्याख्या (व्याख्याकार भानुजिदीक्षित) एवं **प्रकाश** हिन्दी व्याख्या (व्याख्याकार हरगोविन्द शास्त्री) सहित
वाराणसी : चौखम्भा संस्कृत संस्थान वि. सं. २०६४, पुनर्मुद्रित संस्करण ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकलको एउटा बूढो भ्वाइलेन आशावरीको धूनमा : एक टिपोट

सहप्राध्यापक नवराज कट्टेल

१. कथाकारको परिचय

रमेश विकल (१९८५,कार्तिक २९, २०६५ पुस २) काठमाडौ आरुबारीका निवासी हुन् । बी. ए, बी. एड. सम्मको अध्ययन गरेका विकलले काठमाडौं शहर र यस वरपरका गाउँको जीवनलाई राम्रोसंग हेर्ने र बुझ्ने अवसर प्राप्त गरेका थिए । उनका रचनाहरू यसै पृष्ठभूमिमा आएका छन् । विकलका प्रथम चरणमा बिरानो देशमा (२०१६), नया सडकको गीत (२०१९), दोस्रो चरणमा आज फेरि अर्को तन्ना फेरिन्छ ०२४, एउटा बूढो भ्वाइलेन आशावरीको धूनमा ०२५, तेस्रो चरणमा उर्मिला भाउजू ०४३, शव शालिक सहस्र बुद्ध ०४३, हराएका कथाहरू २०५५ रहेका छन् । उपन्यासमा सुनौली २०३१, अविरल बग्छ इन्द्रावती २०४०, सागर उर्लन्छ सगरमाथा छुन, २०५२ रहेका छन् । नाटकमा सरदार भक्ति थापा (२०३९) मिल्किएको मणि,(२०४२) मान्छे, वैभव र मृत्यु (एकाङ्गी २०५६) रहेका छन् । विकलका सात सूर्य एक फन्को, (२०३४) र नीलगिरिको छायामा (२०४०) नियात्रा प्रकाशित छन् भने दुई दर्जनभन्दा बढी बाल कथासंग्रह, चित्रकथा र बालनाटकहरूसमेत प्रकाशित छन् । विकलले आधा दर्जनभन्दा बढी विभिन्न किसिमका कृतिको विभिन्न भाषाबाट नेपालीमा अनुवादसमेत गरेको पाइन्छ ।(पौडेल, २०६७ : १९) अनेक साहित्यक संस्था र समाजिक संघसंस्थामासमेत संलग्न रमेश विकलले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य बनेर साहित्यको सेवा गर्ने अवसर पाएका थिए । विकललाई अमेरिका, जापान, चीन, बेलायत, थाइल्यान्ड, भारत लगायतका मुलुकको भ्रमण गर्ने अवसर पनि मिलेको थियो ।(पूर्ववत्, : १५) विकलले चार दर्जन जति अभिनन्दन तथा सम्मान प्राप्त गरे । पुरस्कारका हकमा उनले महेन्द्र प्रज्ञा पुरस्कार, मदन पुरस्कार, साझा पुरस्कार लगायत अन्य आधा दर्जन पुरस्कार पाए । (प्रसाई : ३५-३६)

२.कथा प्रवृत्ति :

क. सामाजिक कथाकारका रूपमा विकलको विशेष ख्याति रहेको पाइन्छ । उनी नेपाली समाजका द्रष्टा हुन्, र विश्लेषण कार्ता हुन् । यिनका कथामा नेपाली समाजको चित्र औधि राम्रोसंग उतारिएको हुन्छ । विकल काडमाडौं आसपासको ग्रामीण समाजको चित्र उतार्न निकै सिपालु छन् । शहर र गाउँका सामाजिक विकृतिको चित्रणमा पनि अभिरुचि देखिन्छ । मूलतः ग्रामीण समाजको र अंशतः शहरिया समाजको आर्थिक दुरवस्थालाई सजीव ढंगमा उतार्ने प्रयत्न गर्दछन् । समाजको वहुमुखी समस्याको चित्र उतार्न पनि विकल सिपालु छन् । यिनी प्रगतिवादी चिन्तनवाट प्रभावित भएको हुनाले वातावरणको वहिर्मुखी चित्रमा रमाउँदछन् । (घिमिरे, २०६७ : ५०)
ख. विकल मार्क्सवादी विचारवाट प्रभावित स्रष्टा हुन् । त्यसैले गर्दा वर्गीय पात्र, वर्गीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेतना र वर्गद्वन्द्वको चेतनासमेत सशक्त ढंगमा प्रकट भएको पाइन्छ । शोषण, अन्याय, अत्याचार र अन्धविश्वासको विरोध गरिएको पाइन्छ । उनी आर्थिक, सामाजिक दुरवस्थाको चित्रण गर्न निकै अभिरुचि राख्दछन् । र विपन्न वर्गप्रति सहानुभूतिसमेत प्रकट गर्दछन् । रमेश ग्रामीण समस्याका कथाकार पनि हुन् उनका कथामा काठमाडौं छेउछाउको ग्रामीण जीवन सशक्त ढंगमा मुखरित भएको पाइन्छ । विभिन्न साहित्यसमीक्षकहरूले विकलको ग्रामीण जीवनलाई लिएर कथा लेख्ने प्रवृत्तिको प्रशंसा गरिएको पाइन्छ । 'रमेश विकलकज्यूको ठूलो विशेषता नेपालीहरूको गाउँले जीवनलाई कथासाहित्यमा अभिव्यक्त गर्नु हो । ...अभावग्रस्त, पीडित, दुःखित नेपाली गृहस्को कथाकार हुनुहुन्छ (जोशी २०३४ : ३०४) भन्ने विवेचन पनि निकै सारगर्भित छ ।

मनोवैज्ञानिक समालोचक मुरारीराजले विकलका कथामा पाइने मनोवैज्ञानिक पक्षको अध्ययन गरेका छन् । यसै सन्दर्भमा 'विकलका अधिकांश कथाहरू ग्राम्यजीवनका विभिन्न चित्र प्रस्तुत गर्दछन्, जसभित्र समाजमंगलको अतृप्त आकाँक्षा लुकेको हुन्छ । यिनका कथाहरू गाउँका कथाहरू हुन् । जसमा गाउँघरका पात्रहरूको शोषण, व्यथा, निर्धनता, यौन र संघर्षहरूको चित्रण हुन्छ ।' (रेग्मी २०३८ : ९१) भन्ने उनको टिप्पणी ज्यादै महत्वपूर्ण छ । विकललाई यथार्थवादी कथाकारका रूपमा धेरै समालोचकहरूले विश्लेषण गरेका छन् । विकल यर्थाथवादी कथाकार भएकाले वास्तविक जीवनवाट घटना लिएर कथाको रचना गर्दछन् । त्यसैले विकलका कथा जीवन जगतको ज्यादै नजिक रहेका हुन्छन् ।(घिमिरे, : ५२)

ग. विकल कथाकथनको प्रवल आग्रह राख्दछन् त्यसैले गर्दा कथाको आयतन तुलनात्मक रूपमा लामा छन् । आफ्नो धित नमरुन्जेल र कथा अडानको समुचित अवस्था नआउन्जेल कथाकलेवर तन्किरहेको पाइन्छ । कलात्मकताभन्दा वैचारिक आग्रह यस चरणमा देखिन्छ । (सिलवाल ०६७ : ११४)

घ.द्वितीय चरणमा आइपुग्दा विकलमा मार्क्सवादी चेतनाको अनाग्रहता पाइन्छ । त्यस्तै उनमा अन्तर्मुखी प्रवृत्तिको पनि विकास भएको छ यस कालखण्डमा भने क्षीणकथानकको चयनमा पनि विशेष अभिरुचि राख्न थलेको भेटिन्छ । मनोविश्लेषणमा विशेष ध्यान दिन्छन् भने वालमनोविज्ञानको सहज प्रस्तुतिमा पनि सचेत छन् । यौनमनोविज्ञानमा स्वाभाविक विन्यास र प्रतीक र विम्वहरूको प्रभावकारी स्थापनामा विकल यस चरणमा सशक्त र सफल पनि देखिन्छन् । रमेश आफ्ना कथामा जीवन्त: पात्रहरूको प्रयोग गर्दछन् र सिङ्गो व्यक्तित्व-प्रस्तुति गर्ने चाहना राख्छन् । यस चरणमा विकल मनोज्ञिानको सूक्ष्म धरातलमा प्रवेश गर्दछन् र व्यक्ति चरित्रको उद्घाटनमा अभिरुचि राख्दछन् । फलतः अन्तर्द्वन्द्वको चित्रण सशक्त बन्न गएको छ । विभिन्न कथ्यका माध्यमवाट विभिन्न समस्याको उद्घाटन र निवारणको संकेत समेत गरिएको पाइन्छ । युगीन सन्त्रास र भयको प्रदर्शनमा पनि विकल सचेत छन् । विकल भाषाका कुशल प्रयोक्ता मानिन्छन् । उनले शुरुमा संस्कृतको र पछि नेपाली एवं अंग्रेजी भाषाको अध्ययन गरेका थिए । आफ्नो भाषालाई उनले क्रमशः परिष्कृत परिमार्जित गर्दै लगेको पाइन्छ । कथ्य, पात्र, परिवेश आदिलाई ध्यानमा राखेर तदनुसारको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषाको प्रयोग गर्न विकल सचेत छन् । उखानको प्रयोग कमै भएपनि निपातको प्रयोगले भाषाको प्रयोगलाई सुस्वादु वनाएको पाइन्छ । स्तरीय र व्याकरणसम्मत भाषा र वर्णनात्मक शैलीका कुशल कथाशिल्पीका रूपमा नेपाली साहित्यमा विकलको महनीय स्थान रहेको देखिन्छ ।

३.कथाको विश्लेषण

कथावस्तु :

प्रस्तुत कथामा म (सुव्वा वाजे) लुरे र कोइली तीन पात्रका माध्यमवाट लुरेका मानसिकताको चित्रण गरिएको छ । म पात्रले भ्वाइलेन बजाइरहँदा बेलावखत आएर म पात्र सुव्वा वाजेलाई माइत जान्छु भनेर गएकी श्रीमती नआएकामा **खोइ सुब्बा बाजे त्यो आइन** भन्दै गुनासो गर्ने गर्दछ । आफ्नो घर नभएकाले पण्डितको घरमा सानैदेखि डेरामा बस्दै आएको लुरे सामन्य पिउन जागिरमा लागेको र अक्सर गोकर्ण मन्दिरको आसपासमा भेटिने गर्दछ । जागिरे लुरेलाई देखेर त्यसै टोलमा छातिभरि वैंश लिएर हिड्ने गरेकी कोइली पछि लाग्छे र केही महिना विताएर माइत जान्छु भनी हिडिदिन्छे तर पनि लुरे आफ्नो मनमा अनेक विम्व सृजना गरेर नीरस जीवनलाई सरस र सार्थक वनाउने चेष्टा गर्दछ । कोइली आउँछे भन्ने भ्रम पालेर नै लुरेले जीवन वाँचेको छ । लुरेकै मानसिक तनाव, छटपटी, भ्रम, ऐकान्तिकता र असामान्यताको वर्णनमा कथाको आयतन फैलिएको छ ।

पात्र र परिवेश

प्रस्तुत कथामा लुरे केन्द्रिय पात्रको रूपमा देखिन्छ । उसैको सेरोफेरोमा कथा घुमेको छ । सुव्वा वाजे र कोइली दुई महत्त्वपूर्ण पात्र हुन् । लुरेकै मानसिक द्वन्द्वमा कथा अगाडि वढेको छ । प्रवृत्तिका आधारमा लुरे अनुकुल र कोइली र अन्य केही पात्रहरू छन् जो लुरेलाई जिस्क्याउने गर्छन् यी पत्र प्रतिकुल देखिन्छन् ।

कोइली शुरुमा अनुकुल र पछि प्रतिकुल देखिन्छे । जीवन चेतनाका दृष्टिले सवैपात्र व्यक्तिगत देखिन्छन् त्यस्तै म र लुरे मञ्चीय पात्र हुन् भने कोइली आदि नेपथ्य पात्र हुन् । लुरे, म, कोइली बद्ध पात्र हुन् भने अन्य पात्र मुक्त देखिन्छन् । उमेरका हिसावले कोइली वैंशवाला र लुरे पचास वसन्तको आसपास देखिन्छ । २०/२५ वर्ष आसपासकी कोइली तुलनात्मक रूपमा हृष्टपुष्ट नराम्री भए पनि तारुण्यको आकर्षण देखिन्छ । कथाकार लेख्छन् 'तर कोइली जवान केटी । ऊ यस वूढो सारङ्गीको थोत्रो गीतमा कतिन्जेल रस लिन सक्थी ? उसको तन्नेरी मनको लागि आफूजस्तै तन्नेरी तन र तन्नेरी मनको तरुण गीत चाहिन्थ्यो । त्यसैले केही महिना यस वूढो सुगालाई 'गोपि कृष्ण कहो' घोकाएर मन वहलाई र आखिर उसले आफ्नो मानमाफिक संसार वसाउने वाटो लिई । यस घटनाले लुरेको असमयमा उठेको वूढो वासनालाई नराम्रो धक्का दियो र त्यसैले उसको त्यो उन्मादको रूपमा फुटन गएको थियो ।'(विकल : ४२) यसवाट लुरेको मनोविज्ञान र चरित्रवोध गर्न सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस कथाले लुरेको (एक किसिमको लठेब्रोको) वुढेस कालको यौनमनोवैज्ञानिक तृष्णालाई निकै हदसम्म स्पष्ट पारेको देखिन्छ । लुरे सुब्बा बाजेलाई जहिले जहाँ भेटे पनि कोइली कै विषयमा कुरा गरिरहन्छ । फ्रायड जीवनमा कामशक्तिको भूमिकालाई सर्वोपरि ठान्दछन् । त्यो वासना विभिन्न रूपमा प्रकट हुने गर्दछ र उचित निकास पाउन सकेन भने विकृत र विस्फोटित हुन सक्तछ । लुरेमा यस्तै स्थिति देखिन्छ । वासनावृत्तिले सहज निकास पाउन नसकेकाले दमित वासना विकृत र विस्फोटित देखिन्छ । भुक्त तर अतृप्त वासना उसमा प्रतिबिम्वत छ । वासनामा वसीभूत ऊ असामान्यताको मनोदशामा परिवेष्ठित छ । कथाकारले यस कथाका माध्मबाट शरीरको कुनै अङ्ग विकलाङ्ग भए पनि उसमा वासनावृत्तिको प्रवल संभावना सामान्य मानिसमा जस्तै रहिरहन्छ भन्ने कुरा देखाउन खोजेका छन् । अन्धा, बहिरा र लाटाको जीवनको अध्ययन गर्दा पनि उनीहरूमा वासनाको दमित वृत्ति सहजै पाउन सकिन्छ । खुट्टा र हातले अपाङ्ग भएकाहरूमा त कामवृत्तिको सशक्त उपस्थिति पाइन्छ नै ।

यस कथामा कथाकारले लुरेका अवचेतनका आलम्बन र छटपटीलाई महत्त्वपूर्ण स्थान दिएका छन् । ऊ यसरी बरबराइरहन्छ 'न आएर कहाँ जाली त ? अन्त सुख पाउली र ? ..'मैलेजति माया कसले गर्ला र ?'... 'हो आउँछु भनेर गएकी !' जस्ता भनाइमा र व्यवहारमा उसको असामान्य मनोज्ञिानको प्रतिबिम्व उत्रिएको देखिनछ । उसको एकोहोरोपनलाई देखेर प्रेमवहादुर, बलबहादुर, जमुनी, रत्ने आदिले आफूले भेटेको, आउने कुरा गर्थी, फलानु ठाउँमा छे भन्दा आशाको त्यान्द्रो लिएर 'दिनभर बाङ्गेमूढा, न्त्योखा, न्हैकन्तलाको गल्लीमा कुकुर लरखराएभैं लर्खराएर फर्कन्थ्यो ।' (पृ. ४४) 'लुगा पनि झुत्रो झुत्रो लगाएकी छ रे । अर्काको भाँडा माझ्छे कि के गर्छे । भेटें भने जाऊँ हिंड भन्नु पर्ला । ऊ वडो मार्मिक स्वरमा भन्थ्यो । ' (पृ४४) यसवाट उसको मनोदशाको बोध गर्न सकिन्छ, ऊ तन्मयका साथ कोइलीको लिप्सामा लिप्त छ । जमुनी माईको 'पक्का आउँछे रे' भनाइमा विश्वास गरी चामल मागेर मासुभात पकाउँछ र आधारातसम्म नआएपछि 'भात लगेर कुकुरलाई दिन्थ्यो ।' लुरेको मनोदशाको चिरफार निकै घनीभूत छ र नैसर्गिक वृत्ति विश्लेषित छ । कोइलीलाई भनेर चुरा, पोते धागो, धोती पनि किनिदिएको छ । 'सुब्बा वाजे, मैले त्यसलाई अति माया गरें तर त्यो वैगुनीले मलाई छोडेर गै, ...तिमिलाई छोडेर म कसैसंग पनि जान्न ...भन्थी,.. अव पिन्सिन पनि पाकिहाल्छ, वसेकी भए जागिरको तलव पनि जम्मै त्यसैको हाताँ हालिदिन्छु भन्या थें ' यसवाट उसको तन्मयता र समर्पणभाव झल्कन्छ । सुब्बा बाजे लुरेको असामान्य व्यवहार देखेर टिप्पणी गर्दछन् 'यस्तै रातदिनको पूर्ण एकाग्रताले गर्दा त्यो केटी लुरेको प्रत्येक सासमा मिलिसकेभैं लाग्दथ्यो '(पृ.४६)

लुरेको मनोदशा देखेर उनी लुरे नभाँच्चियोस् र बाँचिरहोस् भनेर लुरेका भावना र विश्वासको कदर गर्छन् र आश्वासन दिन्छन् । उनी टिप्पणी गर्छन् 'उसको हृदयमा वज्र बनेर जमिसकेको विश्वास यदि टुक्रन गयो भने उसको भित्रको मान्छे नै छताछुल्ल हुन असंभव छैन ' 'त्यसैले मनको घोर द्वन्द्वपछि मैले उसलाई विनाश पारेर उसको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
जन्दगी छताछुल्ल पारिदिनु साटो मोहनिद्रमा नै लठ्याएर राख्नु उत्तम ठानेर भनिदिएँ 'धन्दा नमान ! 'ऊ तिमीसंग आउँछे, कसैसंग जान्न ! तिमीलाई ऊ धेरै माया गर्छे, पोइल गै भन्नेहरू फटाहा हुन् ।' (पृ.४९) यही भ्रम पिएर ऊ जीवित रहेको छ । वास्तवमा सद्धे भनिएका मानिसहरू पनि त एउटाएउटा भ्रम पालेर नै जीवन बाँच्ने गर्दछन् । लुरेको भ्रम अरूको भन्दा फरक छ । त्यसैले भिन्न छ ।

भ्रमको तल्लीनताले गर्दा असामान्यताको मनोदशामा पुग्छ र कोइली आँफैसंग आएर बसेको अनुभव गर्दछ र भन्छ 'सुव्वा वाजे ! ऊ असाद्धे राम्री भै छ, ...अव मलाई छोडेर कहिल्यै जान्न रे, मेरो खूव चाकरी गर्छु भन्छे',(पृ.५१) 'लुरे आफ्नो त्यस भ्रमका प्रतीक स्वरूप चुरा धागो हातमा लिएर एकपटक त्यसमा टोलाएरहेको थियो । ' (पृ.५२) यस अवस्थाको लुरेको मनोदशा र नरेन्द्र दाइ उपन्यासमा नरेन्द्रको मृत्युपछि गौरीको मनोदशा तुल्य छ ।

प्रस्तुत कथामा काठमाडौको आसपास ग्रामीण वातावरण एवम् परिवेश रहेको छ । गोकर्ण, वागमती, आरबारीतिरको ग्रामीण सेरोफेरोको वातावरण बुझ्नुपर्छ । साँझ र बिहानको समयगत सामन्य वातावरण र लुरेको डेरा, मन्दिर, सत्तल, पसल आदि स्थानगत वातावरण चित्रित छ भने लुरेको अन्तर्मनको जगत् पनि सशक्त ढंगमा अभिव्यञ्जित छ ।

' '

भाषाशैली :

विकलको भाषाशैली सहज र सरल छ । व्याकरण सम्मतभाषा स्तरीय र परिस्कृत भाषा प्रयोग गर्न निकै सिपालु देखिन्छन् । तत्सम्, तद्भव आगन्तुक शब्दको समुचित प्रयोग भेटिन्छ । सरल, संयुक्त र मिश्र वाक्य ढाँचा मध्ये सरल वाक्य ढाँचाको प्रयोग वढी देखिन्छ । कथाको आयतन लामै देखिन्छ । १६ पेज फर्माको १४ पेज लामो छोटो ४७ अनुच्छेदमा कथाको आयतन फैलिएको पाइन्छ । वर्णनात्मक सरल शैलीमा कथाको संरचना गरिएको छ ।

निष्कर्ष : ' '

प्रताप प्रधानको टिप्पणी ज्यादै सटीक देखिन्छ ।'उनको "एउटा बूढो भ्वाइलेन आशावरीको धुनमा " नामक कथा संग्रह पनि पाइन्छ । क्षीणकथावस्तुको संयोजन बाट पात्रको सूक्ष्म मनोविश्लेषण गर्दै कथा संरचनामा नयाँपन प्राप्त गर्ने विकल यस संग्रहमा मनोवैज्ञानिक देखिए तापनि सम्पूर्ण रूपमा चाँहि उनी प्रारम्भिक कालीन कथाप्रवृत्तिबाट पनि मुक्त हुन सकेका छैनन् । सामाजिक धरातलमा उनका मनोवैज्ञानिक दृष्टिहरू अङ्कित छन् । वस्तुतः उनी आफ्नो कथाकारितामा यथास्थितिको सन्तुलको कायम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
गिर्न चाहन्छन् र यही सन्तुलन नै उनको कथाकारिताको उपज पनि हो ।'(प्रधान २०४० : १११) यसबाट विकल समाजकै केन्द्रीयतामा मनोवैज्ञानिक कथाको प्रणयन र कलात्मकताको आधान गर्छन् भन्ने कुराको निष्कर्ष निकाल्न सकिन्छ । उनको टिप्पणी छ 'मेरी सना भतिजी, एउटा वूढो भ्वाइलेन आशावरीको धूनमा मधुमालती आदि उत्कृष्ट कथाका रूपमा देखिन्छन् ।' (प्रधान, पूर्ववत्) कतिपय समीक्षकहरूले 'विकल कथा र उपन्यास जगत्का महारथी थिए ।' (प्रसाई २०६८ : ३५) भनी सारगर्भित टिप्पणी गरेको पाइन्छ । 'रमेश विकल नेपाली गद्य विधाका त्यस्ता वहुमुखी प्रभित्भाशाली साहित्यकार हुन् , जसको अरूसंग तुलना हुन सक्दैन । ...नेपाली आख्यान साहित्यमा त विकल अतुलनीय युग पुरुष हुन् ।' (थापा २०६८ : ३९)

लामै आकारप्रकारमा फैलिएको भाषिक सौष्ठवतायुक्त प्रस्तुत कथा लुरेको मनोवैज्ञानिक यथार्थ र काठमाडौ आसपासको ग्रामीण जीवनको सामाजिक यथार्थ अङ्कन गर्न सफल देखिन्छ ।

सन्दर्भ सामग्री

घिमिरे कृष्णप्रसाद २०६७ रमेश विकलका कथागत प्रवृत्ति, रमेशविकल व्यक्ति एक प्रतिविम्व . . अनेक, काठमाडौं, रमेश विकल साहित्य प्रतिष्ठान,

जोशी रत्नध्वज २०३४ कथा, कथाकार र आलोचक, साझा समालेचना, काठमाडौ, साझा प्रकाशन

थापा मोहन २०६८ संझनाको उज्यालोमा रमेश विकल, विकल स्मारिका, काठमाडौं, रमेश विकल साहित्य प्रतिष्ठान

दयाराम र मोहनराज शर्मा ०४९ नेपाली साहित्यको इतिहास, साझा प्रकाशन, ल.पु.

प्रधान प्रमोद २०५९ नेपाली कथामा यौन : एक संक्षिप्त अवलोकन, समकालीन, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

प्रधान प्रताप २०४० नेपाली कथावलोकन, दार्जीलिङ, दीपा प्रकाशन,

प्रसाईं नरेन्द्रराज २०६८ विकलको शिर नै स्वाभिमानी थियो, विकल स्मारिका काठमाडौं, रमेश विकल साहित्य प्रतिष्ठान

रेग्मी मुरारीराज २०३८ मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिप्ठान

विकल रमेश २०५०, एउटा वूढो भ्वाइलेन आशावरीको धूनमा, काठमाडौं, साझा प्रकाशन

सिलवाल हरिप्रसाद ०६७ रमेश विकलका कथामा विचार पक्षा, रमेश विकल विम्व एक प्रतिविम्व .अनेक, काठमाडौं, रमेश विकल साहित्य प्रतिष्ठान,

होमनाथ पौडेल, ०६७ रमेश विकलको जीवन वृत्त, रमेश विकल विम्व एक प्रतिविम्व अनेक, . काठ.रमेश विकल साहित्य प्रतिष्ठान,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Transit Of Venus

Jayanta Acharya
Lecturer, Balmikee Campus

Barely eight years after the passage of Venus in front of the sun on June 8, 2004, is a repeat of the rare celestial show almost upon us. This June[1], Venus[2] will pass across the face of the sun for the second time in a decade and the last time for 105 more years. For 6 hours and 40 minutes, Venus's little black orb will be visible in silhouette as the creeps across the sun's brilliant disk. Miss the 2012 transit and it will be a long wait until December 11, 2117.

The transit of Venus are among the rarest of solar- system alignments. Only seven occurred since Galileo[3] first pointed a telescope toward the heavens. Venus goes through inferior conjunction(Passing between Earth and Sun) every 584 days, but 3.4 tilt of Venus's orbit[4] with respect to Earth's orbit usually carries Venus well north or south of the sun during conjunctions. A transit is possible only when Venus is at inferior conjunction very close to where the orbital planes of Venus and Earth intersect (at the nodes of Venus's orbit).

Venus transits recur in an interesting 243 years pattern: they come at intervals of 8, 105.5, 8 and 121.5 years in a repeating cycle. For example the 8 year pair of transit in 2004 and 2012 both occur at Venus' descending node, with the sun looking down on June flowers in Earth's northern Hemisphere. After 105.5 years have elapsed, the next pair of transits in 2117 and 2125 will occur at Venus's ascending node, looking down on December scenes. Fast forward another 121.5 years later and the 243 year pattern begins again, with an 8 years pair of transits at the descending node in June of 2247 and 2255.

Observing the Sun, however, can be dangerous if the proper precautions are not taken. The solar radiation that reaches the surface of Earth ranges from ultraviolet (UV) radiation at wavelengths longer than 290 nm, to radio waves in the metre range. The tissues in the eye transmit a substantial part of the radiation between 380–400 nm[5] to the light-sensitive retina at the back of the eye. While environmental exposure to UV radiation is known to contribute to the accelerated aging of the outer layers of the eye and the development of cataracts, the primary concern over improper viewing of the Sun during the transit is the development of "solar retinopathy" or retinal burns.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Exposure[6] of the retina to intense visible light causes damage to its light-sensitive rod and cone cells. The light triggers a series of complex chemical reactions within the cells which damages their ability to respond to a visual stimulus, and in extreme cases, can destroy them. The result is a loss of visual function, which may be either temporary or permanent depending on the severity of the damage. When a person looks repeatedly, or for a long time, at the Sun without proper eye protection, this photochemical retinal damage may be accompanied by a thermal injury—the high level of visible and near-infrared radiation causes heating that literally cooks the exposed tissue. This thermal injury or photocoagulation destroys the rods and cones, creating a small blind area. The danger to vision is significant because photic retinal injuries occur without any feeling of pain (the retina has no pain receptors), and the visual effects do not become apparent for at least several hours after the damage is done. Viewing the Sun through binoculars, a telescope, or other optical devices without proper protective filters can result in immediate thermal retinal injury because of the high irradiance level in the magnified image.

It is never safe to look at the sun without proper eye protection. No filter should be used with an optical device (e.g. binoculars, telescope, and camera) unless that filter has been specifically designed for that purpose and is mounted at the front end (i.e., end towards the Sun). Unsafe filters include all color film, black-and-white film that contains no silver, photographic negatives with images on them (x-rays and snapshots), smoked glass, sunglasses (single or multiple pairs), photographic neutral density filters and polarizing filters, computer disk media. Most of these transmit high levels of invisible infrared radiation which can cause a thermal retinal burn. The fact that the Sun appears dim, or that you feel no discomfort when looking at the Sun through the filter, is no guarantee that your eyes are safe. A person with eye damage from improper viewing may not notice the damage until hours later.

The next transit of Venus occurs June 6, 2012, early in the morning in Nepal. Observers in North America see it the evening of June 5. This will be the last transit of Venus to occur in your lifetime. Do not miss it. Mark your calendar. Plan your observing location and eye safety.

---

1. June is the sixth month of the year in the Julian and Gegorian celendars and one of the four months with a length of 30 Days.
2. Venus is the second planet from the Sun, orbiting it every 224.7 Earth days. The planet is named after Venus. the Roman goddess of love and beauty.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

3. Galileo Galileo (15 February 1565 - 8 January 1642), was an Italian physicist, mathematician, astronomer, and philosopher who payed a major role in the Scientific Revolution.
4. Orbit is the gravitationally curved path of an object around a point in space.
5. A nanometre (American spelling: nanometer; symbol nm) is a unit of length in the metric the wavelongth of electoromagnetic radiation near the visible part of the spectrum: visible light, in particular, ranges from 400 to 700 nm.
6. In photography, exposure is the total amount of light allowed to fall on the photographic medium (photographic film or image sensor) during the process of taking a photograph. Exposure is measured in lux xeconds, and can be computed from exposure value (EV) and scene luminance over a specified area.

References:

1. Sarvananda karanam by Ganesha

1. Aryabhata Ganitapada (5th Century A.D.)

5. Bhaskaracharya, Lilavati (12th Century A.D.)

6. D.E. Smith. history of Mathematics Vol II (1938)

7. Ganesha Daivajna, Lilavati with Buddhivilasi commentary Anandashram (1936)

8. Lilavati with Kriyakarmakari, Vishveshvarananda Indologival Series 66

9. Narayana Daivagna, Ganita Kaumudi (11th century)

10. The Universal History of Numbers from prehistory to the invention of the computer, Georges Ifrah The Harvill Press London

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समासशक्तिस्वरूपम्

उपप्रा.रामचन्द्रकण्डेलः
कालिकासंस्कृतविद्यापीठम्,
गैडाकोट, नवलपरासी

वृत्तयः पञ्चतय्यः सन्ति । कृत्तद्धितसमासैकशेषसनाद्यन्तधातुरूपाः । यस्मिन् समुदाये पदद्वयं पदत्रयं वा परस्परं समस्यते स मुदायः समासो भवतीति कैश्चिदाचार्यैरुक्तमस्ति। समसनं समासः सङ्क्षेप इति यावत्। समाससम्बन्धे महर्षिपाणिनिना सुस्पष्टतया किमपि नोक्तं सूत्रादिकम्। किन्तु "समर्थ पदविधि"रिति सूत्रनिर्देशेन समर्थस्य पदविधित्वमुक्तं प्राप्यते। विग्रहवाक्यार्थाभिधाने यः समुदायः शक्तः स समासोऽस्ति। पदयोर्विधिः पदानां वा विधिः समासः। इयं समासवृत्तिर्द्विधोच्यते जहत्स्वार्थाऽजहत्स्वार्था च। अवयवनिरपेक्षत्वे सति समुदायार्थबोधकत्वं जहत्स्वार्थात्वम्। अवयवसंबलितसमुदायाथबोधकत्वमजहत्स्वार्थात्वम्। समासादिषु पञ्चवृत्तिषु विशिष्ट एव शक्तिर्नत्ववयवे। धवखदिरौ, निष्कौशाम्बिः, गोरथः, घृतघटः, गुडधानाः, केशचूडः, सुवर्णालङ्कारः, द्विदशाः, सप्तपर्ण इत्यादौ साहित्य-क्रान्त-युक्त-पूर्ण-मिश्र-सङ्घात-विकार-सुच्प्रत्ययलोप-वीप्साद्यर्था वाचनिका वाच्या इति भाष्याशयो वर्तते । अत्र सर्वत्र समासेष्वेकार्थीभावसामर्थ्यं वर्तते । नैय्यायिकमीमांसकानां व्यपेक्षासामर्थ्यवादीनामतिरिक्तशक्त्यस्वीकारे सर्वत्र अभिधाभिन्ना लक्षणा स्वीकर्तव्या भवेत् । समाससम्बन्धे सारस्वतव्याकरणकारः कथयति यत् -

विभक्तिर्लुप्यते यत्र तदर्थस्तु प्रतीयते।
ऐकपद्यं पदानां च स समासोऽभिधीयते॥

पुनश्च कथितं यत् - सापेक्षमसमर्थं भवतीति। यत्र सामर्थ्यं तत्रैव समासः। ऋद्धस्य राजपुरुष इत्यत्र समासघटकेन ऋद्धपदार्थेन साहान्वयार्थकतया राजपदस्यासामर्थ्येन तस्य ऋद्धराजमातङ्गा इत्यादौ च मातङ्गपदेन सह समासस्यासाधुत्वेन ऋद्धस्य राजपुरुष ऋद्धस्य राजमातङ्गा इति प्रयोगाः साधवो न भवन्ति । किन्तु नित्यसाकांक्षपदस्य समासघटकपदार्थेन सहान्वितार्थकत्वेऽपि पदान्तरेण समासो भवत्येव चैत्रस्य गुरुकुलं यथा। केचित्तु उक्तवाक्येषु चैत्रादिपदार्थानां समुदायार्थेन सह सहान्वयं मत्वा गुरुप्रभृतिपदार्थानां सामर्थ्यं कथयन्तो गुरुकुलादिपदैः समासं समर्थयन्ति। उक्तञ्चैतद्वाक्यपदीये -

समुदायेन सम्बन्धो येषां गुरुकुलादिना।
संस्पृश्यावयवाँस्ते तु युज्यन्ते तद्वता सह॥

समासोऽयं षट्प्रकारकः। उक्तञ्च वैयाकरणभूषणसारे -

सुपां सुपा तिङां नाम्ना धातुनाऽथ तिङां तिङा।
सुबन्तेनेति विज्ञेयः समासः षड्विधो बुधैः॥

पा.सू., २. १. १ ।
सारस्वतव्याकरणम्,
वाक्यपदीयम्,
वैयाकरणभूषणसारः,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुपां सुपा यथा – राजपुरुषः, सुपां तिङा यथा– पर्यभूषयत्, सुपा. नाम्ना यथा– कुम्भकारः, सुपां धातुना यथा– कटप्रूः, तिङां तिङा यथा– पिबत–खदता, तिङां सुपा यथा– जहिस्तम्बः। इयं समासवृत्तिः पूर्वोक्तद्विप्रकारिका जहत्स्वार्थाऽजहत्स्वार्था चेति। उक्तञ्च भूषणकारिकायाम् –

जहत्स्वार्थाऽजहत्स्वार्थे द्वे वृत्ती ते पुनस्त्रिधा।
भेदः संसर्ग उभयं वेति वाच्यवयवस्थिते॥

राजपुरुष इत्यत्र राजसम्बन्धवान् पुरुष इति शाब्दभानं भवति। अराजकीयभिन्न इत्यादिभेदस्तूत्तर–कालमुपतिष्ठते। अतः प्रथमोपस्थितिरुपान्तरङ्गत्वात् संसर्ग एव वाच्यः। भेदस्तु तात्पर्यग्राहकसापेक्षत्वेन बहिरङ्गत्वान्न वाच्यः। किन्तु आर्थिक एवेति भावः। संसर्गस्य भेदादिनाऽभावित्वात् संसर्गेण हेतुना भेदोऽनुमीयत इति ग्रन्थकारस्याशयः। अत्र त्रिविधपदार्थेषु भेदोऽनुमानगम्यः, न तु शाब्दः। समासे पङ्कजशब्दवद् भिन्नैव शक्तिरस्ति। उक्तञ्च वैय्याकरणभूषणसारे –

समासे खलु भिन्नैव शक्तिः पङ्कजशब्दवत्।
बहूनां वृत्तिधर्माणां वचनैरेव साधने॥
स्यान्महद्गौरवं तस्मादेकार्थीभाव आश्रितः॥

समस्यमाने पङ्कजशब्दे योगार्थस्वीकारे शैवलादेरपि ज्ञानं स्यात्। वृत्तिधर्माविशेषणलिङ्गसंख्याद्ययोगादयः, "सविशेषणानां वृत्तिर्न, वृत्तस्य च विशेषणयोगो न" इत्यादिवचनैरेव व्यपेक्षवादीनां नैय्यायिकमीमांसकानां तत्तद्वचनस्वीकारे महद्गौरवं स्यात्। एकार्थीभावसामर्थ्यस्वीकर्तृणां वैय्याकरणानां मते अवयवार्थाभावात् विशेषणाद्ययोगो न्यायसिद्धः, "वचनं च नकर्तव्यमिति" महल्लाघवं स्यात्। समासे एकार्थीभावसामर्थ्यस्यास्वीकारे राजपुरुषादिपदानामर्थवत्वाभावात् "अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्" इत्यादिसूत्रेण प्रातिपदिकत्वमेव न स्यात्। तदभावे स्वादिविभक्तीनां समुत्पत्तिश्च न भवेत्। तस्यां स्थितौ राजपुरुष इति समुदायः सुबन्तत्वाभावात् "सुप्तिङन्तं पदमिति" पदत्वं न स्यात्। तस्यां स्थितौ "अपदं न प्रयुञ्जीत" इति पातञ्जलमहाभाष्यानुसारं राजपुरुषादीनां प्रयोगानर्हत्वं स्यात्। अन्यच्च –

अषष्ठ्यर्थबहुब्रीहौ व्युत्पत्यन्तरकल्पना।
क्लृप्तत्यागश्चास्ति तव तत् किं शक्तिं न कल्पयेः॥

प्राप्तोदको ग्राम इत्यादौ अषष्ठ्यर्थबहुब्रीहौ विनिगमकाभावात्, यौगिकानां कर्त्राद्यर्थकतया साक्षात् सम्बन्धाविशेषात्। न च पदद्वये लक्षणा, नैय्यायिकोक्तं सङ्गतम्, बोधावृत्तिप्रसङ्गात्। न च परस्परं तात्पर्यग्राहकत्वादेकस्यैवैकदालक्षणा न द्वयोरित्यपि कथनं न युक्तिसङ्गतम्। विनिगमनाविरहेण लक्षणया असम्भवात्। तथा च अषष्ठ्यर्थबहुब्रीहौ प्राप्तव्यार्थस्यान्यप्रकारेणालाभात्, समासे अतिरिक्तैव शक्तिरवश्यं स्वीकर्तव्या स्यात्।

पूर्ववत्।
पूर्ववत्।
व्युत्पत्तिवादः,
पा सू. १। २। ४५।
पा सू. ७। ८। ७८।
वैयाकरणमहाभाष्यम्,
वैयाकरणभूषणसारः,
पूर्ववत्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
भाष्यकारेण च व्यपेक्षाया अपि चर्चां कृत्वा तस्याऽनुपयुक्तत्वादेकार्थीभाव आश्रयितव्य इत्युक्तमस्ति। धवखदिरावित्यादिस्थलेषु चकाराद्यर्थस्वीकारेण बहुव्युत्पत्तिभञ्जनात्मको दोषः सम्भवेत्। उक्तञ्च वैय्याकरणभूषणसारे –

चाकारादिनिषेधोऽथ बहुव्युत्पत्तिभञ्जनम्।
कर्तव्यं ते न्यायसिद्धं त्वस्माकं तदिति स्थितिः ॥

एवञ्च वसन्ते "निषादस्थपतिं याजयेत्" इति श्रुत्युक्तवचनानुसारं निषादस्थपतिपदस्य समासशक्तिपक्षे निषादरूपे निषादानाञ्च स्थपतौ निषादस्वामिके पुरुषान्तरे चेत्येवं सर्वत्र शक्तत्वान्नानार्थकोऽयं शब्दस्तथा च निषादानां स्थपति इति निषादस्थपतिः षष्ठीसमासः। निषादस्थपतिर्यस्येति बहुब्रीहिसमासे निषादस्थपतिः। निषादश्चासौ स्थपति इति निषादस्थपतिः, इति कर्मधारयसमासः। नानार्थेऽत्र शब्दे "तात्पर्याद्विशेषार्थावगतिः," इति न्यायेन तत्कल्पनायां पदद्वयेन पूर्वोपस्थितार्थे एवोपस्थित्यादिलाघवसत्वात्तदर्थः कप्यते। नैय्यायिकमीमांसकानामपि तात्पर्येऽर्थे "यष्टीः प्रवेशय" इतिवल्लक्षणया दुर्वारत्वात् तात्पर्यमेव विशेषार्थकल्प्यकोटावशिष्यत इति सर्वं विशदम्।

सन्दर्भग्रन्थाः

१) पतञ्जलिः, व्याकरणमहाभाष्यम्, द्वितीयसंस्करणम्, सं.श्रीगुरुप्रसाद शास्त्री, वाराणसी : वाणीविलासप्रकाशनम्, ई. सं.१९८८।
२) पाणिनि, अष्टाध्यायीसूत्रपाठः, सं. पण्डितश्रीरामगोविन्दशुक्लः, वाराणसी : वराणसेयसंस्कृतसस्थनम्,वि.सं. २०४०।

३) भट्टकौण्ड, वैय्याकरणभूषणसारः, पञ्चमसंस्करणम्, सं.पं.गोपालशास्त्री नेने, वाराणसी : चौखम्वा अमरभारती प्रकाशनम्, ई.सं. १९८१।
४) भट्टाचार्यगदाधरः, व्युत्पत्तिवादः, पं.सुदर्शनाचार्यस्यादर्शटीका, वाराणसी : वाणीविलासप्रकाशनम्, वि.सं.२०४१।
५) भर्तृहरिः, वाक्यपदीयम्, तृतीयसंस्करणम्, रघुनाथशर्मकृताम्वाकर्त्रीटीका, वाराणसी : सम्पूर्णानन्द-संस्कृत-विश्वविद्यालयः, वि.सं. २०४५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अलङ्कारशास्त्र र परम्परा

सह.प्रा. श्रीराम सापकोटा

अलङ्करोति यस प्रकारको विग्रहवाट सम्पन्न अलङ्कार शव्दले श्रृङ्गार, आभूषण वा देहलाई [1]उत्कर्ष अवस्थामा पुऱ्याउने विशेष सामग्री लोक व्यवहारमा बुझाए ता पनि काव्यशास्त्रीय परम्परामा काव्यलाई उत्कर्ष अवस्थामा लैजाने रसोत्पत्तिका लागि सहयोगी वन्न सक्ने विशेष प्रकारको काव्य गत तत्वलाई वुझाउँदछ । रमणीय अवस्थामा [2]खण्डकाव्य, [3]महाकाव्य, नाटक अथवा जे जति दृश्य र श्रव्यकाव्य[4] छन् ती सबैको उत्तम श्रृङ्गार नै अलङ्कार हो । शरीरलाई सिङ्गार्ने [5]वाला कुण्डल माला, केयूर आदि वस्तुहरुलाई लोक व्यवहारमा अलङ्कार शव्दले पुकारिन्छ त्यसै गरी काव्यहरुमा पनि काव्यरुपी शरीरको अतिशय चमत्कृति दिने अनुप्रास - उपमा रुपक दीपकलाई अलङ्कारशव्दले व्यवहार गरिन्छ । जसरी यस संसारमा श्रृङ्गार सामग्रीले ठाँटिएर सजिएकालाई उत्कृष्ट मान्दै आहा कति राम्रो र राम्री भनिन्छ त्यसरी नै अलङ्कारहरुद्वारा युक्त भएका काव्यहरुलाई उत्कृष्ट काव्यको रुपमा विशेष स्थान दिई कवि प्रतिभाको उच्चतम स्थितिको प्रशंसा गरिन्छ । उच्च स्थान पाएका काव्यले सहृदयी कविजनको चित्तलाई अलौकिक र अव्यक्त आनन्दको अवस्थामा पुऱ्याई "सत्यं शिवं सुन्दरं" को विशिष्ट पक्षलाई मूर्त रुप दिन्छ । यस प्रकारको अलङ्कारको इतिहास खोजी गर्दा [6]आर्य संस्कृतिको मूलग्रन्थ ऋग्वेद जसलाई अपौरुषेयको स्थान दिइएको छ त्यहाँ पुगी विश्राम लिइन्छ । ऋग्वेदमा शव्दगत चमत्कारिता प्रदान गर्ने शव्दालङ्कार, अर्थगत चारुता दिने अर्थालङ्कार, शव्द र अर्थगत दुवैको सौन्दर्य "एकवृन्तफलद्वयगत" न्यायले (भेट्नो एउटा तर त्यो भेट्नोको आधारलिई फलेका दुइवटा समान आकार प्रकार र स्वादको फल झैं) बनेको शव्दार्थालङ्कार वा उभयालङ्कारलाई उदाहरणको रुपमा उतारिएको मन्त्रहरु प्रसस्त छन् । वेद, उपनिषद, ब्राहमण ग्रन्थ पुराण, महाभारत, रामायण उपपुराणहरु मा पनि विभिन्न अलङ्कारका उदाहरणहरु छन् । उपमान उपमेय, साधारण धर्म, वाचक पदहरुका [7]अधिकता समता, न्यूनता, लुप्तता आदिकारणवाट शव्दगत अर्थगत, उभय गत गरी ३ रुपमा अलङ्कारस्वरुप वेदादिग्रन्थमा संस्थापन भएता पनि अलङ्कारको परिभाषा र नामको पहिचान गराई अलङ्कार शास्त्रको ऐतिहासिक परम्परामा भरतमुनिले [8]केवल ४ वटा अलङ्कार उपमा, रुपक दीपक र यमकको आफ्ना ग्रन्थमा विवेचना गरेका छन् । तर यस प्रकारको चार अलङ्कारको प्राचीनतालाई उछिनेर काव्यमीमांसा ग्रन्थकार राजशेखरले आफ्नो ग्रन्थ काव्यमीमांसामा अलङ्कारशास्त्रको प्राचीनतालाई कथानकको रुपमा एउटा कथा लेख्नु भएको छ । जस अनुसार शङ्करले[10] अलङ्कारशास्त्रको शिक्षा सर्वप्रथम व्रह्मा विष्णु आदि ६४ शिष्यलाई, व्रह्माले मरीचि आदि महर्षिहरुलाई उपदेश दिई, शिष्य मध्यका सरस्वतीपुत्र काव्यपुरुषलाई काव्यविद्याको परम्परा चलाउन आज्ञा गर्दा काव्यपुरुषले यस विद्याको १८ भाग गरी उत्तम श्रेणीका १८ वटा शिष्यलाई विस्तृत उपदेश दिई, तिनै शिष्यहरुले विभिन्न विधाहरुलाई समेटेर तयार भएको १८ अधिकरण युक्त ग्रन्थ वन्यो र वर्तमान समयमा सवैको आधारभूत काव्यविद्या समेत १८ विद्यास्थान (विभाग)

---

[1] उत्कर्षहितवः प्रोक्ता गुणालङ्काररीतयः । साहित्यदर्पण, प्रथम परिच्छेद पृ. २८

[2] खण्डकाव्यं भवेत् काव्यस्यैक देशानुसारि च । साहित्यदर्पण, षष्ठ परिच्छेदः पृ. ५९५

[3] सर्गवन्धो महाकाव्यम् । साहित्यदर्पण, षष्ठ परिच्छेद: पृ. ५९०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काव्यपुरुषकी वधू साहित्यविद्या भनी काव्यसाहित्यसम्वन्धी अनेक विषय भएको कविरहस्य भन्ने प्रथमाधिकरण र यस्तै अरु १७ अघि करण भएको हुन सक्छ तर हाल कवि रहस्य भन्ने प्रथमाधिकरण मात्र काव्यमीमांसामा उपलब्ध छ । यसरी काव्यपरम्परा अविच्छिन्न हुँदै अघि वढी भरतमुनिको समयमा आइपुग्दा रस सम्प्रदायको आधारशिला तयार भई जसको सिद्धान्त प्रतिपादन हुन्छ । [११]विभावानुभावव्यभिचारिसंयोगाद्स रसनिष्पत्ति' सूत्रद्धारा रससिद्धान्तका प्रवर्तक भरतले काव्यशास्त्रलाई अलङ्कारशास्त्रको रुपमा अग्रगति दिएका छन् । साहित्यशास्त्र, काव्यविद्या हुँदै विकासको सेरोफेरोमा अघि वढेको अलङ्कारशास्त्रलाई नाट्यशास्त्र प्रणेता भरतले आफ्नो ग्रन्थमा विशेष स्थान दिई उपमा रुपक दीपक यमकालङ्कारको विवेचना गरे । भरत पछि काव्यालङ्कार, ग्रन्थकार भामह आधुनिकहरुमा सर्वप्रथम बन्दै विकासक्रममा मेरुदण्डको स्थान लिन सफल हुनु भयो । यस प्रकारले अलङ्कारशास्त्रको विकासका ४ चरण मानी काल विभाजन गरी जसको संरचना यस्तो वन्न गएको छ। १ प्रारम्भिक काल, २. रचनाकाल, ३. निर्णयात्मक काल, ४. व्याख्यात्मक काल । यसरी चारभागमा विभक्त अलङ्कारशास्त्रको इतिहासलाई हेर्दा विभिन्न कालखण्डमा उत्तरोत्तर परिभाषा सङ्ख्या र तिनका व्याख्याताको वृद्धि हुँदै जानुले यस शास्त्रको महत्ता र उपलब्धी विशेष खालको वन्न गएको छ ।

क) प्रारम्भिक कालः

वैदिक समय देखि आरम्भ भई भामहपूर्व समयसम्मको अवधिलाई वैदिक काल भनिन्छ । यस समयमा विभिन्न आचार्यहरुद्वारा उपमा-दीपक-रुपक-यमक जस्ता चारवटा अलङ्कारहरुको निरुपण गर्नु भएको छ ।

ख) रचनाकालः

काव्यालङ्कार प्रणेता भामहवाट शुरु भएर ध्वन्यालोक ग्रन्थका प्रणेता ध्वनिवादका प्रवर्तक आनन्द वर्द्धनाचार्यसम्मको काललाई विभिन्न पूर्वाचार्यहरुद्वारा रचनाकालको नामकरण गरिएको यस युगमा अलङ्कारशास्त्रको विकास प्रारम्भ भएको देखिन्छ । यस कालखण्डमा दण्डी, उद्भट - रुद्रट हुँदै "काव्यको आत्मा रीति" नै हो भन्ने मतलाई अग्रगति दिने आचार्य वामन देखा पर्नु हुन्छ यसरी छैठौं शताव्दीवाट शुरु भई नवौं शताव्दीको पूर्वाद्धसम्म वा वामनका समयसम्मको अवधिलाई मूल्याङ्कन गरी त्यस भन्दा अझ सशक्त हुँदै [१२]ध्वनिरात्मा काव्यस्य" भन्ने दृढ विचार आनन्दवर्धनाचार्यले आफ्नो ध्वन्यालोक ग्रन्थमा राख्नु भएको छ । काव्यादर्शमा दण्डीले काव्यशोभाकरान् धर्मान् अलङ्कारान् प्रचक्षते" (काव्यको शोभादिने धर्म भएको अलङ्कार हो भन्ने प्रमाण दिनु भएको छ) वाक्यद्वारा स्वमतलाई संस्थापनका साथ अलङ्कार गत मान्यतालाई उद्घोषणको कार्य गर्नु भएको छ । उद्भट, रुद्रट र वामनले पनि अलङ्कार शास्त्र संरक्षण र सम्वर्धन कार्यका लागि आफ्ना कृतिका माध्यमले ठूलो भूमिका निर्वाह गरेको देखिन्छ ।

---

[८] दृश्यश्रव्यत्वभेदेन पुन: काव्यं द्विधामतम् । साहित्यदर्पण, षष्ठ परिच्छेदः पृ. ५८७

[९] अलङ्काराः कटककुण्डलादिवत् । साहित्यदर्पण, प्रथम परिच्छेदः पृ. १५

[१०] आर्यसंस्कृते मूलोग्रन्थ ऋग्वेदः एव अलङ्कारशास्त्रस्य संक्षिप्तेतिहास. पृ. १

[११] पूर्णा लुप्ता च साग्रिमा काव्यप्रकाश दशम उल्लासः पृ. ४४३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग) निर्णयात्मक कालः

अलङ्कार शास्त्रको निर्णयात्मककालमा अलङ्कारसम्वन्धी मान्यता, परिभाषा र संख्या विषयमा जे जस्ता निर्णय र जसको पृष्ठ भूमिमा लक्षणशास्त्र, काव्यहरु तयार भए ती कार्यवाट आंकलन गर्दा निर्णयात्मककालको महत्वपूर्ण उपलव्धी तयार भएको पाइन्छ। विशेषगरी आनन्दवर्धनको समयदेखि काव्यप्रकाश ग्रन्थकार मम्मट सम्मको अवधिलाई निर्णयात्मक कालको भाग मानिएको छ। आनन्द वर्धनाचार्यको ध्वनिकालको अवधि रचनाकाल अन्तिम भाग र निर्णयात्मक कालको आदिमा भाग रहेको छ। यसरी दुवै भागमा ध्वन्यालोक ग्रन्थले आफ्नो वर्चस्वलाई उद्दीप्त वनाई अलङ्कार शास्त्रलाई अग्रपंक्तिमा लगेका छन्। ध्वनिप्रस्थानवादीको वर्चस्ववाट असह्य भई त्यसको विरोधका लागि [१३]कुन्तकले वक्रोक्ति काव्यको आत्मा हो, ध्वनि होइन, वक्रोक्ति भित्र नै ध्वनि समेटिन्छ, त्यसैलाई बेग्लै अस्तित्वको स्थान आवश्यक छैन भन्नुहुन्छ।

यसरी कुन्तकले वक्रोक्ति भित्रै ध्वनिलाई अन्तर्भाव गरी वक्रोक्ति सम्प्रदायलाई आफ्नो "वक्रोत्ति जीवितम्" ग्रन्थद्वारा निर्विवाद गर्नु भएको प्रयास स्तुत्य देखिन्छ व्यक्ति विवेककारद्वारा पनि ध्वनिवादलाई ओझेलमा पार्न खोजी अनेकौं तर्कशास्त्रलाई आश्रय मानी ध्वनिलाई अनुमानमा अन्तर्भाव गर्न प्रयास गरियो। त्यस पछि "सरस्वतीकण्ठाभरणम्" ग्रन्थमा देखा पर्नु भएका भोजराजद्वारा दोष र गुण आदिको विवेचना गरियो। आचार्य वरेण्य वाग्देवतावतार काव्यप्रकाश ग्रन्थकार आचार्य मम्मटले काव्यं यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये। सद्यः परनिर्वृतये कान्तासम्मिततयोपदेश युजे" भन्ने मूल सिद्धान्त लिई उदाउनु हुन्छ अलङ्कारसाहित्य धरातलमा। दशम उल्लास युक्त काव्यप्रकाश ग्रन्थमा [१४]काव्य प्रयोजन, काव्यहेतु काव्य स्वरुपलाई विवेचना गरी शव्द र अर्थको स्वरुपलाई स्पष्ट पार्नु भएको छ। व्यञ्जना ध्वनिका भेद उपभेद स्वपाण्डित्य प्रतिभाद्वारा प्रतिपादनका साथै दोष गुण र अलङ्कारको विस्तृत चर्चा गर्नु भएको छ। यसरी काव्य र नाटकको क्षेत्रमा अभूतपूर्वप्रतिभा पाण्डित्य प्रसङ्गद्वारा विषयवस्तुको संस्थापन गरी एकछत्र वर्चस्व कायम राख्न सफल हुनुहुन्छ मम्मट। संक्षिप्त र वहुविषययुक्त ग्रन्थको प्रतिभाले तत्कालीन विद्वानहरुलाई पनि ज्यादै उत्कर्षावस्थामा पुऱ्याएको काव्यप्रकाशस्य टीका गृहे गृहे" ले अलङ्कार शास्त्रको उच्चतम स्थिति वन्न गएको देखिन्छ। काव्यगत सर्वपक्षीय विकास र विशेषताले सम्पन्न यो युग वन्न गएको छ।

घ) व्याख्याकालः

आचार्य मम्मटको समय देखि (वाह्रौ शताव्दी देखि) रसगङ्गाधर ग्रन्थका प्रतिपादक पण्डितराज जगन्नाथ हुँदै नरसिंह र विश्वेश्वरसम्मको अवधि नै व्याख्याकालको भागमा राखिएको छ। यस युगमा रुय्यक, हेमचन्द्र, जयदेव, विश्वनाथ, जगन्नाथ, अप्पयदीक्षित,

---

८. उपमा रुपकञ्चैव दीपको यमकस्तथा।
चत्वार एवालङ्कारा भरतेन निरुपिता ॥ लिच्छविकालिकानामभिलेखानां साहित्यिकमनुशीलनम पृ २९.६

९. पुरा कालमा सरस्वतीले................साहित्यप्रदीप पृ. २५

१०. यथोपदिदेश श्रीकण्ठः ....काव्यमीमांसाः पृ. १

११. विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्ति नाट्यादर्श पृ. ५५

१२. ध्वनिरात्मा काव्यस्य ध्वन्यालोक पृ. ८६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आचार्य विश्वेश्वर र नरसिंहजस्ता विशिष्ट, अलङ्कार शास्त्रका प्रधान व्यक्तित्वहरु देखिए। यी आचार्यहरुद्वारा पूर्व समयमा आलङ्कारिक आचार्यहरुका काव्याङ्गविषयकलक्षणहरुको सर्वाङ्गीण विवेचना गरी तिनीहरुलाई समुचित स्थान दिनु नै विशेषता रहेको देखिन्छ। प्रतिभापाण्डित्यद्वारा आफ्नो काव्यकलाकौशलद्वारा, प्रौढपाण्डित्यकोप्रकर्षद्वारा तयार भएको अलङ्कार शास्त्र ज्ञान गौरवको शक्तिद्वारा प्राचीन समयमा समस्त अलङ्कारवादी काव्यगत अलङ्कार रस रीति गुणहरुलाई समुचित रुपले प्रतिष्ठापन गर्नु यस युगको विशेषता पाइएको छ। मम्मट पछिका रुय्यकले अलङ्कार सर्वस्व आदि ११ ग्रन्थ रचना गरी विशेष रुपले अलङ्कार सर्वस्वमा र साहित्य मीमांसा यी दुई ग्रन्थका माध्यमले अलङ्कारपक्षको विशेषचर्चा संस्थापन गर्नु भएको छ भने काव्यानुशासन ग्रन्थकर्ता हेमचन्द्रले काव्यका गुणालङ्कार स्वरुप पक्षको विषयको उपस्थापन गरेका छन्। चन्द्रालोक ग्रन्थको माध्यमले चन्द्रालोक र प्रसन्न राघवका रचयिता जयदेवले सरल भाषाद्वारा लक्षण उदाहरण सहित काव्यलक्षण, अलङ्कार विषयबारे स्वमतका साथ विवेचनालाई अघि बढाएका छन्। १४ औं शताब्दीमा आचार्य विश्वनाथ कविराज अनेकौ ग्रन्थका साथ दशम परिच्छेद युक्त साहित्य दर्पणमा काव्य-[१५]प्रयोजन, हेतु लक्षण [१६]काव्य [१७]वाक्यादिलक्षण, अभिधा लक्षणा व्यञ्जना र शक्तिहरुलाई सोदाहरण विवेचन गर्दै नायक रस दोष ध्वनि गुण रीति अलङ्कारका पक्षलाई स्वमत राम्रोसँग स्थापना गर्नु भएको छ। विश्वनाथ पछि चित्रमीमांसा आदि अनेक ग्रन्थका निर्माता अप्पय दीक्षित अलङ्कार शास्त्रको ऐतिहासिक क्षेत्रमा देखापरी उहाँले कुवलयानन्द जस्तो प्रसिद्ध ग्रन्थद्वारा १२३ वटा अलङ्कारहरुको मार्मिक विवेचना सोदाहरण विवेचना गरेको पाइन्छ। अनेकशास्त्रमा पारङ्गत आचार्य विश्वेश्वरले आफ्नो प्रतिभावलद्वारा पण्डितराज जगन्नाथको पाण्डित्यको ओजलाई वहन गरी अलङ्कारकौस्तुभ ग्रन्थद्वारा रस, दोष, गुण, रीति जस्ता काव्यतत्वका तर्कपूर्ण विशिष्ट विवेचन गर्नु भएको छ। यस युगको प्रमुख आधिकारिक आलङ्कारिक पण्डितराज जगन्नाथको अखर्व प्रकर्ष प्रतिभा पूर्ण रसगङ्गाधरका ग्रन्थहरुले जुन अलङ्कार साहित्यक्षेत्रमा विशिष्ट योगदान दिएका छन् सो ज्यादै स्तुत्य छ। विभिन्न शास्त्रपारङ्गत धेरै विद्वानहरुवाट प्राप्त शिक्षाको मूर्तरुप पण्डितराज जगन्नाथका कृतिहरुमा पाइन्छन्। न्यायशास्त्रीय शैलीद्वारा काव्यगत तत्वका विवेचनाले अध्ययन अध्यापनमा दुरुह र क्लिष्ट वन्न गएका वहाँका कृतिहरु अलङ्कारका साथ अन्य काव्यगत मनोहर सौन्दर्य प्रकाशन गर्न समर्थ छन्। जटा नरिवल झैं वाहिर सारो जति छ त्यति नै भित्र कोमल वन्न गएको दृष्टान्त वहाँका कृतिहरुले दिएका छन्। अतुलनीय सहस्र किरण युक्त सूर्यको चमत्कृतिलाई जसरी स्वीकार गरी अन्यले त्यसको अनुकरण गर्न

---

[१३] वक्रोक्ति काव्यजीवितम् वक्रोक्तिजीवितम् प्रयमोन्मेष पृ. १४

[१४] काव्यं यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये।
सद्यः परनिर्वृतये कान्तासम्मिततयोपदेशयुजे॥ काव्यप्रकाश पृ १०

[१५] चतुर्वर्गफलप्राप्ति सुखादल्पधियामपि।
काव्यादेव यतस्तेन तत्स्वरुपं निरुप्यते॥ साहित्यदर्पण प्र.प. पृ. २

[१६] वाक्यं रसात्मकं काव्यम् साहित्यदर्पण प्र. प. पृ. २४

[१७] वाक्यं स्याद्योग्यताकाङ्क्षासत्तियुक्तपदोच्चयः। साहित्यदर्पण द्वि. प. पृ. ३०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
सक्तैनन् ठीक त्यस्तै पण्डितराज जगन्नाथ पछि उदाउन सकेका छैनन् काव्य स्रष्टाहरु । प्रतिभा पाण्डित्य संसारमा वृहस्पति झैं वनी एक छत्र वन्नुको हेतुवाट पण्डित राज जगन्नाथ पछि अलङ्कार शास्त्र आकाशमा अन्य अलङ्कारवादी पूर्ण चन्द्रको सामुन्ने तारा झै देखापर्ने अवस्थामा नरसिंह कवि "नञ्जराजयशोभूषणम्" ग्रन्थका रचनकारका रुपमा देखिनु भई आफ्ना कृतिमा उत्प्रेक्षा अलङ्कारको ९६ भेद प्रदर्शन गरी मार्मिक अवस्थामा विवेचना गर्नु भएको छ । सर्वाङ्गपूर्ण विवेचनामा कवि नरसिंहको स्थान सर्वोपरि रहेको छ ।

यसरी अज्ञात अवस्था देखि आजसम्म संस्कृत साहित्याकाश अन्तर्गत अलङ्कार विधालाई मेरुदण्ड मानी जुन विधा उपविधा खडा भई संस्कृत साहित्यको श्रीवृद्धि वन्न गए त्यसमा हामी अध्ययन अनुसन्धानमा तल्लीन हुनेका लागि श्रेयस्कर बन्न गएको छ । शव्द र अर्थगत चमत्कृति दिने अलङ्कारको अभावमा काव्य श्रृङ्गारहीन नारी झै वन्ने विषयमा शङ्का छैन भनेको पनि छ- "अलङ्कार विहीनानां विधवेव सरस्वती" ।

सन्दर्भग्रन्थ

१. मम्मट काव्यप्रकाश (षष्ट संस्करणम्) वाराणसी ज्ञानमण्डल लिमिटेड, इ. १९६०

२. राजानक कुन्तक, वक्रोक्तिजीवितम् चौखम्भा संस्कृत संस्थान २०४७

३. विश्वनाथ साहित्यदर्पण कृष्णदास अकादमी वाराणसी चतुर्थसंस्कण २०५१

४. आनन्दवर्धन ध्वन्यालोक चौखम्भा विद्या भवन वाराणसी पञ्चम सं. १९९२

५. जयकान्त झा अलङ्कारशास्त्रस्य संक्षिप्तेतिहासः भारतीय विद्या प्रकाशन, वारणासी दि.सं. १९८९

६. सोमनाथ सिग्दाल साहित्य प्रदीप नेपाल एकेडेमी काठमाडौं नेपाल पहिलो संस्करण २०1६

७. नीलमणि ढुङ्गाना

ध्रुवप्र. ज्ञवाली संस्कृतरचनाप्रदीप महालक्ष्मी चालिसे प्रदर्शनीमार्ग, काठमाडौं, प्र.सं. २०५९

८. पुरुषोत्तम शर्मा चतुर्वेदी अलङ्कारौंका क्रमिक विकास मोतीलालवनारसी दास दिल्ली पटना प्रसं. १९६७

९. राजानक कुन्तक वक्रोक्तिकाव्यजीवितम्: चौखम्भासुभारती प्रकाशन वाराणसी तृ.सं. १९९८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवनका चार लक्ष्य

–माधवप्रसाद लामिछाने
उपप्राध्यापक
वाल्मीकि विद्यापीठ

हिन्दुसनातन धर्मले मनुष्य जीवनलाई सार्थक वनाउन स्पष्ट निर्देशन गरेको छ। धर्मशास्त्रले देखाएको सही बाटोलाई अवलम्वन गर्न नसक्ता जीवन अन्योलग्रस्त हुनजान्छ। अन्योलग्रस्त मानसिकताले जीवनमा कसैवाट पनि कुनै उचित कार्य हुनसक्तैन। उद्देश्यहीन मानवको जीवनलाई र ढुंगामाटाको उपस्थितिलाई झन्डै उस्तै रूपमा बुझ्न सकिन्छ। जडपदार्थले जुनकुनै परिस्थितिप्रति पनि आफ्नो प्रतिकिया न जनाएजस्तै उद्देश्यहीन मानवको पनि स्थिति रहन्छ। वरु जडपदार्थ वातावरणप्रति तटस्थ रहनेहुँदा प्राणीहरुप्रति असहिष्णु वन्दैनन् तर उद्देश्यहीन व्यक्तिहरु भने भाँडिएको स्थितिमा अरुका अधिकारमाथि हस्तक्षेप गर्नपुग्छन्। मानवताको विरोधी वन्नपुग्छन्। मानवताविरोधी व्यक्तिहरुमा धर्म, नैतिकता, सद्भाव र सदाचारजस्ता गुणहरु पलाउन सक्तैनन्। एउटा उद्देश्यहीन व्यक्ति खल्वलिँदा सिङ्गै समाज नै खल्वलिन पुग्छ। समाज विग्रियो भने देश र देश अस्तव्यस्त भए पूरै विश्व नै तहसनहस हुनपुग्छ। यसरी के बुझ्न सकिन्छ भने जसरी एउटा सदाचारी र उद्देश्यवान् व्यक्तिले परिवार, समाज र राष्ट्र हुँदै सम्पूर्ण संसारलाई नै उपकार गरिरहेको हुन्छ भने निरुद्देश्य जीवन बाँच्ने व्यक्ति समाजमा निरर्थक भार मात्र बनेर विषाक्त सास फेरिरहेको हुन्छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाले **उद्देश्य के लिनु उडी छुनु चन्द्र एक** भनेझैं हरेक व्यक्तिले कोरा भौतिकताबाट माथि उठेर आफ्नो जीवनलाई सन्मार्गतर्फ गतिशील वनाएमा सिङ्गै संसार सवैका लागि स्वर्गजस्तै आनन्ददायी, भोग्य र रम्य वन्न पुग्छ।

हिन्दुसनातन धर्मले मानवजीवनलाई व्यवस्थित गर्नका निमित्त अनगिन्ती नियमहरुको संग्रह गरेको छ। चारवटा वेद, विभिन्न सूत्रग्रन्थहरु, स्मृतिग्रन्थहरु, विविध पुराणहरु र तिनीहरुका भाष्य एवं टीका र निवन्धग्रन्थहरु जीवनलाई सार्थक, सोद्देश्यक र व्यवस्थित वनाउन तयार पारिएका आचार संहिताका नमूनाहरु हुन्। शास्त्रले वनाएका नियमहरुलाई देश, काल र परिस्थितिअनुकूल हुनेगरी जीवनयात्रामा लागू गर्नु वाञ्छनीय हुन्छ। सनातन हिन्दुधर्मका प्रतिपादक ग्रन्थहरुमा उल्लेख गरिएका विषयहरुलाई सम्यक् रूपमा अध्ययन गर्ने हो भने मानवजीवनका अनेकौं उद्देश्यहरु पाइन्छन्। ती सम्पूर्णलाई साररूपमा ग्रहण गर्दा जीवनका चारवटा प्रमुख उद्देश्य वा लक्ष्य निर्धारण गरिएको पाइन्छ। अर्थात् जीवनका चार प्रमुख उद्देश्य वा लक्ष्य भनेका [1]धर्म, अर्थ, काम र मोक्षको प्राप्ति हो। [2]महाभारतमा पनि यही कुरा आएको छ। मनुष्य शरीरको रचना यिनै चार पुरुषार्थ प्राप्तिका निमित्त भएको हो।

---

[1] सम्स्कृत-हिन्दी कोश, पृ.६२४
[2] धर्मे अर्थे च कामे च मोक्षे च भरतर्षभ। यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत्क्वचित्॥ - संस्कृत साहित्य का इतिहास, पृ.५८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्म

उपर्युक्त चार पुरुषार्थमध्ये धर्मलाई प्रथमस्थानमा राखिएको छ। धर्म मानवलाई एक उचित स्थानतर्फ डोर्याउने अनिवार्य साधन हो। धर्म यसलोक र परलोक दुवैलाई सपार्ने साधन[३] मानिएको छ। केवल धर्ममा जीवनका हरेक क्षेत्रलाई प्रभावित पार्नसक्ने क्षमता छ।[४] मनुले धृति, क्षमा, मनको नियन्त्रण, अस्तेय, शुद्धता, इन्द्रियहरुको निग्रह, शास्त्रज्ञान, तत्त्ववोध, सत्य र क्रोधको अभावलाई धर्मका दश[५] लक्षणभित्र राखेका छन्। [६]महाभारतले वेद, स्मृति र सदाचारलाई धर्म हो भनेको छ। धर्म समाजमा बाच्न र वचाउन आवश्यक पर्ने एक नियमसूत्र हो। प्रकृतिप्रदत्त यस सूत्रलाई विच्छिन्न गर्दा सम्पूर्ण सृष्टिप्रकिया नै छिन्नभिन्न हुनपुग्छ। धर्म एक अनुष्ठान हो। अनुष्ठानमा संलग्न कर्तालाई प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारका लाभ पुग्दछ। धर्म एउटा शाश्वत सत्य हो, सत्यचाहिँ संसारलाई थामिराख्ने तन्तु हो। यसै भएर 'सर्वं सत्ये प्रतिष्ठितम्'[७] अर्थात् सम्पूर्ण संसार नै सत्यमा टिकेको छ भनिएको हो। धर्म एक सामाजिक कर्तव्य हो। समाजमा रहेको एक सदस्यले अर्काप्रति कर्तव्य भुल्नुहुदैन। आफ्नोमात्रै हित गर्न खोज्दा आफू वाहेकका सवैले त्यस्तै प्रेरणा प्राप्त गर्दछन्। यसले सम्पूर्ण समाज नै स्वार्थी हुँदा दुनियाँ चल्नै नसक्ने हुन्छ। त्यसैले धर्म छाड्न मिल्ने कुरा होइन।

धर्मवाट व्यक्तिमात्रको नभई स्थावरजङ्गमात्मक सम्पूर्ण संसारकै कल्याण हुन्छ। धर्ममार्ग अवलम्बन गर्ने वुद्धि सधैँ रहिरहोस् भनेर नै ईश्वरप्रार्थना गर्ने गरिन्छ। वास्तवमा धर्म सम्पूर्ण प्राणीको रक्षा गर्ने एक सुरक्षाकवच हो। मनुष्यजीवन प्राप्त भएपछिको उसको प्रमुख गन्तव्य भनेकै धर्मप्राप्ति भएकाले यसलाई लोककल्याणकारी साधन मात्र नभनेर सवैद्वारा अनुष्ठेय साध्य विषय पनि हो भन्नु समीचीन हुन्छ।

अर्थ

चारवटा पुरुपार्थमध्ये अर्थ दोस्रो प्रमुख पुरुपार्थ हो। अन्य पुरुषार्थभन्दा मान्छेको दृष्टि यसैमा ज्यादा अल्झिएको हुन्छ। यसो हुनुको प्रमुख कारण अर्थ नै व्यावहारिक समस्याको समाधान गर्ने अनिवारणीय तत्त्व भएकोले हो। विनाअर्थ प्रगतिको एक पाइलो पनि अघि सार्न सकिँदैन। अर्थ भन्नु [८]धन, सम्पत्ति र ऐश्वर्यको संज्ञा हो। जसवाट मान्छेका सम्पूर्ण प्रयोजनहरु सिद्ध हुन्छन् त्यसैलाई अर्थ भनिन्छ। अर्थात्- अर्थ व्यक्तिलाई हरतरहले सम्पन्न पार्ने साधन हो। विनाअर्थ सामान्यभन्दा सामान्य कुराको पनि पूर्णता सम्भव

---

[३] स्वास्थ्यविज्ञान, पृ.१

[४] भारतीय दर्शन की रूपरेखा, पृ.३५

[५] धृतिः क्षमादमोऽस्त्येयं शौचमिन्द्रियनिग्रहः। धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥ मनुस्मृति ६।९२

[६] शान्तिपर्व २५९।३, उद्धृत, धर्मशास्त्र का इतिहास, भाग ३, पृ.१७६

[७] सत्येन धार्यते पृथ्वी सत्येन तपते रविः। सत्येन वायवो वान्ति सर्वं सत्ये प्रतिष्ठितम्॥ चाणक्यनीतिदर्पण ५।१९

[८] नेपाली कानूनी शब्दकोश, पृ.३०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैन । अर्थवाट नै सम्पूर्ण संसारको परिपालन सम्भव छ । धर्माचरणको भौतिक उद्देश्य पनि अर्थप्राप्ति र कामनाहरुको पूर्ति नै हो भने यसको अभौतिक उद्देश्यचाहिँ मुक्ति वा जीवनमुक्तितर्फको यात्रा हो । [९]शुक्राचार्यले अर्थ नै सम्पूर्ण पक्षको कडी भएकाले विनाअर्थ अन्य पुरुषार्थत्रयको पनि कल्पना गर्न सकिँदैन समेत भनेका छन् । [१०]भर्तृहरिको विचारमा धन भए मात्र मानिस कुलीन, पण्डित, ज्ञानी, वक्ता र रूपवान्‌को रूपमा समेत मानिन्छ, किनकि व्यक्तिमा रहने अन्य विशेष गुणहरुले पनि धनकै अपेक्षा गरिरहेका हुन्छन् । [११]पञ्चतन्त्रले धनको अपरिहार्य महत्त्व रहेको कुराको उल्लेख गर्दै भनेको छ कि धनहीन भएर वाँच्नु भनेको एक प्रकारले मर्नु नै हो । धन भएपछि भाग्य त्यसै चम्किन्छ भन्ने अधिकांश मानिसहरुको सोचाइ रहेको छ । त्यसैले जसरी पनि धन कमाइहाल्ने प्रक्रियामा छ संसार आज । जीवनमा धनको अपरिहार्य उपस्थितिको आवश्यकता छ । तर हाम्रा शास्त्रहरुले उचित मार्गको अवलम्वन गरेर मात्रै अर्थार्जन गर्ने अनुमति दिएको छ । गलत कर्मवाट प्राप्त धनद्वारा गरिएको धर्म पनि फलीभूत नहुने कुरा गरेका छन् हाम्रा पूर्वजहरुले । धन हुनेसँग वुद्धि भएन भने केही अर्थ हुँदैन । प्रत्यक्ष वा परोक्ष रूपमा मनुष्य उसको प्रायः सम्पूर्णजस्तो समय अर्थोपार्जनतर्फ केन्द्रित गर्दछ । अर्थवाट सम्पूर्ण भौतिक सुविधा प्राप्त हुने भएकाले अर्थप्राप्तिकै निमित्त मनुष्यले जघन्यभन्दा जघन्य काम पनि गरेको पाइन्छ । तर जो व्यक्ति अर्थप्राप्तिका लागि भनेर निन्दितभन्दा निन्दित कार्य गर्नतिर लाग्दछ उसलाई प्रथम पुरुषार्थ धर्मले नै छाडिदिन्छ । धर्मछाडालाई चौथो वा अन्तिम पुरुषार्थ मोक्ष पनि प्राप्त हुदैन । यसरी जसले धर्मप्राप्तिलाई छाडेर कोरा अर्थप्राप्तिमा मात्र आफूलाई सक्रिय गर्छ त्यसको जीवनमा प्राप्त अर्थले पनि अनर्थ निम्त्याउन पुग्छ ।

काम

चार पुरुषार्थमध्ये तेस्रो महत्त्वपूर्ण पुरुषार्थ हो काम । यहाँ प्रयुक्त काम शव्दले गृहस्थ जीवनको पूर्णतासूचक अर्थज्ञापन गर्दछ । व्रह्मचर्याश्रमको परिसमाप्तिपछि मानिसले गृहस्थाश्रममा प्रवेश गर्नुपर्ने शास्त्रीय मान्यता छ । व्रह्मचर्यमा रहेर आचारनिष्ठ शुद्ध जीवनयापन गरेको मानिस शास्त्रोक्त विधिले पाणिग्रहण गरेर गृहस्थ वनेपछि तेस्रो पुरुषार्थ कामपरिपूर्तिका लागि अधिकारी मानिन्छ । त्यसैले गृहस्थाश्रम धर्मको निर्वाहका लागि विवाह आवश्यक छ । विवाहपछि गृहस्थाश्रममा रहेर शास्त्रसम्मत रूपमा परिपूर्ति गर्नुपर्ने सवै किसिमका कामना वा इच्छापूर्तिलाई काम शव्दले अभिव्यक्त गर्दछ । अनियन्त्रित किसिमका शास्त्रविरोधी इच्छापूर्तिलाई भने पुरुपार्थअन्तर्गत

---

[९] शुक्रनीति १।२८, उद्, भारतीय सस्कृति के आधारभूत तत्त्व, २.६४

[१०] यस्यास्ति वित्तं स नरः कुलीनः....काञ्चनमाश्रयन्ते ॥ नीतिशतकम् श्लोक ४१

[११] मृतो दरिद्रः पुरुषो मृत मैथुनमप्रजम् । मृतमश्रोत्रियं श्राद्धं मृतो यज्ञस्त्वदक्षिणः ॥ पञ्चतन्त्र । मित्रसम्प्राप्ति। श्लोक १०१, पृ २८६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राख्न मिल्दैन । अनियन्त्रित इच्छाले धर्ममार्गलाई अवरोध गर्ने र धर्ममार्ग अवरुद्ध भएपछि मोक्षमार्ग स्वतः अवरुद्ध हुने भएकाले नियन्त्रित एवं संयमित इच्छापूर्तिलाई मात्र शास्त्रले पुरुषार्थअन्तर्गत राखेको छ । हुनत कुनै पनि कर्मक्षेत्रमा संलग्न व्यक्ति कामनारहित हुन्छ भन्ने कुरामा निश्चय गर्न सकिँदैन । मनुले पनि मनुष्यमात्र नभएर सम्पूर्ण प्राणीहरुका सम्पूर्ण चेष्टाहरु कामनायुक्त नै हुन्छन्[१२] भनेका छन् तथापि ती चेष्टाहरु दोषपूर्ण हुने भएकाले तिनीहरुलाई सदाचारले परिष्कार गर्नुपर्ने कुरामा समेत उनले जोड दिएका छन् ।[१३] विशेषत अर्थ र कामको उचित प्राप्तिका लागि मनुष्यले धर्ममार्गको नै अनुसरण गर्नुपर्छ भन्ने शास्त्रको जुन व्यवस्था छ त्यो अत्यन्त वैज्ञानिक छ ।

मोक्ष

सम्पूर्ण मानव जीवनको चतुर्थ एवं अन्तिम उद्देश्य भनेको मोक्षप्राप्ति हो । मोक्ष भन्नु र मुक्ति भन्नु एकै कुरा हो । पूर्वोक्त तीन पुरुषार्थको सफल प्राप्तिपश्चात् मनुष्यले मोक्षमार्गको अवलम्बन गर्ने हैसियत राख्तछ । मोक्ष प्राप्त गर्नु भनेको संसारदेखि पार हुनुमात्र नभई जीवनका हरेक व्यावहारिक पक्षहरुबाट तटस्थ हुनु समेत हो । तेरो मेरोको भावना, ईर्ष्या, द्वेष, काम, क्रोधादिको वन्धनलाई चटक्क छिनालेपछि मात्र मोक्षमार्गको द्वार खुल्दछ । गृहस्थ जीवनका आवश्यकता पूर्तिका विषयवस्तुको प्रभावले चित्तलाई पूर्णतः छुटकारा दिएपछि मनुष्यको बुद्धि निर्मल बन्न पुग्दछ । बुद्धि निर्मल भएपछि भ्रम हट्तछ । सांसारिक जीवनको क्षणभङ्गुरताको बोधपछिको गन्तव्य नै जीवनको सग्लो यात्राको रूपमा स्पष्टिन आउँछ । क्षणभङ्गुर शरीरलाई आत्मा भनी ठान्ने र यी बाह्य धनसम्पत्ति र आफन्तहरुलाई आफ्नै र सधैंका लागि हुन् भनेर सोच्ने व्यक्तिहरु अनादिदेखि चल्दैआएको जन्ममृत्युजन्य फजितिमा पर्नेहुनाले विवेकी मानिसले चाँडै नै यस भ्रमबाट मुक्त हुनुपर्ने कुरा शास्त्रहरुले बताएका छन्, जसलाई आदिकवि भानुभक्त आचार्यले पनि आफूले अनुवाद गरेको कृति[१४] रामायणद्वारा स्पष्ट पारेका छन् ।

उपसंहार

संक्षेपमा के भन्न सकिन्छ भने अमूल्य मनुष्य जीवनमा प्राप्त समयलाई सार्थक बनाउनु छ भने जीवनका प्रमुख चार उद्देश्यलाई भुल्नु हुँदैन । उपर्युक्त चार पुरुषार्थहरु एक से एक महत्त्वपूर्ण छन् तापनि धर्म सर्वप्रथम उच्चारण गरिएको र अन्य पुरुषार्थहरु समेतको मार्गदर्शक भएकोले धर्मलाई प्रधान पुरुषार्थ मानिएको छ । धर्मपछिको दोस्रो

---

[१२] अकामस्य क्रिया काचिद् दृश्यते नेह कर्हिचित् । यद्यद्धि कुरुते जन्तु तत्तत्कामस्य चेष्टितम् ॥ मनुस्मृति २/४

[१३] आचाराद् विच्युतो विप्रो न वेदफलमश्नुते । आचारेण तु संयुक्तः सम्पूर्णफलभाग्भवेत् ॥ मनुस्मृति १।१०९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुषार्थ भनेको अर्थ हो । यो व्यवहारार्थ उपयोग हुने सबैभन्दा महत्त्वपूर्ण पुरुषार्थ हो । यसैको भौतिक सहयोगवाट अन्य पुरुषार्थ पनि उपलब्ध हुन्छन् । धर्म र अर्थरूपी साधनद्वयबाट तेस्रो पुररुषार्थ काम अर्थात् इच्छासिद्धि हुनजान्छ । इच्छापूर्ति वा कामसिद्धिलाई धर्मले परिष्कार गर्नुपर्छ भन्ने मान्यता छ । यी धर्म, अर्थ र काम यी तीन पुरुषार्थ लौकिक जीवनलाई सार्थक वनाउने प्रमुख आधार हुन् । यी तीन पुरुषार्थ प्राप्त गरिसकेपछि प्राप्त गर्नुपर्ने पुरुषार्थमा मोक्षमात्र बाँकी रहन्छ, जसलाई परम पुरुषार्थ पनि भनिन्छ । जो व्यक्ति पूर्वोक्त चार उद्देश्यमध्ये कुनै एउटामा पुग्ने सम्मको पनि हैसियत राख्नैन, त्यो व्यक्ति मर्नकै निमित्त मात्र जन्मिएको ठहर्छ भन्ने शास्त्रमर्मज्ञहरुको कथन छ ।[१५] अत: यिनै चारवटा पुरुषार्थ प्राप्तिका निमित्त नै मुष्यले जीवन प्राप्त गरेको हो । यी चारवटै पुरुषार्थको आआफ्ना क्षेत्रमा अरुको भन्दा ज्यादा महत्त्व रहे तापनि समग्र मानव जीवनलाई सार्थक पार्न सवैको उत्तिकै महत्त्व रहेको कुरामा विवाद गरिरहनु नपर्ला ।

---

[१४] शरिर् मै हूं मेरै धन जनहरू हुन् भनि जसै । पर्यो मन्का खेल्मा तव फजिति मिल्छन् वुझ यसै ॥ भानुभक्तको रामायण, किष्किन्धाकाण्ड, श्लोक ७०

[१५] धर्मार्थकाममोक्षाणां यस्यैकोऽपि न विद्यते । जन्मजन्मनि मर्त्येषु मरणं तस्य केवलम् ॥ चाणक्यनीतिदर्पण ३।२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्दर्भसामग्रीहरू

आचार्य, श्रीराम शर्मा, (१९९८ई), **भारतीय सस्कृति के आधारभूत तत्त्व,** (द्वि.सं.), मथुरा : अखण्ड ज्योति संस्थान ।

आचार्य, भानुभक्त, (२०५८), **भानुभक्तको रामायण,** (च.सं.) काठमाडौं : साझा प्रकाशन

आप्टे, वामन शिवराम (१९६९) **संस्कृत हिन्दीकोश,** (द्वि.सं.) दिल्ली : मोतीलाल वनारसीदास
पव्लिशर्स प्रा.लि. ।

उपाध्याय, वलदेव, (१९७८ई) **संस्कृत साहित्य का इतिहास,** (द.सं.) वाराणसी : शारदा निकेतन ।

खप्तड वावा, (२०५४), **स्वास्थ्यविज्ञान** (द्वि.सं.) काठमाडौं : खप्तड आश्रम प्रकाशन समिति ।

गुप्त, विष्णु, (२०४०), **चाणक्यनीतिदर्पण,** काठमाडौं : रत्नपुस्तक भण्डार

चौवे, अर्जुन (अनु.) (१९६५ई) **धर्मशास्त्र का इतिहास** (द्वितीय भाग), लखनऊ, हिन्दी समिति ।

पाण्डेय, श्यामाचरण, (१९७५ई), **पञ्चतन्त्रम्** (सम्पा.), वाराणसी : मोतीलाल वनारसीदास,।

भर्तृहरि, (१९८७), **नीतिशतकम्** (तृ.सं), वाराणसी : चौखम्भा ओरियन्टालिया ।

मनुस्मृतिः (१९८३ ई), दिल्ली : मोतीलाल वनारसी दास ।

याज्ञवल्क्यस्मृतिः (१९९७ ई) दिल्ली : मोतीलाल वनारसी दास ।

श्रेष्ठ, शङ्कर कुमार, (सम्पा.), (२०४६) **नेपाली कानूनी शब्दकोश,** काठमाडौं : विद्या प्रिन्टिङ्ग छापाखाना ।

सिन्हा, हरेन्द्र प्रसाद, (१९९३ ई), **भारतीय दर्शन की रूपरेखा,** (पाँ.सं.) दिल्ली : मगध विश्वविद्यालय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

On Fixed Point Results

Dinesh Panthi
Valmeeki Campus, Kathmandu
Nepal Sanskrit University
(Research Scholar at Kathmandu University)
E-mail: panthid06@gmail.com

Geometry is an important branch of pure mathematics that controls other applied disciplines. Generally, Geometry can be classified into three types (i) classical (ii) Algebraic (iii) Modern. Modern geometry is known as Topology. Topology was emerged in twentieth century as a subject that unifies almost the whole of mathematics; somewhat as philosophy seeks to co-ordinate all knowledge. Although topology is very abstract in nature, its basic techniques and results are indispensable to the growth of most areas of pure and applied mathematics. To solve equations, in many cases we apply mathematics. In such cases, the important thing is to know whether a particular equation has solutions or not. If the solution of an equation exists then the next question is about uniqueness of the solution. Generally, **Existence Theorem** guarantees the presence of solution of the equations. It plays a key role in solving several differential equations and it is often expressed in the form of **fixed-point principle.** Theorems concerning the existence and properties of fixed points are known as known as fixed-point theorems.

Fixed-point theory has always played a central role in the problems of non-linear functional analysis; topology (geometric situs) has certainly played a useful role in both areas. Functional analysis is an important branch of mathematics. It is a blend of analysis topology and algebra and it embodies the abstract approach in analysis. It has emerged as one of the major links between abstract mathematics and its applications. Functional analysis has a strong influence on a great number of completely different fields inside & outside mathematics: systems engineers & atomic physicist can not do without it just like mathematicians working in numerical analysis, differential

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
& integral equations, approximation theory just to name a few.

Among the various methods like variational inequality and approximation theory, fixed point theorem has been constantly used in finding the solutions of some functional equations. The role of fixed-point theory in modern mathematics can be easily seen by dividing modern mathematics into three fields: Algebra, Topology and the remaining. Then the fixed-point theory is a highway, which begins in the territory of topology crosses the border into the huge territory of analysis and passes close to the centre of non-linear functional analysis. Then, it passes on through ordinary and partial differential equations. Finally, it ends in the territory of applied mathematics. Since fixed point theory is recently developed field with wide applications, so it is a very active field of research.

According to the existence theorem, "If a set valued continuous function f defined on a closed interval a, b assumes values of different signs at end points of the interval then the equation

$$f(x) = 0 \qquad (1)$$

has at least one solution inside a, b" . Writing the equation (1) in the form

f $(x) + x = x$ where is positive parameter & denoting $f(x) + x$ by $T(x)$ we get the function equation $Tx = x$.

(2)

Now, we choose the value of in such a way that all the values of T lie inside the interval a, b. Then, the function T is a function in a, b; that is it maps the point x from interval a, b into the point $T(x) = y$ of the same interval & in general, it does not coincide with x. If the point $x = x_0$ is a solution of the equation (2) then we have $T(x_0) = x_0$ which implies that x_0 is fixed by T so it is called the fixed point of T. Clearly, the solution of the equation (2) is also a solution of equation (1)

Let T be a continuous mapping of a non empty set X into itself. An element u in X is said to be fixed point of T if $Tu = u$. In this case, the point u is a point, which remains invariant under transformation T. In geometrical terms

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
a theorem ensuring the existence of a solution for equation (2) is formulated as the fixed-point principle and it asserts that a continuous mapping from a closed interval into itself has at least one fixed point. Because T is an arbitrary, so the property of having fixed point of T is actually that of the closed interval itself and does not depend on the choice of a particular mapping.

EXAMPLE: Consider the simple equation then $x = 2$ & $x = 3$ are the roots of this equation. This equation can be written as

Then, it is a function equation. Since $f(2) = 2$ and $f(3) = 3$ so the points $x = 2$ and $x = 3$ are fixed by f & hence there points are two fixed points of f. Thus the problem of finding the solution of an equation is the same as to find the fixed point for an equation of the form $f(x) = x$.

Historically, the first theorem of this type involves a space X which is a topologically simple sub-set of ^{n} and a continuous mapping of X into itself this is Brouwer's fixed-point theorem and it was proved by Dutch mathematician L. E. J. Brouwer in 1912.This theorem asserts the existence of a fixed point whenever X is the unit ball is ^{n} and F is continuous mapping. The particular case of Brouwer's fixed point theorem on the real line can be stated in the following way: "A continuous mapping T: 0, 1 0, 1 has a fixed point" In finite dimension, the Brouwer's fixed point theorem is equivalent to the statement that the boundary of the unit sphere is not continuously deformable to a point on itself. The paper of K. Jha and D. Panthi [10] deals with the survey work on some proofs of Brouwer's fixed point results.

But such theorems, where the spaces are sub-set of ^{n}, are not of much use in functional analysis and we are generally concerned with infinite dimensional subsets of some function spaces. Existence of fixed point in infinite dimensional subsets was first investigated by American Mathematicians C.D. Birkhoff and O.D Kellog in 1992. They proved that every continuous function from a none empty compact convex subset of C 0,1 or L^2 0,1 to itself has a fixed point. Here C 0, 1 denotes the set of all continuous real functions x = f(x) on the closed interval 0,1 & L0,1 denotes the set of Lebesgue integrable

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
functions f on a, b. In 1992, Polish mathematician Stefen Banach obtained a fixed-point theorem for contraction mapping on complete metric space. This is famous as Banach contraction principle, which is very useful in the existence & uniqueness theorem. In 1922, S. Banach established the following fixed point theorem in complete metric space: If (X, d) is a complete metric space and T: XX is a contraction function. Then, T has a unique fixed point.

Unlike contraction mapping theorem Brouwers theorem does not give any computational scheme for obtaining a fixed point. Subsequently, Polish mathematician Powel Julius Schauder in 1930, extended Brouwer's theorem to the case where X is a compact convex subset of a normed linear space. It asserts that "If X is a Banach space and C is a compact convex subset of X then a continuous mapping $T: C \;\; C$ has at least one fixed point in C". Here the condition on C to be compact was very strong condition. A fixed point of T guaranteed by this Schauder's theorem, gives a solution of the initial value problem. The result is known as Pianos theorem. In finite dimension Brower-Schauder theorem is called the Brouwer degree and in infinite dimension it is called the Leray- Schauder degree. But in the case of infinite dimensional normed spaces compact sets are hard to come. So it was natural to modify the theorem by relaxing the condition of compactness. German Mathematician H. H Schaeffer gave very useful variation of Schauder's theorem for compact mapping on Banach Space.

In 1935, Russian Mathematician A. Tychonoff extended Brouwer's result to a compact convex subset of a locally convex linear topological space. In 1937, American Mathematician E. Rothe propounded his fixed-point theorem for normed linear space. In 1938, Markov & Kakutani proved the existstance of simultaneous fixed points of suitable families of continuous mappings of a compact convex subset of a topological vector space into itself. In 1950, Bohnenblust and Karline extended it to infinite dimensional Banach space and Ky Fan in 1952, extended it into locally convex space. In 1962, F.T Edelstein the Canadian Mathematician proved a fixed-point theorem for contractive mappings. In recent years, many mathematicians have proved several important results on fixed-point theorems and many interesting generalizations have been developed.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Applications of fixed point theorems:

Fixed point theorems have numerous applications in Mathematics there are the most important tools for providing the existence and uniqueness of the solutions to various mathematical models (differential integral and partial differential equations and variational inequality, etc.) representing phenomena arising indifferent fields, such as steady state temperature distribution chemical reactions, neutron transport theory economic theories, epidemics and flow of fluids. Fixed-point theorems are also used to study the problems of optional control related to these systems. Moreover fixed-point theorem has a very fruitful application in eigen value problems as well as in boundary value problems.

The classical importance of fixed-point theory in functional analysis is due to its usefulness in the theory of ordinary and partial differential equations. The construction of a solution to a differential equation is often reduced to the location of a fixed point for an operator defined on a subset of a space of functions.

Research Scopes:

Some of the future aspects of fixed point theorems under contractive conditions are as follows:

(i) Fixed-point theorem related to contractive conditions is still an open area of research activities for the establishment of fixed-point theorems under weaker contractive definitions, like semi-compatible, occasionally weakly compatible maps, non compatible maps, etc.

(ii) There are wide scope to study common fixed-point theorem for pair of mappings and even for sequence of mappings under more general asymptotic contractive conditions.

(iii) There is good scope for further study on fixed point theorems for multi valued maps in complete graph under more generalized contractive properties.

Acknowledgement: The author is thankful to University Grants Commission (UGC) Nepal, for providing Research Fellowship at Kathmandu University, Nepal.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

REFERENCES

[1] Akerkar, R., Nonlinear Functional Analysis, Narosa Publ. House, New Delhi 1990.

[2] Agrawal, R.P., M. Meehan and D.O' Regan, Fixed-point theory and Applications, Cambridge University Press, Cambridge, 2001.

[3] Border, K.C., Fixed-point theorems with applications to economics & game theory, Cambridge University Press, 1999.

[4] Brown, R.F. (Ed.), Contemporary Mathematics: Fixed point theory and its applications, Proceedings of a conference held at the International Congress of Mathematics, Aug 4 - 6, 1986, American Mathematical Society **72.**

[5] Dugundji, J., Topology, Universal Book Stall, New Delhi, 1986.

[6] Edwards, R.E., Functional Analysis: Theory and Application, Holt Rinehart and Winston, New York, 1965.

[7] Fisher, B., Mappings with a common fixed point, Math. Sem. Notes, 7 (1979), 81-84.

[8] Fisher, B. and S. Sessa, Common fixed points for a pair of mappings, *J. Univ. Kuwait (Sci.)*, **15** (1988), 9-11.

[9] Jha, K., Banach contraction principle and some generalizations, M. Phil. Thesis submitted to Kathmandu University, Nepal, 1999.

[10] K. Jha, and D. Panthi, A Note on Brouwer's Fixed Point Theorem, Research J., **5**(2), (2011) 1-12,

[11] Kreyszig, E., Introductory functional analysis with applications, John Wiley & Sons, New York, 1978.

[12] Kesavan, S., Topics in functional analysis and applications, Wiley Eastern Ltd, New Delhi, 1989.

[13] Limaye, B.V., Functional analysis, New Age Publ. (Pvt.) Ltd. Publishers, New Delhi, 1989

[14] Maddox, J.J., Elements of functional analysis, Universal Book Stall, New Delhi, 1972.

[15] Panthi, Dinesh, Meir-Keeler Type Fixed Point Theorem And Its Generalisations, M. Phil. Thesis, Kathmandu University, 2009.

[16] Shashkin, Yu.A., Fixed points, Universities Press, India, 1991.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्राद्ध र धार्मिक पक्ष

मधुसूदन भट्टराई
उप-प्राध्यापक

हाम्रा पूर्वीय शास्त्रले मानिसको जन्म पंसंगदेखि मृत्युपर्यन्त विधि विधानहरु निर्माण गरेको छ। हाम्रो सामाजिक परिवेशको संरचना पनि पूर्वीय शास्त्र अनुकूल निर्मित र निर्देशित रहिआएको छ। शास्त्रको भनाइ अनुसार मानिस जन्मने वित्तिकै ऋण बोकेर जन्मेको हुन्छ। सनातन धर्म , परम्परा र पुराण धर्मशास्त्रदिमा उल्लेख भए अनुसार मानिसलाई अनिवार्य रुपमा ४ ऋण लागेका हुन्छन् ती हुन् - देवऋण , ऋषिऋण , पितृऋण र मनुष्यऋण । भविष्योत्तर पुराणमा उल्लेख भए अनुरुप मानिसको शरीर पाञ्चभौतिक पदार्थबाट निर्मित छ। जल, तेज, वायु, आकाश र पृथ्वी यी मानव शरीरका अनिवार्य तत्व हुन्। वेद र पुराणदिया ऋषिहरुले मानवलाई आवश्यक हुने विभिन्न किसिमका संस्कार र ज्ञानोपदेश दिएको हुनाले यिनलाई ऋषिऋणका रुपमा लिइन्छ। आमाबुवाले गर्भधारण जन्म,पालनपोषण शिक्षा आदि दिई सक्षम बनाउने भएकाले यसलाई पितृऋण भनिन्छ।

हामी समाजमा बस्दछौं समाजमा बस्ता सानाठूला ,धनीगरिब, बालवृद्ध सबैसंग बसउठ हुन्छ। यसबाट व्यवहार ज्ञान उपदेश सबै सिक्ने मौका मिल्दछ। त्यसबाट क्रमशः हामी जटिलताबाट सरलतातर्फ उन्मुख हुँदै जान्छौं र असल नागरिक कहलिन थाल्दछौं। यो नै मनुष्यऋण हो भनिन्छ। यसरी प्राचीन पुराणादी ग्रन्थमा देव ऋषिहरुले हामीलाई निरन्तर दान गरिरहेका छन्। हामी त्यसका ऋणीबनिरहेका छौं भनिएको छ। हाम्रो लौकिक समाजमा ऋण दिनेलाई उत्तम कोटीको र ऋण लिनेलाई अधम कोटीको रुपमा लिइन्छ सो व्यवस्था पुराण आदि ग्रन्थमा स्वष्टसंग भनिएको पनि छ। हाम्रा मातापिता वा समाजले हामी जन्मदादेखि जान्नेसुन्ने हुंदासम्म विविध मूल्य र समस्या भोगेका हुन्छन्। जब हामी केही सक्षम हुन्छौं तब मातापिताको स्वर्गगमन हुन्छ त्यही मूल्य ऋषि ,देव र पितृ ऋणबाट ग्रसित बनेका हुन्छौं। अत सूर्य,चन्द्र, वायु ,आकाश,इन्द्रविष्णु आदिको पूजा अर्चना यज्ञयात्रादि गरेर देवऋण तिर्नुपर्दछ। वेद पुराण र अन्य शास्त्रको अध्ययन जप,ध्यान,योग साधनाका माध्यमद्धारा सेवा सत्कार , दुःखी दरिद्रहरुको इच्छा आकाक्षालाई पूर्ण गरेर मनुष्य ऋणबाट मुक्त हुन सकिन्छ। मानिस निरन्तर आफन्त सन्तती, समाज र व्यक्तिको सेवामा क्रियाशील रहिआएमा राष्ट्रोन्नति हुन्छ।

छोराहरुबाट गरिएको श्राद्धबाट मूलतः दुई फल प्राप्त हुन्छन्। एउटा पितामाताहरुको तृप्तता र सन्तुष्टि। दोस्रो आयु ,सन्तान ,ऐश्वर्य, राज्यसुख र मोक्ष। यदि छोराले आफ्ना मातापिताको श्राद्धादि कर्म गर्दैनन् , त्यसलाई पुत्रबाट सुःख हुँदैन , धनसम्पत्ति पनि हुनै न हुनै बेला नाश हुन जान्छ त्यसर्थ ऐश्वर्य मान, सम्मान , विद्या सबै सुलभ रुपमा प्राप्त हुने कुरा पुराणादि शास्त्रमा भनिएको छ। छोराहरुद्धारा अनिवार्य रुपमा गर्नुपर्ने वर्षमा दुई वटा श्राद्ध पर्दछन्। जसलाई एकोदिष्ट र सोहश्राद्ध भनिन्छ। श्रद्धापूर्वक गरिने कर्मलाई श्राद्ध भनिन्छ अथवा श्रद्धापूर्वक गरिएको दानलाई श्राद्ध भनिन्छ। यसरी आफ्ना पितामाता प्रति सत्विचार राखेर श्रद्धापूर्वक तर्पण, पिण्डदान ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मण भोजन गराएमा पितृहरु सन्तुष्ट भई आर्शीवाद दिने कुरा महाभारत आदि ग्रन्थमा उल्लेख गरिएको छ ।समय परिवर्तनशील छ । समाजका संरचना फेरिएका छन् । जीवनशैली फरकफरक छ । भौतिक उन्नति र प्रगतिले चमत्कार जस्तो आभास भएको छ तर मानिसको जन्म र मृत्युमा परिवर्तन हुन सकेको छैन । कालजयी कोही पनि हुन सक्दैन । जन्मदा वायु लिएर आउंछ । मर्दा वायु छोडेर जान्छ यही अन्यौलतामा मानिस रुमलिएको हुन्छ । कसैले भौतिकलाई वास्तविक मान्दछन् त कसैले आध्यात्मिकतालाई । भौतिकता र आध्यात्मिकताको सन्तुलन नै यस जगत्को वास्तविक जीवन हो भन्ने धेरैको ठम्याई छ । त्यसैले जन्म दिनुपर्ने जस आफ्ना मातापितालाई दिनैपर्छ । मरिसकेपछि दिने स्थानलाई प्रकृति/ईश्वरको आर्शीवाद सम्झनु नै पर्छ भनिन्छ , अर्को स्वर्ग वा नरक छैन त्यसैले यसैलाई वास्तविकता मान्दा पनि आफ्ना बाबुआमा यही पृथ्वीमा बूढो श्वासलाई वा प्राणलाई छाडेर नयां स्वास लिई बसेका छन् भन्ने सत्यलाई विश्वास त मान्नैपर्ला । अप्रमाणित गफ चुटेर अशास्त्रीय विचार वा तर्क प्रस्तुत गरेर संस्कारलाई गलत व्याख्या गर्दा समाज दिनप्रतिदिन अशिष्ट ,अमर्यादित र निन्दित बन्दै गएको तथ्य हाम्रा सामु छलंङ्ग छ । जुन व्यक्तिले संस्कार छोड्दै जान्छ ऊ निर्दयी बन्दै जान्छ । हाम्रा बाबुआमा चाहे यहीको स्वर्गमा होऊन् । चाहे नरकमा । उनीहरुलाई श्रद्धापूर्वक छोराले गर्नु पर्ने कर्म गरेमा अवश्य पनि यस जगतमा आफू रहंदासम्म दुःख हुदैन । यो शास्त्रीय कथन हो । शास्त्रमा कर्म अनुसार को स्वर्ग वा नरक भोग्नुपर्दछ भनिएको छ । कर्म अनुसार नै विविध प्राणीका रुपमा जन्म लिनुपर्दछ । भनिएको पनि छ । तिनले कसरी छोराद्धारा दिएको अन्न ग्रमण गर्दछन् त ? भन्ने हिजोआजका पाठकहरुको जिज्ञाशा रहेको पाइन्छ । जुनजुन प्राणीको रुपमा जन्म लिएको भए पनि आफ्नो जन्म र भोजन जुन रुपले छ सोही अनूकुलको ग्रहण गर्ने कुरा महाभारत,पुराण र धर्मशास्त्रादि ग्रन्थमा उल्लेख छ ।

आफ्ना मातापितालाई श्रद्धापूर्वक नसम्झिनेका लागि त कोही उपचार छैन मातापिताको योगदान , त्याग सेवा भावलाई सम्झिई कर्म गर्नेहरुको लागि श्राद्ध विभिन्न प्रकारका छन् । जुन नित्य नैमित्तिक, काम्य, वृद्धि र पार्वण वा महालय आम्युदायिक तथा तन्दिमुखीका रुपमा चलनचल्तीमा रहेको पाइन्छ । पितामाता वा मातामह-पितामहमध्ये एकलाई उद्देश्य बनाई गरिने श्राद्धलाई एकोदिष्ट भनिन्छ भने पिता पितामह र प्रपितामह र अन्यलाई उद्देश्य बनाई गरिने श्राद्धलाई पार्वण श्राद्ध भनिन्छ । एकवर्षका लागि पानी अन्न दिएर उनीहरुको भोक, प्यास शान्त पार्ने कर्म नै श्राद्ध हो । यसलाई पूर्वीय शास्त्रले अनिवार्य कर्मको रुपमा बताएको छ । एकोदिष्ट श्राद्धलाई तिथि श्राद्ध पनि भनिन्छ । जुन तिथिमा बताएको छ । एकोदिष्ट श्राद्धलाई तिथिश्राद्ध पनि भनिन्छ जुन तिथिमा आफ्ना बाबुआमाको देहान्त भएको हुन्छ त्यस्तै तिथिलाई आधारका रुपमा लिई श्राद्ध गरिन्छ । महाभारत वा पुराणादिमा उल्लेख भए अनुसार आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्लप्रतिपदासम्मका सोह्र दिनलाई सोह्रश्राद्ध भनिएको हो । जे जस्तो व्याख्या वा परिभाषा बताएपनि १ वर्षमा दुईपटक आफूलाई जन्म दिई पालन पोषण गरी ज्ञानोपदेशद्धारा कर्म मार्गमा प्रवृत्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
गराउने आमा बुवालाई सम्झी एक लोटा जल र एक मानो अन्न समर्पण गरेमा आर्शीवाद पाउने र जस्तो रुपमा दिए पनि सन्तोषका साथ ग्रहण गर्ने कुरा श्रीमद्भागवद् गीतामा यसरी उल्लेख गरिएको छ ।

पत्रं पुरापं फलं तोयं यो मे भक्त्या प्रयत्छति ।

तदहं भक्त्युपदृतमश्वामि प्रयतात्मनः ॥

जुन भक्तले यगोशक्ति अलिकति पानीमात्र समर्पण गर्दछ भने पनि त्यस भक्तको भेटलाई म खुसीसाथ ग्रहण गर्दछु भनि कृष्णले भन्नुभएको छ । अतः आफ्ना मातापितालाई अलिकति पानी र अन्न समर्पण गरौं त्यसले धेरै कल्याण हुनेछ । छोराले आफ्ना दिवंगत भएका पितृहरुलाई यदि आश्विन कृष्णप्रतिपदादेखि गाईतिहारे औंसीसम्म पनि एक लोहोटा पानी र एक मानो अन्न दिने त्यसबखत पितृहरु ज्यादै निराश हुन्छन् । निराश भएका पितृहरुले आफ्नै छोराहरुको रगत चुसेर फर्कन्छन् भन्ने शास्त्रीय कथन रहेको छ । आफ्ना पितृहरुलाई यथाशक्ति श्राद्ध दान गर्ने गरौं ।

सन्दर्भ ग्रन्थ

१. श्रीमद्भागवत महापुराण -वेदव्यासप्रणीत-द्धितीय खण्ड-प्र.गीताप्रेस गोरखपुर सं.२०५७

२. श्रीवराहपुराण - वेदव्यासप्रणीत प्र.गीताप्रेस गोरखपुर सं. २०६५

३. अनुसन्धानप्रकाश -प्रा.हरिप्रसादशर्मा आचार्य :प्रा. स्थानेश्वरगौतम : प्र.म.सं.वि. वि.सं.२०४२

४. व्रतार्क - महेशदत्त त्रिपाठी

नव वर्ष २०५९ सालको शुभउपलक्ष्यमा समस्त महानुभावहरुमा सु-स्वास्थ्य, सुख, शान्ति, प्रगति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

काठमाडौं मोडेल उच्च मा.वि., ४२४२१२१
काठमाडौं मोडेल कलेज, ४४१९३०६
के.एम.सी. स्कूल, ४७८७१११
हिमालय कलेज अफ इन्जिनियरिङ्ग, ५५४०५५५
काठमाडौं मोडेल रिसर्च फाउण्डेशन, ४२४२८६५
न्यू समिट कलेज, ४२४२१२१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लीलालेखन एक दृष्टि

गणेशप्रसाद घिमिरे
सह- प्राध्यापक
वाल्मीकि विद्यापीठ

भनिन्छ साहित्य समाजको दर्पण हो । दर्पणले मानव स्वरुपलाई जस्ताको त्यस्तै व्यक्त गरेको हुन्छ । त्यसकारण समाजको विम्व ,प्रतिविम्व र स्वरुपको पर्यवेक्षण ,अवलोकन ,निरीक्षण तथा परीक्षण गरी निष्कर्षमा पुग्नुपर्ने पर्यायका रुपमा साहित्यलाई लिइएको होला ? पर्यवेक्षण र अवलोकन साहित्यको आरम्भिक चरणका स्वरुप हुन् भने परीक्षण साहित्यले धेरै पछि पाएको अनुभवलाई हाम्रो समझ प्रणालीले दर्शाएको छ । अन्ततः साहित्यिक परिदृश्यको संरचनाले दिएको मानवीय चेतनाको स्वरुप हो मानव मन । यो मानवमनभित्रको अवहेलना ,प्रताडना र चेतनावाट जन्मिएको विविध स्वरुपलाई साहित्यका मान्यताहरुले दर्शाएका हुन्छन् । यी पक्षहरुद्वारा सजिएको ,जोतिएको ,पोतिएको पटभूमिलाई अभिव्यक्त गर्दै सजाउने मानवीय संवेदनाका छालहरुलाई साहित्यको परिवर्तनका संवाहकहरुले दर्शाएका छन् । यसरी साहित्यले मानव मनलाई नदुख्ने गरी चसक्क घोचेर राखेको हुनुपर्छ भन्ने धारणा समीक्षाशास्त्रले राखेको देखिन्छ ।

समाज युगीन परिवेशसँगै परिवर्तनको पाटोमा अवतरित हुने गर्दछ । सो परिवर्तनसंगै साहित्यले पनि परिवर्तनका छाल र परिस्थितिहरुलाई आत्मसात गनुपर्ने देखिन्छ । साहित्य परिवर्तनका निमित्त कारक बन्ने गर्छन साहित्यिक आन्दोलनहरु । ती आन्दोलनले साहित्यको भाषा ,स्वरुप ,संरचना तथा परिवेशलाई नै परिवर्तन गरी नयाँ युगको युगीन परिस्थितिलाई दर्शाएका हुन्छन् । विश्व साहित्यको परिदृश्यलाई हेर्दा परिवर्तनले साहित्यको कलात्मक सौन्दर्यमा नवीन मूल्यको खोज गरिरहेको हुन्छ । अतः सौन्दर्यात्मक दृष्टिका कारण परिवर्तनलाई आत्मसात गरेको समाजलाई साहित्यको कुनै पनि क्षेत्रले आफूभित्र समेटेर राखेको देखिन्छ । पूर्वको साहित्य कलात्मक सौन्दर्यमा सजिएको छ । पश्चिमको साहित्यले परिवर्तनका प्रत्येक पाटाहरुमा एकाधिकार जमाउँदै मानव मन र हृदयलाई आन्दोलित र शसंकित तुल्याएको देखिन्छ । यी दुवैको मध्यविन्दुवाट आननो अस्तित्वको खोजमा कता कता नेपाली साहित्य बरालिएको प्रतीत हुन्छ । यहाँ वरालिनुलाई साहित्यिक परिवृत्तमा देखिएको विचलनलाई लिइएको छ । साहित्यिक मान्यतागत परिदृश्यमा देखिएको असहज प्रवृत्तिवाट नेपाली साहित्य गुज्रिएको छ । यसरी नेपाली साहित्यको इतिहासको पर्यवेक्षण गर्ने अध्येताहरुले साहित्यका विविध आन्दोलनलाई परिवर्तन संवाहकका रुपमा हेरेका छन् ।

नेपाली साहित्यका विविध साहित्यिक र भाषिक आन्दोलनहरु उन्मुक्त वनेर वगेका छन् । विश्वजनीन परिवेशसँग मितेरी लगाउँदै कतिपय पक्षमा असहमति व्यक्त गर्दै आएको नेपाली साहित्यको परिवशले मानवकल्पनालाई आननो स्वरुप र भङ्गालोमा राखेको देखिन्छ । नेपाली साहित्य जन्मको कलिलो उमेरसँगै तरुण ,प्रौढ वन्न पुगेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
साहित्यका कतिपय आन्दोलनले वताएका छन् । साहित्यिक आन्दोलनहरुले नेपाली साहित्यको भाषिक स्वरुपमा आएको परिवर्तनलाई मनग्गे योगदान दिएका छन् । यी विभिन्न साहित्यिक आन्दोलनहरु मध्ये 'लीलालेखन' लाई यस लेखभित्र समेट्ने प्रयत्न गरिएको छ । दार्जलिङ्गको प्राकृतिक सुन्दरतामा उब्जिएर दृढता पाएको एकल साहित्यिक आन्दोलनका रुपमा 'लीलालेखन' लाई लिईएको छ । वि.सं. २०२० सालमा ईन्द्रवहादुर राई ,वैरागी काँईला ,ईश्वर वल्लभ जस्ता त्रिमूर्तिद्वारा अस्तित्वमा आएको आन्दोलन 'तेस्रो आयाम' हो । नेपाली साहित्यमा उब्जिएका अन्य आन्दोलनले विचार ,भाव र शैली मध्ये कुनै एकलाई अवलम्वन गरी हेरे । तर, यो 'तेस्रो आयाम' ले भाषालाई तिखार्नु , त्यस भाषामा विचार वोक्नु र विचारलाई नौलो कोणमा प्रस्तुत गरी साहित्य सृजना गर्नु जस्तो महत्तालाई वोकेको छ देखिन्छ (भट्टराई, २०४९: १४९) । परम्परागत लेखनमा टाक्सिएको नेपाली साहित्यप्रति चेप्टो भएको आरोप लगाउँदै लम्वाइ ,मोटाइ र चौडाइ युक्त वदलिंदो साहित्य सृजना गर्ने परम्परामा आयमेलीहरु आएका देखिन्छन् (भट्टराई, २०४९: १४९) ।

नेपाली साहित्यको आन्दोलनका स्वरुपमा सबैभन्दा बढी चर्चित र विवादास्पद आन्दोलनका रुपमा 'तेस्रो आयाम' आन्दोलनलाई लिईएको छ । यसरी व्यक्त भएको आन्दोलनले केही उचाइ प्राप्त गरेपछि नेपाली साहित्यको फाँटमा विविध परिवर्तनका रेखाहरु कोरिए । यो आन्दोलनले नेपाली साहित्यमा खास गरेर क्लिष्टताको स्वरुप खेप्नुपरेको छ र खेपेको पनि छ । यसरी विवादित ,प्रसंशित र विकसित हुँदै आएको 'तेस्रो आयाम 'ले नेपाली साहित्यमा आफूलाई समर्पित गरिसकेको थियो । नेपाली साहित्यका कतिपय विधामा तेस्रो आयामले प्रभुत्व नगरेको होईन । कथा र कविता प्रत्यक्षत: तेस्रो आयाम आन्दोलनवाट राम्ररी प्रभावित भए । नेपाली साहित्यमा नेपाली साहित्यकारद्वारा देखाइएका विविध गोरेटो संगै बामे सरेको नेपाली साहित्यका गरा र काल्नामा पश्चिमा साहित्यका विभिन्न वाद र आन्दोलनको प्रभाव समेत टड्कारो वनेर नदेखिएको होइन । प्रत्यक्षत: पश्चिमा साहित्यका प्रणाली र वादहरुको माझमा पिल्सिएको नेपाली साहित्यको गोरेटोमा नेपाली साहित्यका कवि लेखकहरु पाइला टेकेर अघि आएको प्रमाणित हुनजान्छ । वस्तुत:नेपाली साहित्यकाशमा चम्किएको परिवर्तनका छालहरुले साहित्यका प्रत्येक विधामा आफूलाई समर्पित र सुसज्जित वनाएको प्रतीत हुन्छ । जे होस् नेपाली साहित्यको वदलिंदो परिवेश तथा विभिन्न साहित्यिक आन्दोलनहरुले गर्दा आज हाम्रो साहित्य विश्वसाहित्यसँग पैठाजोरी खेल्न अग्रसरित भएको देखिन्छ ।

'तेस्रोआयाम 'को सफल परीक्षण पछि अथवा भनौं 'तेस्रो आयाम 'ले जन्म लिएको १३ वर्ष पछि वि. सं. २०३४ सालमा ईन्द्रबहादुर राईले कठपुतलीको मन प्रकाशित गरे । सोही कृतिको अन्त्यमा 'लीलालेखन' रुपी नवीन धारणा सहित २०वुँदे लीलालेखन अवधारणा नेपाली साहित्यमा लिएर उदाए (भट्टराई, २०४९:१९०) । उनको यो प्रयासलाई आफैले 'लीला लेखन' भनेर नाम पनि दिए । वस्तुगत रुपमा मानिसले गर्ने कार्यलाई कर्म र भगवानद्वारा सम्पादित गरिएका कार्यलाई लीला भन्ने परम्परा हाम्रो आर्य समाजमा विद्यमान रहेको देखिन्छ । लेखनमा लीला पेश गर्नु 'लीला लेखन' हो त ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने भ्रान्तिले साहित्यका अध्येताहरुलाई कता कता छटपटीमा पठाएको पनि छ । ईन्द्रवहादुर राई त्यस प्रयासलाई लीला मान्ने प्रयत्नमा छैनन् । हामीले जानेको भनेको धारणा जानेका रहेछौं धारणा भ्रम हो(भट्टराई , २०४९ :१९०) । जे जानिन्छ त्यो सत्य होईन जो सत्य हो त्यो प्रतीयमान छैन । यसै भ्रमको खेतीवाट उम्कनका लागी राईले 'लीला लेखन 'लाई अघि सारेको आभास हामीले पाउँछौ । व्यावहारिकता ,वस्तुवादिता तथा यथार्थवाट उम्केर नवीनताको खोजमा 'लीलालेखन' अघि वढेको देखिन आउँछ । समाजको निर्माणका निमित्त देखिएको कारक तत्व मानव हो । त्यही मानवले भोगेका जीवन भित्रका पीडाहरुलाई विर्निमाण गर्ने स्वरुपमा नवीनता थप्न र नयाँ युगको पर्दा उघार्नलाई 'लीलालेखन 'ले केही हदसम्म सहयोग गरेको देखिन्छ । ज्यादै गम्भीर तथा चिन्तनीय आन्दोलनको स्वरुपमा 'लीलालेखन' उत्रेको पाईन्छ । धर्म ,पुराण , इतिहास ,दर्शन आदिद्वारा प्राप्त भएको उपदेशलाई आत्मसात गर्दै आधुनिक भौतिकवादको चरम आस्वादनलाई समेत साहित्यमा प्रवेश गराउने जमर्कोका रुपमा राईले 'लीलालेखन' लाई लिएका छन् (धरावासी ,२०५३: ९९) । विभिन्न शास्त्रहरुमा देखिएका तर्कहरुको संयोजन गरी आधुनिक विज्ञानको मानवीय स्वरुपसंग गाँसेर आननो सैद्धान्तिक ठोस आधार पहिल्याउने जमर्कोका रुपमा 'लीलालेखन' लाई लिइएको छ । ईन्द्रबहादुर राईको यही स्वरुपलाई नै 'लीलालेखन' ले उद्घाटन गरेको छ । एउटै व्यक्तिमा उसका विविध पाटाहरुले व्यक्तित्वलाई विभिन्न रुपमा प्रस्तुत गरेको हुँदा ती व्यक्तित्वलाई साहित्यमा उद्घाटन गर्नु नै लीला हो भन्ने ठहर राईले गरेका छन् । वस्तुता व्यवहारिक र दार्शनिक वोधको हुन्छ त्यो दार्शनिक वोधलाई प्रकट गर्न र व्यावहारिक बोधलाई उद्घाटन गर्न साहित्यका आन्दोलनहरु क्रियाशील हुने गर्दछन् । 'लीलालेखन' ले वस्तुताको संवृत्ति ,दार्शनिक वा पारमार्थिक विषयलाई समेटेको हुन्छ भन्ने ठहर राईको रहेको देखिन्छ (वराल ,२०५१:३३९) । सामान्यतया 'लीलालेखन' का आरम्भिक विन्दु ईन्द्रवहादुर राई हुन् । उनको यो साहित्यिक भुंइचालोले कुनै एक पक्षमा साहित्य केन्द्रिकृत हुनुहुँदैन भन्ने ठहर प्रकट गरेको छ । 'लीलालेखन' ले भोग र योग दुवै लेखौं दुईको संगति लेखौं अझ भोगलाई योगमा पुऱ्याएर लेखौं । दुईको संगतिले लेखौं भन्छ (वराल,२०५१ :३४२) । यसरी उनले आननो सैद्धान्तिक आधार पेश गरेका छन् । सामान्यतया वस्तुताको भौतिक र आध्यात्मिकताको शल्यक्रियाका रुपमा 'लीलालेखन' लाई नेपाली साहित्यले साहित्यिक मान्यता भन्दा आधुनिकताको भुमरीमा आएको सिद्धान्तको रुपमा आफूलाई समर्पित गर्न मन परायो । वस्तुतः प्रत्यक्ष अप्रत्यक्ष रुपमा नेपाली साहित्य वस्तुताको एकल खोजमा दौडिन पुग्यो । मिथकीय रुपलाई लिएर साहित्यको स्वरुप नियाल्ने क्रम नेपाली साहित्यको फाँटले अवलम्वन नगरेको होइन । तापनि 'लीलालेखन' को दृष्टिवाट नेपाली साहित्यका लेखकहरु हिचकिचाए ।तेस्रो आयामले भित्र्याएको दुरुहता ,दुर्वोध्यता र क्लिष्टता देखेर नेपाली साहित्यकारहरु 'लीलालेखन' को आगमनले तर्सिए । वि.सं. २०४६ साल पछिको नेपाली साहित्यमा राईको दृष्टिकोण सार्वजनीन भइसकेको थियो । तर, उनको यो उचाइलाई नियालेर हेर्ने र साहित्यमा त्यसलाई उतार्ने प्रयासहरु अल्पमात्रमा भएको देखिन्छ । साहित्यिक आन्दोलनहरुको तातो रापमा रापिएर नै साहित्यको वगैंचा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मौलाउने गर्दछ । तर ,नेपाली साहित्यका सर्जकहरु त्यस किसिमका आन्दोलनद्वारा भयभीत र सशङ्कित देखिएका छन् । त्यसैले 'लीलालेखन' ले नेपाली साहित्यको बाँझो भूमिलाई सेचन गर्न नसकेको प्रतीत हन्छ । यसकिसिमको परिवेशमा ईन्द्रबहादुर राईलाई दोष दिन सक्ने अवस्था भने सवर्था युक्तिसंगत मानिन्न । तर 'लीलालेखन' को विश्लेषण ,मूल्याङ्कन र परीक्षण हुनु जरुरी देखिन्छ । वस्तुतः राईको 'लीलालेखन' ले साहित्यलाई विविधतामुखी वनाएर पेश गरेको छ । त्यसकिसिमको पद्यतिप्रति सचेत हुनु अतिआवश्यक महसूस गर्न सकिन्छ । भौतिकवादप्रति तीखो व्यङ्गय गर्ने नेपाली साहित्यले आध्यात्मिक चेतनाको ढोकालाई पनि उघार्न सकेको पाईंदैन ।दुबैको सामाञ्जस्यमा गहिरिएर अग्रसरित भएमा राईको 'लीलालेखन' अत्यन्त सार्थक आन्दोलन प्रतीत हुनसक्ने ठहर स्वतःप्रकट भएको छ । ऋषिराज बराल लीलालेखन लाई अध्यात्मवादवाट प्रेरित भएको र हालसम्म साहित्यले गरेको प्रगतिको बाधक मानेर अघि बढेका छन् (वराल ,२०५१ :३५०) । उक्त भनाइसंग सहमति जनाउन सकिने आधार भने देखिन्न । साहित्यले समाजका परिवर्तित सामाजिक मान्यताका साथ अध्यात्मको भावनालाई पनि समेट्न सक्नुपर्दछ । साहित्य मानव सभ्यताको त्यो मिश्री हो जसमा सामाजिक मान्यता ,परिवेश ,स्थान ,धर्म ,जाति ,लिङ्ग आदिलाई एकै ठाउँमा राखेर हेर्ने शक्ति विद्यमान रहेको हुन्छ । अतः राईको लीलालेखन नेपाली साहित्य जगतमा आएको र मानव जीवनको निकटतालाई हेर्ने एक महत्वपूर्ण आन्दोलन मान्नुपर्ने अवस्थाको सम्झना हो ।

सन्दर्भ ग्रन्थसूची

१ धरावासी ,कृष्ण, लीलालेखन (२०५३) दुवसू क्षेत्री

२ वराल ,ऋषिराज **लीलालेखन अर्थात् फर्मुलाबद्ध लेखन** (२०५१) गरिमा ,वर्ष १२,अङ्क ५ ।

३ भट्टराई ,गोविन्दप्रसाद ,काव्यिक आन्दोलनको परिचय (२०४९) काठमाडौं ,ने.रा.प्र.प्र ।

४ संपा. कृष्ण धरावासी , लीला प्रस्तावना (२०५९) काठमाडौं ,साझा प्रकासन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खुमाकान्त रेग्मी
सहप्राध्यापक :
जनता क्याम्पस बिजौरी, दाङ् ।

अपत्यविमर्श :

नञ्पूर्वात् गत्यर्थकात् 'पत्' धातो : करणे यत् प्रत्ययेन निष्पन्नोऽयं अपत्यशब्द : पुत्रस्य वा पुत्र्या अपि वाचक : ।[1] अत्रापत्यशब्देन विशेषत: पुत्र एव गृह्यते। न पतन्ति पितरोऽनेनेत्यापत्यशब्दस्य व्युत्पया यस्य पुत्रो न जायते स: पितृणेन ग्रस्तो भवति । पुत्रमुखदर्शानदेव पितृणान्मुक्तो भवति । यथोक्तं गरुडपुराणे –

एकोऽपि पुत्रो धर्मात्मा सर्वं तारयते कुलम् । पुत्रेण लोकाञ्जयति श्रुतिरेषा सनातनी ॥

इतिवेदैरपि प्रोक्तं पुत्रमहात्म्यमुत्तमम् । तस्मात्पुत्रमुखं दृष्ट्वा मुच्यते पैतृकादृणात् ॥[2]

जातमात्रे कुमारस्य मुखमालोकयेत् पिता । पितृणात्स विमुच्येत पुत्रस्य मुखदर्शनात् ॥[3]

अन्यच्च– "अपुत्रस्य गतिर्नास्ति स्वर्गो नैव च नैव च " ।[4] पुन्नाम्नो नरकात्त्रायत इति पुत्रशब्दस्य व्युत्पत्या अपुत्रस्य स्वर्गादिलोके गतिर्न भवति । अत्र गरुडपुराणस्य वचनम् । यथा–

पुन्नाम्नो नरकाद्यस्मात पितरं त्रायते सुत: । तस्मात्पुत्र इति प्रोक्त : स्वयमेव स्वयम्भुना ॥ [5]

"नृणाति क्लेशं प्रापयति" इति नरक: । अनेन अपुत्रो हि मृत्योरनन्तर मौर्ध्वदेहिकक्रियापिण्डदानादिकर्त्राभावात् प्रेतादियोनौ दु:खं भुंक्त इति भाव: । सर्वेषां नराणां जीवने पुत्रस्य महत्वपूर्ण स्थानमस्ति ।

अपुत्रस्य जीवनं कीदृशं भवतीत्यस्मिन् विषये **श्रीमद्भागवतमहत्म्ये आत्मदेवस्य कथनम्** –

धिग्जीवितं प्रजाहीनं धिग्गृहं च प्रजां विना । धिग्धनं चानपत्यस्य धिक्कुलं सन्ततिं विना ॥ [6]

सुविदितमेव धर्मशास्त्रानुसारेण मानवा देवर्षिपितृणैर्युक्ता भवन्ति । नरो यावत् पुत्रं न प्राप्नोति तावत् पितृणात् मुक्तो न भवति । पुत्रो मृतपितरं पिण्डदानादिना नरकात् त्रायते । अपुत्राणां गतिर्नभवतीत्यस्मिन् विषये गरुडपुराणे लिखितम् । यथा –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
दुर्गतिः कथिता पूर्वमपुत्राणां च पापिनाम् । पुत्रिणां धार्मिकाणां तु न कदाचित् खगेश्वर ॥ [७]

यदि केनापि कर्मणा पुत्रजन्मनिरोध : स्यात्तदा केनाप्युपायेन पुत्रोत्पत्तिसाधनं कर्तव्यमित्यपि तत्रैव वर्णितम् । यथा –

हरिवंशकथां श्रुत्वा शतचण्डी–विधानतः । भक्त्या श्रीशिवमाराध्य पुत्रमुत्पादयेत् सुधी : ॥ [८]

ज्योतिषशास्त्राधारेऽपत्यविचार :–

जन्मकालिकलग्नकुण्डल्यां तन्वादिद्वादशभावा भवन्तीति सुविदितमेव । भावकुतूहलोक्त्या द्वादशभावनां नामानि –

तनुकोशसहोदरबन्धुसुता रिपुकामविनाशशुभा विबुधैः ।
पितृभं तत आप्तिरपाय इमे क्रमत : कथिता मिहिरप्रमुखै : ॥ [९]

जन्मकालिकप्रथमलग्नात् पञ्चमभावस्य सुतसंज्ञा । अतो पञ्चमभावात् मुख्यत्वेन अपत्यस्य विचार : क्रियते । तथा च चन्द्राधिष्ठितराशेः पञ्चामस्थानात् सुतस्य विचारो भवति । [१०] पुत्रकारको ग्रहो बृहस्पतिरस्त्यतो बृहस्पतेरपि पुत्रस्य विचारो भवति । [११] गुरोः पञ्चमस्थानदपि पुत्रस्य विचारः क्रियते । उक्तञ्च जातकपारिजाते –

“जीवात्पञ्चमराशितश्च तनयप्राप्तिं वदेद् दैशिक :” इति [१२]

जैमिनिप्रणीतजैमिनिसूत्रानुसारेण उपपदात् सप्तमस्थानात् पञ्चमस्थानधारे, उपपदात् नवमराशे : पञ्चमस्थानाधारे, उपपदात् सप्तमस्थानस्य स्वामी यस्मिन् राशौ भवति तस्मात्पञ्चमस्थानस्याधारे च सन्तानविचारः क्रियते । [१३] पुत्रस्य सुखदुःखादीनां विचारः सप्तमनवमपञ्चमेशैरपि क्रियते । [१४] ज्योतिषतत्त्वप्रकाशे लक्ष्मीकान्तकल्याणेन बृहस्पतेः पञ्चमभावेन, लग्नेन, नवमभावेन च पुत्रस्य विचारो भवतीति लिखितम् । [१५]

अपत्योत्पादनशक्तिविचारः–

वीर्यबलमर्थात् सन्तानोत्पादकशक्तिः तद्विषये हरिशंकरस्य फलदीपिकायां लिखितमस्ति यत् यदि स्त्रीयाः कुण्डल्या विचारः क्रियते तदा तस्या जातिकाया जन्मकालिकगुरुचन्द्रभौमानां स्फुटराश्यदियोगो यदि द्वादशराश्यधिको भवति तदा १२ भक्ते यच्छेशं तस्य राशि : समो नवांशश्च विषमो भवति तर्हि सन्तानोत्पादकशक्तिस्तस्याः सवला भवति । पुनर्यदि पुरुषस्य कुण्डल्या विचार्यते सूर्यबुधशुक्रवृहस्पतीनां स्फुटराश्यादिनोक्तवत् यदि विषमराशिः विषमनवांशश्च भवति तदा तस्य पुत्रोत्पादनशक्तिरुत्कृष्टा, विपर्यये अनुत्कृष्टा भवतीति । [१६]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयुर्वेदेऽपत्योत्पादनशक्तिविचार :–

आयुर्वेदेऽपत्योत्पत्तिविषये लिखितमस्ति यत् शुद्धशुक्रशोणितसंमिश्रणेनैवापत्यमुत्पद्यते । अतोऽपत्यं तदैव भवितुमर्हति यदि सन्तानोत्पादकद्वयोरेव शुक्रार्तवयो : शुद्धिर्भवेत् । यदि एकमपि अशुद्धं भवेत् तदा अपत्यस्योत्पत्तिर्न संभवति । सुश्रुतसंहितायां शुद्धशुक्रस्य लक्षणमेवं लिखितम् –

स्फटिकाभं द्रवं स्निग्धं मधुरं मधुगन्धि त । शुक्रमिच्छन्ति केचित्तु तैलक्षौद्रनिभं तथा ॥ [१७]

एवमेव तत्रैव शुद्धार्तवलक्षणम् –

शशासृक्रक्तिमं यत्तु यद् वा लाक्षारसोपमम् । तदार्तवं प्रशंसन्ति यद्वासो न विरञ्जयेत् ॥ [१८]

उपर्युक्त शुद्धशुक्रस्य लक्षणाद् भिन्नवातदोषान्वितम्, कफपित्तदोषान्वितम् , शोणितान्वितम् , शवगन्धि, ग्रन्थियुक्तम्, दुर्गन्धितम् , पूयान्वितम् , मूत्रपुरीषगन्धिशुक्रं येषां जनानां भवति तेऽपत्योत्पादनेऽसमर्था : भवन्ति । एवमेव वातपित्तकफशोणितदोषान्वितार्तवा : स्त्रिय : सन्तानोत्पादनेऽसमर्था भवन्ति । [१९]

अत्र ग्रहयोगवशात् केचिदपत्यसम्बन्धियोगा उपस्थाप्यन्ते– पुत्रापत्यायोगा :–

१.उच्चराशिगते पञ्चमेशे द्वितीये पञ्चमे नवमे वा भवने स्थिते गुरुणा युते दृष्टे वा पुत्रसुखं भवति । यथा –

पुत्रस्थानाधिपे स्वोच्चे लग्नाच्चेद्द्वित्रिकोणभे । गुरुणा संयुते दृष्टे पुत्रभाग्यमुपैति सः ॥ [२०]

२. यदि पञ्चमेशः , पञ्चमस्थानम् , बृहस्पतिर्वा शुभदृष्टः शुभयुक्तो वा भवेत्तर्हि पुत्रप्राप्तिर्भवति । उक्तञ्च

जातकपारिजाते–

पुत्रस्थाने तदीशे वा गुरौ वा शुभवीक्षिते । शुभग्रहेण संयुक्ते पुत्रप्राप्तिर्न संशयः ॥ [२१]

३. लग्नात् पञ्चमे भावे शुभग्रहेण पतिना चावलोकिते पुत्रसुखं भवति । [२२]

४. यदि पञ्चमेशः पञ्चमभावं पश्यति वा पञ्चमे तिष्ठति वा पञ्चमे शुभग्रहा भवेयु : तर्हि जातकः
शीघ्रमेव पुत्रमवाप्नोति । उक्तञ्च भावकुतूहले –

नन्दनाधिपतिना युतेक्षितं नन्दनं शुभनभोगसंयुतम् ।
नन्दनागमनमेव सत्वरं व्यत्ययेन नहि नन्दनागमः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
५. यस्य जातकस्य यदि पञ्चमेशगुरू सबलौ भवतः तथा लग्नेशः पञ्चमभावगतो भवति तदा तस्य निश्चयेन पुत्रो जायते । एवं जीवो वलान्वितः सन् पञ्चमभावगः स्यात्तथा भूतो यदि लग्नाधिपेन दृष्टो भवति तदावश्यमेवपुत्रमुपैति । यथा –

लग्नेशे पुत्रभावस्थे पुत्रेशे वलसंयुते । परिपूर्णबले जीवे पुत्रप्राप्तिर्न संशय : ॥
पुत्रस्थानगते जीवे परिपूर्णबलान्विते । लग्नाधिपेन संदृष्टे पुत्रप्राप्तिर्न संशय : ॥ [२४]

६. जातकस्य जन्माङ्गचक्रे यदि पुत्रेशजीवौ वैशेषिकांशगतौ भवेतां तथा पञ्चमभावो नवमेशेन दृष्टो भवेत्

तदा पुत्र सुखं भवति । यथा –

वैशेषिकांशके जीवे पुत्रेशे च तथा स्थिते । शुभनाथेन संदृष्टे पुत्रे तत्प्राप्तिमादिशेत् ॥ [२५]

७. केन्द्रत्रिकोणाधिपाः शुभग्रहा भूत्वा यदि पञ्चमभावगता भवेयुः तथा पञ्चमाधिपतिर्दुर्बलो न भवेदथवा

षष्ठाष्टमद्वादशभावेषु न गतो नीचशत्रुराशिपापयुक्तास्तंगतश्च न भवति तदा पुत्रयोगो भवति । [२६]

८. सबलो गुरुः लग्नाधिपतिना दृष्टः सन् पञ्चमभावगतो भवेत्तदा पुत्रप्राप्तियोगो भवति । [२७]

९. लग्नाच्चन्द्रमसो वा पञ्चमे भावे शुभग्रहयुते वा शुभदृष्टे वा स्वस्वामियुते पुत्रप्राप्तियोगो भवति । [२८]

१०. पञ्चमेशः , कुजः , भास्करश्च पुन्नवांशे भवेयुः तर्हि जातक : शीघ्रमेव पुत्रसुखमवाप्नोति । [२९]

११. यदि कर्कराशेः चन्द्रमा पञ्चमे भवेत्तर्हि अल्पपुत्रवान् भवति । [३०]

१२. यदि शनिः स्वराशेः पञ्चमे भवति तदानीं एकपुत्रो भवति । [३१]

१३. बृहत्पराशरोक्त्या एकः पुत्रयोग :–

लग्नात्पञ्चमगे जीवे जीवात्पञ्चमगे शनौं । मन्दात्पञ्चमगे राहौ पुत्रमेकं विनिर्दिशेत् ॥ [३२]

१४. पुत्रभावे यावतां संख्यानां पुरुषग्रहाणां दृष्टयः स्युः तावन्त एव पुत्रा भवन्ति । [३३]

जन्मकाले पुत्रापत्यकारकग्रहयोगेषु पुंवर्गेषु शुभयोगेषु मनुष्याणां पुत्रापत्यं भवति । अन्येऽपि पुत्रापत्ययोगा जातकग्रन्थे वर्णिताः सन्ति ।

पुत्र्यापत्ययोगाः –

१.यदि चन्द्रयुक्तपञ्चमेशः चन्द्रस्यैव द्रेष्काणे स्यात्तर्हि पुœयापत्यं भवतीति वृहत्पारशरहोराशास्त्रे लिखितम् ।

यथा–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
सुतेशे शशिसंयुक्ते तद्द्रेष्काणगतेऽपि वा। तदा हि कन्यकालाभं प्रवदेन्मतिमान्नरः॥ [३४]

२. लग्नात्पञ्चमभावस्थाः चन्द्रबुधशुक्राः पुœयापत्यदायका भवन्ति। [३५]

३. पञ्चमभावस्य वर्गो युग्मराशौ भवेत्तदा पुœयापत्यं भवति। [३६]

४. पञ्चमभावो वा पञ्चमेशः स्त्रीसंज्ञकराशौ स्त्रीग्रहनवांशे च स्यात् तथा भूतः स्त्रीग्रहैर्दृष्टो युक्तो वा भवेत्,

अस्मिन् योगे पुत्रीसन्ततिर्भवति। [३७]

५.पञ्चमभावे यावन्मितानां स्त्रीग्रहणां दृष्टयः स्युः तावत्यः कन्या भवन्ति। [३८]

अन्ये कन्यासन्ततियोगाः सन्दर्भग्रन्थे विलोकनीयाः।

बहुपुत्रापत्ययोगाः–

१. यस्य जातकस्य पञ्चमभवने बुधगुरुभृगुभिर्युक्ते सबलग्रहेण दृष्टे वा युते तथा पञ्चमेशे बलयुते च तस्य

बहवः पुत्रा भवन्ति। यथा –

सुतभवने जीवसौम्ययाते बलसहितेन विलोकिते युते वा।
बहुसुतजननं वदन्ति सन्तः सुतभवनेशबलेन चिन्त्यमेतत्॥ [३९]

२. यदि पञ्चमभावो पञ्चमेशो वा पुरुषराशौ पुरुषग्रहस्य नवांशे च भवेत् तथा भूतः पुरुषग्रहैर्दृष्टो युक्तो वा

स्यात्, अस्मिन योगे बहवः पुत्रा जायन्ते। [४०]

३. यदि मकरराशेः शनिः पञ्चमे भवति तदा त्रयः पुत्रा भवन्ति। [४१]

४. यदि कुम्भराशेः शनिः पञ्चमे भवति, तदानीं पञ्चपुत्रा भवन्ति। [४२] एवमेव पञ्चमे गुरौ गतेऽपि

पञ्चपुत्रा भवन्ति। [४३]

५. षट्पुत्रयोगः–

वित्तेशे पञ्चमस्थे च सुतस्थे पञ्चमाधिपे। षट्संख्या च सुतप्राप्तिस्तेषां च त्रिप्रजामृतिः॥ [४४]

६. सप्तपुत्रयोगः–

पञ्चमात् पञ्चमे मन्दे सुतस्थे च तदीश्वरे। सूनवः सप्तसंख्याश्च द्विगर्भे यमलं भवेत्॥ [४५]

७. अष्टपुत्रयोगः –

पुत्रभाग्यगते जीवे सुतेशे वलसंयुते। धनेशे कर्मराशिस्थे वसुसंख्यास्तु सूनवः॥ [४६]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८. नवपुत्रयोगः –

परमोच्चगते जीवे धनेशे राहुसंयुते । भाग्यशे भाग्यसंयुक्ते संख्यानां नवसूनव ॥ [४७]

९. दशपुत्रयोगः–

चतुर्थे पापसंयुक्ते षष्ठे चैव तथैव हि । सुतेशे परमोच्चस्थे लग्नेशेन समन्विते ॥

कारके शुभसंयुक्ते दशसंख्यास्तु सूनवः । [४८]

पुत्रप्राप्तौ विलम्बयोगः

आतकपरिजातोक्त्या पुत्रप्राप्तौ विलम्बयोगाः– ।
विलग्नस्थे धरासूनौ निधनस्थे दिवाकरे ।
सुखे वा शुभसंदृष्टे पुत्रःकालान्तरे भवेत् ॥ [४९]

अन्यच्च –

लग्ने दिनेशतनये रन्ध्रस्थानगते गुरौ । पञ्चमे दुर्बले रिष्फे भौमे कालान्तरे सुतः । [५०]

गणेशदैवज्ञप्रणीत जातकालङ्कारानुसारेण बिलम्बयोगः–

यदि लग्नपञ्चमनवमेशाः शुभग्रहैर्युता भवेयुः तर्हि जातकः किञ्चित्कालविलम्बेन पुत्रमवाप्नोति । [५१]

अन्यच्च–सौम्यदृष्ट्या न दृष्टा यावन्त पापग्रहाः पञ्चमभावगताः तावद्वर्षयन्तं सन्ततिप्राप्तौ विलम्वो भवतीति । [५२]

अनपत्ययोगाः

१– पञ्चमेशो गुरोः षष्ठाष्टमद्वादशान्यतमे स्थितो भवेत् तथा लग्नपञ्चमनवमेशा लग्नाद् षष्ठे, अष्टमे,

द्वादशे वा स्थिता भवेयुस्तदास्मिन् योगे जातस्य नरस्यात्मजानामभावो भवति । यथा–

"वागीशात्पञ्चमेशस्त्रिकभवनगतः पुत्रधर्माङ्गनाथा रन्ध्रद्वेष्याान्तमस्था यदि जनुषि नृणामात्मजानामभावः ।[५३]

२– तृतीयेशे द्वितीयतृतीयपञ्चमद्वादशभावानामन्यतमे भावे गते पुत्रहानियोगो भवति । यथा–

सहजभावपतिः सहजे यदा तनुगतो धनगो व्ययगोऽपि वा ।
सुतगतः सुतहानिकरो नृणां बुधवरैरुदितो मिहिरादिभिः ॥[५५]

३– यदि नीचराशौ गुरौ शुक्रे वा तथा समराशौ बुधे, विषमराशौ रवौ तदात्मजस्य सुखं न भवति । यथा–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
नीचे गुरौ भृगौ वाऽपि समे ज्ञे विषमे रवौ । तदा पुत्रसुखं न स्यादित्युक्तं गणकोत्तमैः ॥[५५]

४– यस्य जातकस्य वृश्चिकराशिगतौ गुरुशुक्रौ भवतः तथा लग्नगतौ मन्दौ भवेतां तस्यात्मजस्याभावो
भवति । यथा भावकुतूहले–

अलौ गुरुकवी लग्ने भवेतां चन्द्रजार्कजौ । न पश्यति सुतं गेहे वर्षकोटिशतैरपि ॥[५६]

५– वैद्यनाथस्य जातकपारिजातोक्ता अनपत्ययोगाः–

(क) पुत्रस्थे मदनाधिपे वितनयो जायाविहीनोऽथवा पुत्रादष्टमशत्रुरिष्फगृहगाः पापाः कुलध्वंसकाः ।[५७]

(ख) पुत्रस्थानपवित्तपौ गतबलौ पापेक्षिते पुत्रभे जातोऽनेककलत्रवानपि सुताभावं समेति ध्रुवम् ।[५८]

(ग) गुरुलग्नेशदारेशपुत्रस्थानाधिपेषु च । सर्वेषु बलहीनेषु वक्तव्या त्वनपत्यता ॥[५९]

(घ) पुत्रस्थानं गते पापे तदीशे नीचराशिगे । शुभदृष्टिविहीने तु वक्तव्या त्वनपत्यता ॥[६०]

(ङ) गुरुलग्नहिमांशूनां पञ्चमस्थैरशोभनैः । शुभदृग्योगरहितैर्वक्तव्या त्वनपत्यता ॥[६१]

(च) पुत्रस्थानगते पापे तदीशे पापमध्यगे । सौम्यदृग्योगरहिते वक्तव्या त्वनपत्यता ॥[६२]

(छ) पापमध्यगते जीवे पुत्रेशे बलवर्जिते । सौम्यदृग्योगरहिते वक्तव्या त्वनपत्यता ॥[६३]

दत्तकपुत्रयोगाः–

१– मिथुनकन्ययोरन्तरे अथवा मकरकुम्भयोरन्यतरे पञ्चमे भावे सति गुलिकशनैश्चरयोरन्यतरेण द्वाभ्यां वा
सहिते वा दृष्टे तदा जातकस्य नौरसः पुत्रो भवति किन्तु दत्तकसुतादय एव पुत्रत्वेनोपयुज्यन्ते ।

यथोक्तं वृहत्पाराशरे–

पुत्रस्थाने बुधक्षेत्रे मन्दक्षेत्रेऽथवा पुनः । मन्दमान्दियुते दृष्टे तदा दत्तादयः सुताः ॥[६४]

२– पञ्चमे षड्ग्रहैर्युक्ते पञ्चमेशे व्ययभावगते लग्नेशे दुर्वले च सति दत्तसुतो भवति । यथा–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
पञ्चमे षड्ग्रहैर्युक्ते तदीशे व्ययराशिगे। लग्नेशो दुर्बलो चेत्स्यात्तदा दत्तादयः सुताः ॥[६५]

३– लग्नेशे पञ्चाभावगते पञ्चमेशे लग्नस्थानगते योगे जातो नरो दत्तकपुत्रं गृह्णाति। न खलु तस्यौरसः

पुत्रो जायते। [६६]

जातकपारिजातोक्तान्यदत्तकपुत्रयोगाः–

४– दुःस्थौ विलग्नसुतपौ समुपैति पुत्रं दत्तात्मजं च शुभखेचरवीक्षितौ चेत्।
तद्भावराशियुतकारकवर्गमूलात् गृह्णाति दत्ततनयं परतस्त्वखेटात् ॥ [६७]

५– पुत्रस्थानगतः कश्चित्परिपूर्णवलान्वितः। अदृष्टः पुत्रनाथेन तदा दत्तादयः सुताः ॥[६८]

६– पापक्षेत्रगते चन्द्रे पुत्रेशे धर्मराशिगे। दत्तपुत्रस्य सम्प्राप्तिर्लग्नेशस्तु त्रिकोणगः ॥[६९]

७– युग्मोदये पुत्रनाथश्चतुर्थस्थानगोऽपि वा। मन्दांशकसमारूढो दत्तपुत्रो भविष्यति ॥[७०]

८– युग्मांशे भानुजांशे वा पुत्रेशोऽर्केन्दुजान्वितः। दत्तपुत्रस्य संप्राप्तिः तस्मिन् योगे भविष्यति ॥[७१]

अन्ये योगाश्च जातकपारिजाते वर्णिताः सन्ति, तत्रैवावलोकनीयाः।

जातकस्य जन्माङ्गचक्रे सन्तानप्रतिबन्धकयोगा विद्यमानाश्चेत् तेषां सन्तानप्रतिबन्धकारणं जातकशास्त्रोक्त्याधिगम्य तद्दोषपरिहारार्थं तत्तत्प्रतिकूलदेवादेराराधनादिबहुविधोपाया ज्योतिषशास्त्रे संवर्णिताः.। देवाराधनमन्त्रजपौषधसेवनदानाद्युपायैः सन्तानोत्पादने बाधकयोगे सत्यपि सन्ततिसम्भवो भवति। तद्दोषशमनार्थं हि शान्तिं कुर्यात्प्रयत्नतः। सन्तानप्राप्तौ धर्मो हि मूलकारणम्। उक्तञ्च गणेशेन जातकालङ्कारे– "तत्प्राप्तिर्धर्ममूला"[७२] इति।

सन्तानक्षयकारणानि–

१– पञ्चमे पञ्चमेशे गुरौ वा पापग्रहेण संदृष्टे सति जातस्य कस्यचिद्देवस्यावहेलनाप्रयुक्तदोषात् सुतक्षयो

भवति। [७३]

अन्यच्च– गुरुः, पञ्चमेशः, सप्तमेशः, मङ्गलश्चैते यदि संयुताः सन्त एकत्र गताः स्युस्तदाऽपि

कस्यचित्प्रतिकूलदेवस्य बाधावशात् कन्यापुत्रयोर्नाशो भवति। [७४]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
२– पञ्चमे पञ्चमेशे गुरौ वा षष्ठभावस्वामिना युते दृष्टे वा ब्राह्मणस्य दुर्वाक्यवशात् सुतक्षयो भवति ।[७५]
३– पञ्चमेशे मंगलेन संयुक्ते षष्ठेशे न वीक्षिते तस्मिञ्शुभग्रहदृष्टिरहिते च रिपुदोषात् सुतक्षयो भवति ।[७६]
४–नवमे पापग्रहेण सहिते, पञ्चमेशे शनिना संयुक्ते मान्दिना युक्ते वा त्रिकोणे सति पितुरपराधेन सुतक्षयो भवति ।[७७]
५– चतुर्थगते पापे सुतेशे व्यये अष्टमे वा गते मातृशापवशात्सुतक्षयो भवति ।[७८]
६– पञ्चमे भावे राहुणा केतुना वा युते दृष्टे वा निर्बले च सति तथा निर्बले पञ्चमेशे राहुणा केतुना वा युते दृष्टे वा सर्पादिमारणप्रत्यवायात्सुतक्षयो भवति ।[७९]
७– भ्रातृस्थानाधिपे कुजराहुभ्यां सहिते तथा पुत्रलग्नाधिपौ मृत्युस्थानगतौ भ्रातृशापात्सुतक्षयो भवति ।[८०]
८– पञ्चमस्थाने वुधजीवौ भवेतां तथा कुजराहू लग्नगतौ स्यातां तदा मातुलशापात्सुतक्षयो भवति ।[८१]
९– सप्तमेशे पञ्चमभावगते सप्तमेशस्य नवांशाधिपतौ शनौ विद्यमाने पञ्चमेशे अष्टभावे गतवति सति पत्नीकोपवशात्सुतक्षयो भवति ।[८२]
१०– यदि पञ्चमे सूर्यमन्दौ भवेतां क्षीणचन्द्रः सप्तमे तिष्ठेत् लग्नद्वादशभावयो राहुजीवौ वसेतां तदा प्रेतशापात्सुतक्षयो भवति । अन्ये सर्पशापादियोगा बृहत्पाराशरहोराशास्त्रे पूर्वजन्मशापद्योतकाध्याये विस्तरेण लिखिताः सन्ति, तत्रैवावलोकनीयाः ।

शापदोषशमनोपायाः–

देवशापादपत्यक्षयदोषशमनोपायः

यदि कश्चिद्देवस्य बाधावशादन्यकारणवशाद्वा अपत्यक्षयो भवेत्तदा पञ्चमे भावे यावद्राशिसंख्या भवति तावद्वारं हरिवंशश्रवणेनापत्यसुखं भवति । हरिवंशपुराणमिति नाम्नैव ज्ञायते यत् हरेः वंशस्य वर्णनं कृतं तत् हरिवंशपुराणम् । तथा च शिवविष्ण्वोः मूर्तिस्थापनात्, सन्तानगोपालमन्त्रस्य लक्षजपात्, भौमव्रतात्, कामदेवव्रताद्वा अपत्यस्य सम्प्राप्तिर्भवति ।[८३]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मणशापादपत्यक्षयदोषशमनोपायः

ब्राह्मणशापादपत्यक्षययोगे सति तद्दोषशमनार्थं चान्द्रायणब्रह्मकूर्चत्रयं विधाय गोभूहिरण्यान्नदानानि च कुर्यात्, एवं कृते मुक्तशापो भूत्वा स पुत्रसुखं लभते ।[८४]

पितुः शापादपत्यक्षयदोषशमनोपायः

तद्दोषपरिहारार्थं गयाश्राद्धं कुर्यात्, अयुतं सहस्रं वा ब्राह्मणान् भोजयेत्, कन्यादानं कुर्यात्, सवत्सकां गां च दद्यात्, एवं कृते पितुः शापाद्विमुक्तं भूत्वा पुत्रापत्यसुखमवाप्नोति ।[८५]

मातुः शापादपत्यक्षयदोषशमनोपायः

मातुः शापविमुक्त्यर्थं एकलक्षवारं गायत्रीजापः, सेतुस्नानम्, ग्रहदानम्, रौप्यपात्रे पयःदानम्, ब्राह्मणभोजनम्, सभक्तिकमष्टाविंशतिसहस्र वारमश्वत्थप्रदक्षिणञ्च कर्तव्यम् । एवं कृते मातुः शापान्मोक्षः प्रजायते, सत्पुत्रं च लभते ।[८६]

सर्पशापादपत्यक्षयदोषशमनोपायः

सर्पशापविमुक्त्यर्थं सुवर्णेन नागमूर्तिं विधाय वेदोक्तविधिना प्रतिष्ठां कृत्वा पूजा कर्तव्या, ततो गोभूहिरण्यादिदानं च विधेयम् । एतत्कर्मकृते सर्पशापाद्विमुक्तो भवति, सत्पुत्रञ्च लभते ।

भ्रातृशापादपत्यक्षयदोषशमनोपायः

भ्रातृदोषस्य शान्त्यर्थं भक्त्या चान्द्रायणव्रतम्, विष्णोः कीर्तनम्, कौवेर्यां विष्णुसन्निधौ अश्वत्थवृक्षरोपणं ततः प्राजापत्यं कृत्वा फलान्वितां भूमिं विप्राय दद्यात्, एवं कृते जातकस्य सन्ततेर्वृद्धिर्भवति ।[८८]

मातुलशापादपत्यक्षयदोषशमनोपायः

मातुलदोषपरिहारार्थं विष्णुमूर्तिस्थापनम्, वापीकूपतडागादेर्निर्माणम्, सेतुबन्धनञ्च कर्तव्यम् । एवं कृते मुक्तशापो भवति, सत्पुत्रं च प्रसूयते ।[८९]

पत्नीशापादपत्यक्षयदोषशमनोपायः

पत्नीशापविमुक्त्यर्थं कन्यादानम्, सर्वाभरणभूषितलक्ष्मीनारायणमूर्तिदानम्, दशगोदानञ्च कृत्वा दम्पत्योर्भूषणं शययां च दद्यात् । एवं कृते पत्नीशापान्मुक्तो भवति, पुत्रं च लभते ।[९०]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रेतशापदपत्यक्षयदोषशमनोपाय :–

अस्यदोषस्य परिहरणाय गयाश्राद्धम् , रुद्राभिषेकम् , ब्रह्ममूर्तिदानम्, गोदानम्, रजतपात्रदानम् , नीलमणिदानञ्च कर्तव्यम् । एवं कृते प्रेतशापान्मुच्यते । [९१]

सन्तानप्रतिबन्धकसूर्यादिग्रहदोषशपरिहरणोपाया:–
वंशान्तो हरिरुष्णगो त्रिपुरहाऽब्जे भूसुते रुद्रियं –
सौम्ये सम्पुटकांस्यपात्रविधिवज्जीवेन पैœयातिथि : ।
शुक्रे गोप्रतिपालनं च कथितं मन्दे च मृत्युञ्जय: –
कन्यादानभुजङ्ग केतुकपिला: सन्तानसौख्यप्रदा : ॥ [९२]

सन्दर्भग्रन्था:–

- वामन शिवराम आप्टे, संस्कृत–हिन्दीकोश:, नाग प्रकाशक: दिल्ली : १९८८ ।
- वेदव्यास: , गरुडपुराणम् (सारोद्धार:) , जयनेपाल–प्रकाशन , वाराणसी वि.स. २०५८ ।
- देवकीनन्दनसिंह: , ज्योतिषरत्नाकर: , मोतीलाल–बनारसीदास: , पं . सं., ई. १९९६ ।
- वैद्यनाथ: , जातकपारिजात: , चौखम्भा–संस्कृत–संस्थान ,वाराणसी, पं. सं. , वि.सं. २०४१ ।
- गणेशदत्त: पाठक: (संपादक:) , बृहत्पाराशरहोराशास्त्रम् , ठाकुरप्रसाद एण्ड संस बुक्ससेलर , वाराणसी, वि.सं. २०२९ ।
- श्रीधर: (संपादक:), बृहत्पाराशरहोराशास्त्रम् , ज्ञानसागरमुद्रणालय: , मुम्वई, वि.सं. १९५६ ।
- दैवज्ञ: गणेश: कवि: (गणेश:) , जातकालङ्कार: , ठाकुरप्रसाद एण्ड संस बुक्ससेलर , वाराणसी ।
- वेदव्यास: , **श्रीमद्भागवतमहापुराणम् , गीताप्रेस , गोरखपुर ।**
- पं. सीतारामझा (संपादक:), जैमिनिसूत्रम् , चौखम्वाविद्याभवन , प्र.सं. ई . २००७ ।
- श्रीडल्हणाचार्य: , सुश्रुतसंहिता ,चौखम्वा–सुरभारती–प्रकाशन , वारणसी ।
- श्रीजीवनाथ: , भावकुतूहलम् , ठाकुरप्रसाद पुस्तक भण्डार, वाराणसी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वनाथसम्मत काव्यदोष

- नन्दन भट्टराई
उपप्राध्यापक,
वाल्मीकि विद्यापीठ

१.१ विषयप्रवेश

'दुष्' धातुबाट भाव एवं करण अर्थमा 'घञ्' प्रत्यय लागेर दोष शब्द बन्दछ। अपकर्षक प्रयोजक वस्तुनिष्ठ धर्मभेदलाई दोष भनिन्छ। दोषयुक्त पदार्थको इच्छा कसैले गर्दैन। निर्दोष वस्तुको ग्रहणमा नै सबैको प्रवृत्ति हुन्छ, सबै त्यसैमा आकर्षित हुन्छन्। लोकोत्तरवर्णनानिपुणकविकर्म अर्थात् काव्य पनि निर्दुष्ट हुनु पर्दछ। कान्तासम्मित शैलीमा रचित काव्यको श्रवणदर्शनबाट लोकोत्तर आनन्दको प्राप्ति हुने हुनाले नै रामायण, महाभारत एवं कालिदास आदि महाकविका रचनामा लोकको प्रवृत्ति देखिएको हो। परमानन्दको, चरमविश्रान्तिको प्राप्तिले गर्दा पाठक, दर्शकको काव्यमा विशेष अनुराग उत्पन्न हुन्छ र ऊ त्यसको प्रेमी बन्दछ। यस अर्थमा काव्यको मूल प्रयोजन परमानन्दको प्राप्ति हो। प्रियजनको प्रेरणाबाट मनुष्य दुष्कर कर्ममा पनि उत्साहका साथ प्रवृत्त हुन्छ र त्यसलाई सम्पन्न गर्दछ। यसरी काव्यको पहिलो प्रयोजन आनन्दलाभपछि दोस्रो प्रयोजन 'उपदेश' स्वतः सम्पन्न हुन्छ। त्यसै कारणले गर्दा मम्मट आदि आचार्यहरूले काव्यलक्षणमा 'अदोष/निर्दोष' आदि पद समावेश गरेका हुन्। यद्यपि लक्षणमा विकार वा अभावलाई समावेश गर्नु आवश्यक छैन, तथापि विनेयलाई 'सत्यं शिवं सुन्दरं' तर्फ प्रवृत्त गराउने प्रयोजनका साथ रचना गरिने काव्यमा विकार (आवश्यक तत्त्वको अभाव वा अनावश्यक तत्त्वको योग) हुनु हुँदैन, भएमा 'रामादिवत् वर्तितव्यं न रावणादिवत्' यस्तो कृत्याकृत्यमा प्रवृत्ति वा निवृत्तितर्फ विनेयलाई उन्मुखीकरण असंभव हुन्छ भन्ने यथार्थलाई आत्मसात गरेर 'तददोषौ शब्दार्थौ' इत्यादि काव्यको लक्षण गरिएको हो। जसरी अतिशय सुन्दर शरीरमा कुष्ठको सूक्ष्मतम चिन्ह मात्रले पनि सम्पूर्ण व्यक्तित्व अर्थात् आत्मतत्त्वलाई अपकर्षण गरी हेय बनाउँदछ त्यसरी नै दोषको उपस्थितिले काव्य पनि हेय, तुच्छ वा अधम बन्दछ। यस सम्बन्धमा आचार्य दण्डीले भनेका पनि छन्-

'तदल्पमपि नोपेक्ष्यं काव्ये दुष्टं कथञ्चन।
स्यादवपुः सुन्दरमपि श्वित्रेणैकेन निन्दितम् ॥' (काव्यादर्श १।७)

भामहाचार्यले पनि कुपुत्रको कारण जन्मदिने बाबुआमा निन्दाको पात्र बनेझैं दोषयुक्त काव्यले अपयशको भागी बन्नु पर्ने हुनाले एउटै पनि दुष्ट पद पार्नु हुँदैन भनेका छन्-

'सर्वथा पदमप्येकं न निगाद्यमवद्यवत्।
विलक्ष्मणा हि काव्येन दुःसुतेनेव निन्द्यते ॥' (काव्यालङ्कार १।११)

सर्वथा निर्दुष्ट काव्यको रचना संभव नभएको हुनाले 'कीटानुविद्धरत्नादिसाधारण्येन दुष्टता' अनुसार कतै केही सामान्य दोष भए पनि काव्यत्वमा हानि हुँदैन भन्ने मत पनि पाइन्छ। तर सर्वलक्षणसम्पन्न सर्वथा निर्दोष मणिको तुलनामा कीराले प्वाल पारेको मणि तुच्छ नै मानिन्छ। फेरि दोषको ज्ञान विना निर्दोषको ज्ञान पनि हुन सक्दैन। त्यसैले 'तद्दोषौ शब्दार्थौ' भनेर काव्यलक्षणमा 'दोष' को उल्लेख गरे पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथवा 'तददोषौ' को बडो तामझामका साथ रवाफिलो पाराले खण्डन गरेर 'वाक्यं रसात्मकं काव्यम्' भनेता पनि 'दोषास्तस्यापकर्षका:' भनेर एक परिच्छेद नै दोष विवेचनका लागि छुट्याउनु परेको हो । काव्य रचना गर्दा संभाव्य दोषको ज्ञान भएमा सर्वथा निर्दोष रचना पनि संभव हुन्छ । अथवा अत्यल्पदोष परे पनि गुण, रीति, अलङ्कार आदिको योगवाट उत्कृष्ट शब्द र अर्थको सौन्दर्यमा चन्द्रमाको लाञ्छनझैं अनुभूत हुँदैन र काव्यसहृदयहृदयाल्हादकारी बन्दछ । यस्तो सहृदयहृदयवार्जक काव्यबाट लोकोत्तर आनन्दको प्राप्ति भएर हितोपदेश संभव हुन्छ अनि यी दुवैको कारण कल्पान्तस्थायी यश पनि कविलाई प्राप्त हुन्छ । आचार्यहरूको काव्य लक्षणग्रन्थमा दोष प्रतिपादनको 'परोपनिषत्' पनि यही हो । त्यसैले काव्य रचना गर्नमा तत्पर हुनेका लागि दोषज्ञान अपरिहार्य छ । दोषज्ञानको अभावमा व्यक्ति व्युत्पन्न हुँदैन र काव्यको निर्माण, उद्भव वा उल्लास हुन सक्दैन । यस कारण व्युत्पत्तिलाई काव्यरचनामा अनिवार्य हेतुका रूपमा स्वीकार गरिएको हो । काव्य रचनाकारलाई विद्वान्, विपश्चित्, सत, सुधी, कोविद, वुध, धीर, मनीषी, ज्ञ, प्राज्ञ (प्रज्ञ), संख्यावान्, पण्डित अनि 'कवि' का साथै 'दोषज्ञ'[१] भन्नुमा पनि यही यथार्थ लुकेको छ । यस्तो महत्त्वपूर्ण, अवश्यमेव ज्ञेय 'काव्यदोष' को सम्यक् आलोचनाबाट लेखक-पाठक दुबैको ज्ञानवृद्धि (व्युत्पत्ति) हुने, ज्ञानवृद्धिबाट दुबैलाई आनन्द प्राप्ति हुने र दुबै यशस्वी वन्ने भएकोले यस लेखमा पूर्ववर्ती प्रमुख आचार्यहरूको मान्यताको पृष्ठभूमिमा कविराज विश्वनाथ प्रतिपादित 'साहित्यदर्पण' का आधारमा काव्यगत दोषको विवेचना गरिएको छ ।

१.२ काव्यदोष सम्बन्धमा विश्वनाथपूर्ववर्ती प्रमुख आचार्यहरू

नाट्शास्त्रका प्रवर्तक प्राचीनतम आचार्य भरतमुनिले काव्यको वर्णन गर्ने प्रसङ्गमा दश काव्यदोषको उल्लेख गरेका छन् । ती दश दोषहरू यस प्रकार छन्- गूढार्थ, अर्थान्तर, अर्थहीन, भिन्नार्थ, एकार्थ, अभिप्लुतार्थ, न्यायापेत, विषम, विसन्धि र शव्दच्युत ।[२]

भरतमुनिपछिका प्रामाणिक आचार्य काव्यालङ्कार ग्रन्थका प्रणेता भामहले आफ्नो लक्षणग्रन्थमा सर्वप्रथम प्रसङ्ग नेयार्थ, क्लिष्ट, अन्यार्थ, अवाचक, अयुक्तिमत् र गूढशव्दाभिधान यी ६ दोषहरूको वर्णन गरेका छन् ।[३]

त्यसै गरी दोस्रो परिच्छेदमा पूर्ववर्ती आचार्य मेधावीसम्मत सात उपमादोष - हीनता, असंभव, लिङ्गभेद, वचनभेद, विपर्यय, उपमानाधिकत्व र असदृशता[४] को वर्णन गरेका छन् ।

---

१ अमरसिंह, अमरकोशः (प्रथमकाण्ड) ।

२ निगूढमर्थान्तरमर्थहीन भिन्नार्थमेकार्थमभिप्लुतार्थम् ।
न्यायादपेत विषम विसन्धिश्शव्दच्युतं वै दशकाव्यदोषा: ॥' - भरत, नाट्यशास्त्र, अध्याय १६ ।

३ नेयार्थं क्लिष्टमन्यार्थमवाचकमयुक्तिमत् ।
गूढशव्दाभिधानञ्च कवयो न प्रयुञ्जते ।' - भामह, काव्यालङ्कार (१।३७) ।

४ हीनता सभवोलिङ्गवचोभेदोविपर्ययः ।
उपमानाधिकत्वं च तेनासदृशतापि च ॥
इत्येवमुपमादोषा: सप्त मेधाविनोदिता: ।' - भामह, काव्यालङ्कार १ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसै गरी चतुर्थ परिच्छेदमा 'अपार्थ, व्यर्थ, एकार्थ, ससंशय, अपक्रम, शब्दहीन, यतिभ्रष्ट, भिन्नवृत्त, विसन्धि, देश-काल-कला-लोक-न्याय-आगमविरोधी' यी दश दोष वर्णित छन् । पंचम परिच्छेदमा 'प्रतिज्ञा-हेतु-दृष्टान्तहीन' को निरूपण गरिएको छ । यसरी भामहले आफ्नो काव्यालंकार ग्रन्थमा जम्मा २४ दोषहरूको वर्णन गरेका छन् । यसका अतिरिक्त प्रकीर्णरूपमा 'अपुष्टार्थता, वक्रोक्तिहीनता, ग्राम्यता, आकुलता, अहृद्यता, असुनिर्भेदता (असुलभार्थता) अपेशलता, विरुद्धपद, अस्वर्थ (असुन्दर अर्थ), बहुपूरण (पादपूरण), व्यायतता (अनावश्यक विस्तार) को चर्चा भामहले गरेका छन् । उपयुक्त दोषहरू सबैको लक्षण उदाहरण छैन । कुनै दोषको लक्षण छ भने कुनैको उदाहरण मात्र छ ।[५]

भामहपछिका अर्का आचार्य दण्डीले पनि काव्यमा वर्णनीय दश दोष स्वीकार गरेका छन् । ती दोषहरू भामहालङ्कारको चतुर्थ परिच्छेदमा परिगणित 'अपार्थ (अनर्थ), व्यर्थ' आदि १० दोष नै हुन् ।

दण्डीपछिका अर्का प्रमुख आचार्य वामन हुन् । उनले आफ्नो 'काव्यालङ्कारसूत्र' भन्ने ग्रन्थको दोस्रो अधिकरणको नाम नै 'दोषदर्शनम्' राखेका छन् र 'गुणविपर्ययात्मनो दोषाः' (२।१।१) भनेका छन् । उनको मतअनुसार काव्यको शोभाकारक धर्मविशेष गुण हो र गुणको विपर्यय (उल्टो) अर्थात् अभाव नै दोष हो भनेका छन् । अर्थात् काव्यको सौन्दर्यलाई नष्ट गर्ने हेतुलाई दोष भनिन्छ । वामनका अनुसार पद, पदार्थ, वाक्य र वाक्यार्थ गरी दोष चार प्रकारका छन् । यीमध्ये असाधु, कष्ट, ग्राम्य, अप्रतीत, अनर्थक यी ५ पद दोष हुन् । अन्यार्थ, नेयार्थ, गूढार्थ, अश्लील र क्लिष्ट यी ५ पदार्थ दोष हुन् । भिन्नवृत्त, यतिभ्रष्ट, विसन्धि यी ३ वाक्यदोष हुन् । व्यर्थ, एकार्थ, सन्दिग्ध, अप्रयुक्त, अपक्रम, लोकविरुद्ध र विद्याविरुद्ध यी ७ वाक्यार्थदोष हुन् ।[६]
वामनपछिका आचार्यहरूमा काव्यतत्त्वको सर्वाङ्गीण आलोचना गरी आफ्ना पूर्ववर्ती आचार्यहरूका मान्यतालाई परिष्कार र समन्वय गर्दै ध्वनिसम्प्रदायलाई पुनः प्रतिष्ठित गर्ने प्रमुख आचार्य मम्मट हुन् । उनले 'काव्यप्रकाश' नामक प्रौढ रचनामा 'दोषरहित, गुणसमन्वित, सर्वत्र अलङ्कारले अलङ्कृत तर कहिं-कहिं अलङ्कारले रहित भए पनि शब्दार्थलाई काव्य मानेर 'तददोषौ शब्दार्थौ सगुणावनलङ्कृती पुनः क्वापि' भनेर काव्यको लक्षण गरेका छन् । यस क्रममा उनले 'मुख्यार्थहतिर्दोषो' भनेर दोषको लक्षण गर्दै मुख्य अर्थ रस नै हो, रसको आश्रय भएकोले वाच्य (अर्थ) पनि मुख्य हो र दुवैको उपयोगी भएकोले शव्द, वर्ण र रचना पनि मुख्य नै हुन्, यसैले ती सवैमा पनि मुख्य अर्थ हुन्छ भनेका छन् ।[७]

---

५ अपार्थंव्यर्थमेकार्थं ससंशयमपक्रमम् ।
शव्दहीनं यतिभ्रष्टं भिन्नवृत्तं विसन्धिम ॥
देशकालकलालोकन्यायगमविरोधि च ।
इति दोषा दसैवेते वर्ज्याः काव्येपु सूरिभिः ॥' - दण्डी, काव्यादर्शः ३।१२५-१२६ ।

६ दुष्टं पदमसाधु कष्टं ग्राम्यमप्रतीतमनर्थक च ।' 'अन्यार्थं नेयगूढार्थश्लीलक्लिष्टानि च ।'
'भिन्नवृत्तयतिभ्रष्टविसन्धीनि वाक्यानि ।'
'व्यर्थैकार्थसन्दिग्धाप्रयुक्तापक्रमलोकविद्याविरुद्धानि च ।' - वामन, काव्यालंकारसूत्राणि, २।१।४ र १०, २।२।१ र ९ ।

७ मुख्यार्थहतिर्दोषो रसश्च मुख्यस्तदाश्रयाद्वाच्यः ।
उभयोपयोगिनः स्युःशव्दाद्यास्तेन तेष्वपि सः ॥' - मम्मट, काव्यप्रकाश ७।१ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
उभयोपयोगिनः स्युःशव्दाद्यास्तेन तेष्वपि सः ॥' - मम्मट, काव्यप्रकाश ७।१ ।

काव्यप्रकाशकार मम्मटाचार्यले पद-पदांश-वाक्य-अर्थ र रस गरी ५ प्रकारका दोषको वर्णन काव्यप्रकाशको सप्तम उल्लासमा गरेका छन् । मम्मट प्रतिपादित यी पञ्चविध दोषहरू प्रायः सवै नै विश्वनाथले साहित्यदर्पणमा यथावत् ग्रहण गरी विशदरूपमा आलोचना गरेका छन् । अतः मम्मट प्रतिपादित दोषहरूबारे विशेष उल्लेख यहाँ गरिरहनु परेन ।

१.३ विश्वनाथसम्मत काव्यदोष

काव्यप्रकाशकार मम्मटाचार्य प्रतिपादित कतिपय लक्षण र सिद्धान्तको खण्डन गर्नमा विशेष रुचि राख्ने चौधौं शतकमा उत्पन्न आलङ्कारिकचक्रवर्ती, चतुर्दशभाषावारविलासिनीभुजङ्गम, सान्धिविग्रहिक, महापात्र कविराज विश्वनाथले आफ्नो लक्षणग्रन्थको नाम 'साहित्यदर्पणम्' राखेका छन् । 'प्रकाश' को प्रत्याख्यान 'दर्पण' वाट सम्भव छ भन्ने उनको अभिप्राय रहेको देखिन्छ । साहित्यदर्पणमा १० परिच्छेद छन् । पहिलो परिच्छेदमा काव्यस्वरूपको निरूपण, दोस्रोमा वाक्यस्वरूपनिरूपण, तेस्रोमा रसादिनिरूपण, चौथोमा ध्वनिगुणीभूतव्यंग्यनामककाव्यभेदनिरूपण, पाँचौंमा व्यञ्जनाव्यापारनिरूपण, छैठौंमा दृश्यश्रव्यकाव्यनिरूपण, सातौंमा दोषनिरूपण, आठौंमा गुणविवेचन, नवौंमा रीतिविवेचन र दशौं परिच्छेदमा अलङ्कारनिरूपण गरिएको छ ।

१.३.१ दोषको लक्षण

विश्वनाथले प्रथम परिच्छेदमा 'वाक्यं रसात्मकं काव्यम्' भनेर काव्यको लक्षण गर्दै 'दोषास्तस्यापकर्षकाः' भनेका छन् । अर्थात् रसात्मक वाक्य काव्य हो र काव्यको अपकर्षक दोष हो । यसको व्याख्या गर्ने प्रसङ्गमा उनी भन्दछन्- 'कानोपन, खोरण्डोपन आदिले शरीरको माध्यमवाट अप्रत्यक्षरूपमा र मूर्खता आदिले प्रत्यक्षरूपमा आत्मा (समग्र व्यक्तित्व) को अपकर्षण गरेजस्तै श्रुतिदुष्टता अपुष्टार्थता आदि दोषले शव्दार्थको माध्यमवाट र व्यभिचारिभाव आदिको स्वशव्दवाच्यताले साक्षात् काव्यको आत्मभूत रसभावादिको अपकर्षण गर्ने हुनाले दोष भनिएको हो ।' यसै कारण सप्तम परिच्छेदको प्रारम्भमा नै उनी भन्दछन्- 'रसापकर्षकाः दोषाः ।' अर्थात् रसको अपकर्षक (हीनत्व/न्यूनत्वको कारणभूत) लाई दोष भनिन्छ । यसरी दोषको लक्षण - 'रसापकर्षकत्वं दोषत्वम्' हुन जान्छ ।

१.३.२ दोषको प्रकार

विश्वनाथको अनुसार दोषहरू ५ प्रकारका छन्- पददोष, पदांशदोष, वाक्यदोष, अर्थदोष र रसदोष ।[८] पदमा रहनेलाई पददोष, पदको कुनै एक भागमा रहनेलाई पदांशदोष, वाक्यमा रहनेलाई वाक्यदोष, अर्थमा रहनेलाई अर्थदोष र रसगत

---

८ 'ते पुनः पञ्चधा मताः ।'पदे तदंशे वाक्येऽर्थे सम्भवन्ति रसेऽपि यत् ।' - विश्वनाथ, साहित्यदर्पण ७।२ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
दोषलाई रसदोष भनिन्छ । यिनीहरूमा पनि पदसजातीय र पदविजातीय गरी वाक्यदोष २ प्रकारको मानिएको छ । विश्वनाथले सर्वप्रथम दुःश्रवता आदि १६ दोषको वर्णन गरेका छन् । यी १६ दोषहरू यस प्रकार छन् - दुःश्रवता, त्रिविध अश्लीलता, अनुचितार्थता, उभयोपयोगिनः स्युःशव्दाद्यास्तेन तेष्वपि सः ॥' - मम्मट, काव्यप्रकाश ७१ ।

काव्यप्रकाशकार मम्मटाचार्यले पद-पदांश-वाक्य-अर्थ र रस गरी ५ प्रकारका दोषको वर्णन काव्यप्रकाशको सप्तम उल्लासमा गरेका छन् । मम्मट प्रतिपादित यी पञ्चविध दोषहरू प्रायः सवै नै विश्वनाथले साहित्यदर्पणमा यथावत् ग्रहण गरी विशदरूपमा आलोचना गरेका छन् । अतः मम्मट प्रतिपादित दोषहरूबारे विशेष उल्लेख यहाँ गरिरहनु परेन ।

१.३ विश्वनाथसम्मत काव्यदोष

काव्यप्रकाशकार मम्मटाचार्य प्रतिपादित कतिपय लक्षण र सिद्धान्तको खण्डन गर्नमा विशेष रुचि राख्ने चौधौं शतकमा उत्पन्न आलङ्कारिकचक्रवर्ती, चतुर्दशभाषावारविलासिनीभुजङ्गम, सान्धिविग्रहिक, महापात्र कविराज विश्वनाथले आफ्नो लक्षणग्रन्थको नाम 'साहित्यदर्पणम्' राखेका छन् । 'प्रकाश' को प्रत्याख्यान 'दर्पण' वाट सम्भव छ भन्ने उनको अभिप्राय रहेको देखिन्छ । साहित्यदर्पणमा १० परिच्छेद छन् । पहिलो परिच्छेदमा काव्यस्वरूपको निरूपण, दोस्रोमा वाक्यस्वरूपनिरूपण, तेस्रोमा रसादिनिरूपण, चौथोमा ध्वनिगुणीभूतव्यंग्यनामककाव्यभेदनिरूपण, पाँचौंमा व्यञ्जनाव्यापारनिरूपण, छैठौंमा दृश्यश्रव्यकाव्यनिरूपण, सातौंमा दोषनिरूपण, आठौंमा गुणविवेचन, नवौंमा रीतिविवेचन र दशौं परिच्छेदमा अलङ्कारनिरूपण गरिएको छ ।

१.३.१ दोषको लक्षण

विश्वनाथले प्रथम परिच्छेदमा 'वाक्यं रसात्मकं काव्यम्' भनेर काव्यको लक्षण गर्दै 'दोषास्तस्यापकर्षकाः' भनेका छन् । अर्थात् रसात्मक वाक्य काव्य हो र काव्यको अपकर्षक दोष हो । यसको व्याख्या गर्ने प्रसङ्गमा उनी भन्दछन्- 'कानोपन, खोरण्डोपन आदिले शरीरको माध्यमवाट अप्रत्यक्षरूपमा र मूर्खता आदिले प्रत्यक्षरूपमा आत्मा (समग्र व्यक्तित्व) को अपकर्षण गरेजस्तै श्रुतिदुष्टता अपुष्टार्थता आदि दोषले शव्दार्थको माध्यमवाट र व्यभिचारिभाव आदिको स्वशव्दवाच्यताले साक्षात् काव्यको आत्मभूत रसभावादिको अपकर्षण गर्ने हुनाले दोष भनिएको हो ।' यसै कारण सप्तम परिच्छेदको प्रारम्भमा नै उनी भन्दछन्- 'रसापकर्षकाः दोषाः ।' अर्थात् रसको अपकर्षक (हीनत्व/न्यूनत्वको कारणभूत) लाई दोष भनिन्छ । यसरी दोषको लक्षण - 'रसापकर्षकत्वं दोषत्वम्' हुन जान्छ ।

१.३.२ दोषको प्रकार

विश्वनाथको अनुसार दोषहरू ५ प्रकारका छन्- 'ते पुनः पञ्चधा मताः ।' पददोष, पदांशदोष, वाक्यदोष, अर्थदोष र रसदोष । 'पदे तदंशे वाक्येऽर्थे सम्भवन्ति रसेऽपि यत् ।' - विश्वनाथ, साहित्यदर्पण ७२ । पदमा रहनेलाई पददोष, पदको कुनै एक भागमा रहनेलाई पदांशदोष, वाक्यमा रहनेलाइ वाक्यदोष, अर्थमा रहनेलाई अर्थदोष र रसगत दोषलाई रसदोष भनिन्छ । यिनीहरूमा पनि पदसजातीय र पदविजातीय गरी वाक्यदोष २ प्रकारको मानिएको छ । विश्वनाथले सर्वप्रथम दुःश्रवता आदि १६ दोषको वर्णन गरेका छन् । यी १६ दोषहरू यस प्रकार छन् - दुःश्रवता, त्रिविध अश्लीलता, अनुचितार्थता, अप्रयुक्तता, ग्राम्यता, अप्रतीतता, संदिग्धता, नेयार्थता, निहतार्थता, अवाचकता, क्लिष्टता, विरुद्धमतिकारिता, अविमृष्टविधेयांशभाव, निरर्थकता, असमर्थता र च्युतसंस्कारता । यी १६ दोषमध्ये दुःश्रवतादेखि अविमृष्टविधेयांशभावसम्मका १३ दोषहरू पद र वाक्य दुवैमा रहने दोष हुन् भने दुःश्रवता, अश्लीलता, निहतार्थता, अवाचकता, नेयार्थता आदि दोषहरू पदांशमा पनि पर्दछन् । निरर्थकता, असमर्थता र च्युतसंस्कारता यी ३ दोष केवल पदमा मात्र रहन्छन् ।[९]

---

[९] दुःश्रवत्रिविधाश्लीलानुचितार्थाप्रयुक्तताः । ग्राम्याप्रतीतसन्दिग्धनेयार्थनिहतार्थताः ॥
अवाचकत्वं क्लिष्टत्वं विरुद्धमतिकारिता । अविमृष्टविधेयांशभावश्च पदवाक्ययोः ॥
दोषा केचिद् भवन्त्येषु पदांशेऽपि पदे परे । निरर्थकासमर्थत्वे च्युतसंस्कारता तथा ॥'
- विश्वनाथ, साहित्यदर्पण ७२-४ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदविजातीयवाक्यदोष - (केवल वाक्यगत दोष)

पद र पदांशमा नपर्ने केवल वाक्यमा मात्र पर्न सक्ने दोषहरूलाई केवल वाक्यगत दोष अथवा पदविजातीय वाक्यदोष भनिन्छ । यी दोपहरूको संख्या २३ मानिएको छ, जो यस प्रकार छन्- प्रतिकूलवर्णता, लुप्तविसर्गता, आहतविसर्गता, अधिकपदता, न्यूनपदता, कथितपदता, हतवृत्तता, पतत्प्रकर्षता, संधिविश्लेषता, संधिअश्लीलता, संधिकष्टता, अर्धान्तरैकपदता, समाप्तपुनरात्तता, अभवन्मतसम्वन्धता, अक्रमता, अमतपरार्थता, वाच्यस्य अनभिधानता, भग्नप्रक्रमता, प्रसिद्धित्याग, अस्थानस्थपदता, अस्थानस्थसमासता, संकीर्णता र गर्भितता ।[१०]

अर्थदोष

अर्थमा रहने दोषलाई अर्थदोष भनिन्छ । अर्थदोषको संख्या पनि २३ नै छ । यी २३ अर्थदोषको नाम यस प्रकार छ - अपुष्टता, दुष्क्रमता, ग्राम्यता, व्याहतता, अश्लीलता, कष्टता, अनवीकृतता, निर्हेतुता, प्रकाशितविरुद्धता, संदिग्धता, पुनरुक्तता, ख्यातिविरुद्धता, विद्याविरुद्धता, साकांक्षता, सहचरभिन्नता, अस्थानयुक्तता, अविशेषे विशेषता, विशेषे अविशेषता, अनियमे नियमता, नियमे अनियमता, विधि अयुक्तता, अनुवाद अयुक्तता, निर्मुक्तता र पुनरुक्तता ।[११]

रसदोष

रसदोषको संख्या १४ मानिएको छ, जो यस प्रकार छन् - रसको स्वशब्दवाच्यता, स्थायिभावको स्वशब्दवाच्यता, संचारिभावको स्वशव्दवाच्यता, विरोधिरसको अंगभूत विभाव आदिको ग्रहण, विभाव र अनुभावको कष्टपूर्ण कल्पना, अकाण्ड (अनवसर) मा रसको प्रथन (विस्तार), अकाण्डमा रसको विच्छेद, रसको पुनःपुनःदीप्ति, अङ्गिरसको अननुसन्धान, अनङ्गको वर्णन, अङ्गरसको अतिविस्तार, प्रकृतिको विपर्यय (अयथावर्णन) एवं अर्थको अनौचित्य । [१२]

---

[१०] वर्णानां प्रतिकूलत्वं लुप्ताहतविसर्गते । अधिकन्यूनकथितपदता हतवृत्तताः ॥
पतत्प्रकर्षता सन्धौ विश्लेषाश्लीलकष्टताः । अर्धान्तरैकपदता समाप्तपुनरात्तता ॥
अभवन्मतसंवन्धाक्रमामतपरार्थताः । वाच्यस्यानभिधान च भग्नप्रक्रमता तथा ॥
त्यागः प्रसिद्धेरस्थाने न्यासः पदसमासयोः । सकीर्णता गर्भितता दोषाः स्युर्वाक्यमात्रगाः ॥' - पूर्ववत् ७५-८ ।

[११] अपुष्टदृष्क्रमग्राम्यव्याहताश्लीलकष्टताः । अनवीकृतनिर्हेतुप्रकाशितविरुद्धताः ॥
संदिग्धपुनरुक्तत्वे ख्यातिविद्याविरुद्धते । साकाक्षता सहचरभिन्नतास्थानयुक्तता ॥
अविशेषे विशेषश्चानियमे नियमस्तथा । तयोर्विपर्ययौ विध्यनुवादयुक्तते तथा ।
निर्मुक्तपुनरुक्तत्वमर्थदोपाः प्रकीर्तिताः ।' - पूर्ववत् ७९-१२ ।

[१२] रसस्योक्तिः स्वशव्देन स्थायिसंचारिणोरपि । परिपन्थिरसाङ्गस्य विभावादेः परिग्रहः ॥
आक्षेपः कल्पितः कृच्छ्रादनुभावविभावयोः । अकाण्डेप्रथनच्छेदौ तथा दीप्तिः पुनः पुनः ॥
अंगिनोऽननुसन्धानमनंगस्य च कीर्तनम् । अतिविस्तृतिरगस्य प्रकृतीनां विपर्ययः ॥
अर्थानौचित्यमन्यच्च दोषा रसगता मताः ॥' - पूर्ववत् ७१३-१५ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.४ दोषको अपवाद

शास्त्रहरूमा दोषहरूको नित्यत्व र अनित्यत्वको व्यवस्था पाइन्छ। विश्वनाथ कविराजले पनि उपर्युक्त पञ्चविध दोषहरूको नित्यता र अनित्यताको चर्चा सप्तम परिच्छेदमा गरेका छन्। यसै कारण ती दोषहरू कहीं गुण वन्न पुग्छन् भने कहीं न दोष न गुण अर्थात् तटस्थ वन्दछन्। जहाँ रसको अपकर्षकत्व वा प्रकर्षकत्व छैन त्यस्तो अवस्थामा न दोष न गुण एवं रसको उत्कर्षकत्वमा ती दोष पनि गुण मानिन्छन्। यहाँ दोष गुण हुन्छन् भनेर लाक्षणिक (गौण) रूपमा भनिएको। किनभने ती दोषहरूले आस्वादरूपविशेषात्मक मुख्य गुणको प्रकर्षको उपकार गर्ने हुनाले 'गुण' भनिएको हो। यसै क्रममा दोषको नित्यानित्यत्वको ज्ञानका लागि 'अनित्यदोष' को वर्णन साहित्यदर्पणमा गरिएको छ। वक्ता क्रुद्ध छ, वाच्य (अर्थ) उद्धत छ एवं रौद्र, वीर, वीभत्स आदि रस छ भने दुःश्रवता गुण हुन्छ। त्यसै गरी सुरतारम्भगोष्ठी (काम गोष्ठी/रत्यौली आदि) मा अश्लीलता गुण हुन्छ। श्लेष आदिमा निहतार्थता र अप्रयुक्तता दोष मानिदैन। वक्ता र श्रोताको विज्ञतामा एवं स्वयं परामर्श गर्दा अप्रतीतता गुण हुन्छ। पूर्वविहितको अनुवाद, विपाद, विस्मय, क्रोध, दैन्य, लाटानुप्रास, अनुकम्पा, प्रसादन (कसैलाई प्रसन्न पार्दा), अर्थान्तर संक्रमितवाच्यध्वनि, हर्ष एवं अवधारणा (निश्चय) मा कथितपदता दोष हुँदैन। व्याजस्तुतिमा पर्यवसान हुन्छ भने संदिग्धता गुण हुन्छ। वक्ता र श्रोता वैयाकरण आदि भएमा कष्टता र दुःश्रवता गुण हुन्छ। अधमपात्रको उक्तिमा ग्राम्यता गुण हुन्छ। वस्तु प्रख्यात भएमा निर्हेतुता दोष हुँदैन। कविसम्प्रदायमा प्रसिद्ध वस्तुमा ख्यातिविरुद्धता गुण हुन्छ। आनन्द आदिमा मग्न व्यक्तिको उक्तिमा न्यूनपदता गुण हुन्छ भने अन्यत्र न दोष न गुण हुन्छ। अधिकपदता कतै गुण हुन्छ। समाप्तपुनरात्तता कहीं न दोष न गुण हुन्छ। गर्भितता कहीं गुण हुन्छ। त्यस्तै पतत्प्रकर्षता पनि कहीं गुण हुन्छ। जहाँ अनुभाव र विभावद्वारा रचना उचित हुँदैन त्यहाँ स्वशब्दवाच्यता दोष हुँदैन। विरोधी संचारादिभावलाई वाध्यरूपमा प्रतिपादन गर्नु गुण हुन्छ। विरोधी रसभावादिको स्मरण गर्दा, तुल्यरूपमा कथन गर्दा अथवा परस्पर विरोधी रसलाई प्रधान रसको अङ्गरूपमा वर्णन गर्दा परस्पर विरोध दोष मानिदैन। यसरी उपर्युक्त दोषहरूको नित्यानित्यत्वको प्रतिपादन गरेपछि विश्वनाथले 'अन्य दोषहरूका सम्वन्धमा पनि विद्वानहरूले यही रीतिले औचित्यअनुसार दोष, गुण अथवा अदोषगुणताको निर्णय गर्नु पर्दछ' भनेका छन्।

यहाँ माथि रसको परस्पर विरोधित्वको चर्चा गरिएको छ। यस सम्वन्धमा विचारणीय के छ भने रसलाई 'वेद्यान्तरस्पर्शशून्य' मानिएको छ। यसको तात्पर्य रसको अनुभवकालमा अतिरक्त रसको भान हुँदैन। यस प्रकार एकैपल्ट दुई रसको अनुभूति हुन नसक्ने स्थितिमा रसको परस्पर विरोध, अविरोध वा अङ्गाङ्गिभावको प्रश्न उठ्ने कुरै भएन। त्यसो हुनाले यति विस्तारमा गरिएको रसको परस्पर विरोध/अविरोधको विवेचना किन ? भन्ने प्रश्न उठ्छ। विश्वनाथले यस कुरामा मौनता अवलम्वन गरेका छन्। काव्यप्रकाशकार मम्मटले चाहिं उपर्युक्त तथ्यलाई स्वीकार गर्दै यसको स्पष्टीकरण दिएका छन्। यस सन्दर्भमा मम्मटाचार्यको भनाई छ- रसहरूमा परस्पर विरोध आदिको उपपादन गर्न नसकिने हुनाले यहाँ 'रस' शब्दले मुख्य रसलाई ग्रहण नगरी केवल स्थायिभावको ग्रहण गर्नु पर्दछ- 'प्राक् प्रतिपादितस्य रसस्य रसान्तरेण न विरोधो नाप्यङ्गाङ्गिभावो भवति इति रसशब्देनात्र स्थायिभाव उपलक्ष्यते।' - (काव्यप्रकाश, सप्तम उल्लास पृष्ठः ३७७)।

१.५ उपसंहार

यसरी काव्यसौन्दर्यको अपकर्षक, न्यूनता आपादक, विघातकलाई दोष मानेर काव्यमा यसको परिहार आवश्यक मानिएको छ। सम्यक्रूपले प्रयोग गरिएको वाणी कल्पवृक्षसमान हुन्छ, दुष्प्रयुक्त वाणीले प्रयोगकर्ताको जडत्व मात्र सिद्ध हुन्छ भनेर दण्डीले भनेका छन्।[१३]

---

[१३] गौर्गौकामदुघा सम्यक् प्रयुक्ता स्मर्यते वुधैः।
दुष्प्रयुक्ता पुनर्गोत्वं प्रयोक्तु सैव शंसति ॥' - दण्डी, काव्यादर्श १।७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
भामहाचार्यले पनि सदोषप्रवन्धको तुलनामा एउटै पनि दोषरहित पद साधु हुन्छ, अन्यथा कीर्ति पनि अपकीर्तिमा परिणत हुन्छ भनेका छन् ।[१४]

वाग्भट प्रथमले 'अदुष्टकाव्य स्वर्ग उक्लने सिंढी हो र यसवाट विपुल कीर्ति प्राप्त हुने भएकोले दोषको परिहार अत्यावश्यक छ, त्यसैले सर्वप्रथम दोषज्ञान हुनु जरुरी छ भनेका छन् ।[१५]

उपर्युक्त कारणहरूले गर्दा नै भरतमुनिदेखि विश्वनाथसम्मका आचार्यहरूले आफ्नो लक्षणग्रन्थमा दोषप्रकरण अनिवार्यरूपमा समावेश गरेका हुन् र यसलाई शास्त्रको मान्यता दिएका हुन् । रूपसौन्दर्यको विवेचनमा दृष्टिहीनको अधिकार नभएजस्तै शास्त्रज्ञानविना गुण र दोष कसरी छुट्याउन सकिन्छ र भन्ने दण्डीको वचन छ । [१६]

भरतमुनि प्रतिपादित १० दोष, भामहप्रतिपादित २४ दोष, दण्डी प्रतिपादित १० दोष, वामन प्रतिपादित गुणको विपरीतस्वरूप भएका पद पदार्थ वाक्य वाक्यार्थअन्तर्गतका २० दोपलाई परिहार, परिष्कार र समन्वय गरेर काव्यप्रकाशकार मम्मटले पद-पदांश-वाक्य-अर्थ र रस गरी जम्मा ५ प्रकारका दोष प्रतिपादन गरे । साहित्यदर्पणकार विश्वनाथले पनि मम्मट प्रतिपादित दोष वर्गीकरणलाई सर्वथा स्वीकार गरेर दोषको विवेचना गरे । यस क्रममा उनले केवल पदमा रहने ३ दोष, पद र वाक्य दुवैमा रहने १३ दोष, पद, पदांश र वाक्य तीनवटामै रहने ५ दोषसमेत गरी दुःश्रवता आदि जम्मा १६ दोष, केवल वाक्यमा मात्र रहने प्रतिकूलवर्णता आदि २३ दोष, अपुष्टता आदि २३ अर्थदोष एवं स्वशव्दवाच्यता आदि १४ रसदोपसमेत कुल ७६ दोपको परिगणना गरेका छन् । उपर्युक्त दोषहरूको नित्यानित्यत्वको विवेचना गर्दै विश्वनाथले तिनको अपवादस्थल पनि सुन्दर ढङ्गवाट प्रतिपादन गरेका छन् । प्राचीन आचार्यहरूले मान्यता दिएका उपमामा असादृश्य र असंभव एवं उपमानको जातिगत र प्रमाणगत न्यूनता एवं अधिकता आदि दोषहरूको परिहार गर्दै सवै प्रकारका दोषहरूको स्वसम्मत पंचविध पद-पदांश-वाक्य-अर्थ र रसदोपभित्रै अन्तर्भाव हुने कुरा प्रमाणित गर्दै साहित्यदर्पणको सप्तम परिच्छेद समाप्त गरेका छन्- 'एभ्यः पृथगलङ्कारदोपाणां नैव संभवः ।'

काव्यप्रकाशकार मम्मटको शैली सूत्रात्मक र दुरुह भएको र विश्वनाथको शैली सरल र सरस भएकोले छात्रहरूवीच साहित्यदर्पण अत्यन्तै लोकप्रिय रहेको छ । साहित्यदर्पणको छैठौं परिच्छेद अभिनेयकाव्यको विवेचनापरक भएकोले यो सर्वाङ्ग सम्पूर्ण काव्यलक्षणग्रन्थ वन्न गएको छ । विज्ञेषु किमधिकम् ।

---

[१४] भामह, काव्यालंकार ५।६१ ।

[१५] अदुष्टमेव तत् कीर्त्यै स्वर्गसोपानपंक्तये ।
परिहार्यांनतो दोषाँस्तानेवादौ प्रचक्ष्महे ॥' - वाग्भटालंकार २।५

[१६] गुणदोषानशास्त्रज्ञः कथं विभजते जनः ।
किमन्धस्याधिकारोऽस्ति रूपभेदोपलब्धिषु ॥' - दण्डी, काव्यादर्श १।८

सन्दर्भग्रन्थसूची

१. **अमरसिंह,** **अमरकोश** (प्र.सं.), टीकाकार कुलचन्द्र गौतम, काठमाडौं : ने.रा.प्र.प्र., सं. २०२६ ।

२. **दण्डी,** **काव्यादर्श,** द्वि.सं., व्याख्याकार रामचन्द्र मिश्र, वाराणसी : चौखम्वा विद्याभवन, इ.सं. १९९६ ।

३. **भरत,** **नाट्यशास्त्र,** प्र.सं., अनु. गोविन्दप्रसाद भट्टराई, काठमाडौं : ने.रा.प्र.प्र., सं. २०२९ ।

४. **भामह,** **काव्यालङ्कार,** द्वि.सं., भाष्यकार देवेन्द्रनाथ शर्मा, पटना : विहार राष्ट्रभाषा परिषद, सं. २०४२ ।

५. **मम्मट,** **काव्यप्रकाश,** षष्ठ सं., व्याख्याकार विश्वेश्वर सिद्धान्तशिरोमणि, (सं.डा.नरेन्द्र एम.ए.), वाराणसी : चौखम्वा सुरभारती प्रकाशन, इ.सं. १९९५ ।

६. **वामन,** **काव्यालंकारसूत्र,** द्वि.सं., हिन्दी व्याख्या हरगोविन्द शास्त्री, वाराणसी : चौखम्वा सुरभारती प्रकाशन, इ.सं. १९९५ ।

७. **विश्वनाथ,** **साहित्यदर्पण,** प्र.सं., सम्पादक प्रो.योगेश्वरदत्त शर्मा पाराशर, दिल्ली : नाग पव्लिशर्स, इ.सं. २००० ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal